# मुलुक बाहिर उपन्यासमा परिवेश

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो
वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**

हेमन्ता सुवेदी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्व विद्यालय

कीर्तिपुर

२०६९

मुलुक बाहिर उपन्यासमा परिवेश

- हेमन्ता सुवेदी

२०६९

## शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुर स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्रा हेमन्ता सुवेदीले 'मुलुक बाहिर उपन्यासमा परिवेश' शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार गरिएको यस शोधकार्यबाट म पूर्ण रूपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९/०४/१०

.................................

**सहप्रा. रमेश प्रसाद भट्टराई**

(शोध निर्देशक)

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

**त्रिभुवन विश्व विद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविको तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको समुह २०६५/०६६ को छात्रा हेमन्ता सुवेदीले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गर्नु भएको 'मुलुक बाहिर उपन्यासमा परिवेश' शीर्षकको शोत्रपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

## मूल्याङ्कन समिति

हस्ताक्षर

१. प्रा. डा देवी प्रसाद गौतम (विभागीय प्रमुख) ..........................

२. सहप्रा. रमेश प्रसाद भट्टराई (शोध निर्देशक) ..........................

३. उप.प्रा. विष्णु ज्ञवाली (बाह्य परीक्षक) ..........................

मिति : २०६९/०४/२४

# कृतज्ञता ज्ञापन

प्रस्तुत **मुलुक बाहिर उपन्यासमा परिवेशको अध्ययन** शीर्षकको स्नातकोत्तर तह नेपाली विषयको शोधपत्र परिवेशको मान्यताका धरातलमा टेकी **मुलुक बाहिर** उपन्यासको परिवेशको अध्ययन गरिएको छ । प्रस्तुत शोध कार्य मैले आदरणीय गुरु सह प्राध्यापक रमेश प्रसाद भट्टराईको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो विविध कार्य व्यस्तता हुँदाहुँदै पनि मलाई यस शोध कार्यका क्रममा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने शोध निर्देशक गुरुप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुहरू प्रा. राजेन्द्र सुवेदी, उपप्रा. नारायण गड्तौलाप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

सर्वप्रथम प्रस्तुत शीर्षकमा शोध कार्य गर्न अनुमति दिने विभागीय प्रमुख सहित नेपाली केन्द्रीय विभाग कीर्तिपुरप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यस्तै पूर्वकार्य अन्तर्गत यस कृतिका बारेमा समीक्षा गर्ने समीक्षकहरूप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । त्यसका अतिरिक्त आवश्यक पुस्तकालयीय सामग्रीहरू उपलब्ध गराईदिने केन्द्रीय पुस्तकालय त्रि.वि. कीर्तिपुरप्रति पनि आभार व्यक्त गर्दछु । यसै गरी प्रस्तुत शोधपत्र तयार पार्नका लागि सहयोग गर्ने दाजु सन्तोष भण्डारी र साथीहरू सबिना कट्टेल, पवित्रा पन्थीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । सङ्कलित सामग्रीहरू होसियारीपूर्वक टङ्कण गरिदिने युनिभर्सल फोटो कपी एण्ड कम्प्युटर सेन्टरका दाजु सुभाष खत्रीप्रति पनि हार्दिक धन्यवाद ज्ञापन  गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि अनुरोध सहित नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्व विद्यालय कीर्तिपुर समक्ष पेश गर्दछु ।

शोधार्थी

...................

**हेमन्ता सुवेदी**

शैक्षिक सत्र : २०६५-०६६

# सङ्क्षेपीकरण शब्दसूची

| | |
|---|---|
| अप्र. | : अप्रकाशित |
| उप. प्रा. | : उपप्राध्यापक |
| चौ.सं. | : चौथो संस्करण |
| ते.सं. | : तेह्रौं संस्करण |
| दो.सं. | : दोस्रो संस्करण |
| ने.के.वि. | : नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प्र. | : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | : पृष्ठ |
| पाँ.सं. | : पाँचौ संस्करण |
| प्रा. | : प्राध्यापक |
| प्रा.डा. | : प्राध्यापक डाक्टर |
| प्रा.लि. | : प्राइभेट लिमिटेड |
| वि.सं. | : विक्रम सम्वत् |
| सम्पा. | : सम्पादक |
| सा.सं. | : सातौँ संस्करण |
| सह प्रा. | : सह प्राध्यापक |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |

# विषय सूची

## परिच्छेद एक

## शोध परिचय

१.१ विषय परिचय १
१.२ समस्याकथन २
१.३ शोधको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा २
१.५ अध्ययनको औचित्य र महत्व ४
१.६ शोधकार्यको सीमा ५
१.७ शोधविधि ५
१.७.१ सामग्री सङ्कलन र विधि ५
१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा ५
१.८ शोधको रूपरेखा ५

## परिच्छेद दुई

## 'परिवेश'को तात्पर्य र उपन्यासका अन्य तत्वसँग परिवेशको सम्बन्ध

२.१ 'परिवेश'को तात्पर्य ७
२.१.१ स्थान (देश) र समय (काल) ९
२.१.२ वातावरण ११
२.२ उपन्यासका विभिन्न तत्वहरूसँग परिवेशको सम्बन्ध १२
२.२.१ कथानक १३
२.२.२ चरित्र/पात्र १४
२.२.३ संवाद १६
२.२.४ भाषाशैली १७
२.२.५ उद्देश्य १८
२.३ निष्कर्ष १८

## परिच्छेद तिन

## लैनसिंह बाङ्देलको औपन्यासिक यात्रा र मुलुक बाहिर उपन्यास


३.१ प्रेरणा र पृष्ठभूमि २०

३.२ लैनसिंह बाङ्देलको औपन्यासिक यात्रा २१

३.४ बाङ्देलका उपन्यासका परिवेशगत प्रवृत्तिहरू २४

३.४.१ सामाजिक यथार्थवादी २४

३.४.२ प्रकृतवादी २५

३.४.३ मानवतावाद २५

३.४.४ मनोवैज्ञानिकता २६

३.४.५ अतियथार्थवाद २७

३.४.६ प्रकृति चित्रण २७

३.४.७ दुःखान्तता वा करूणामयता २८

३.४.८ निराशावादी जीवनदृष्टि २९

३.५ उपन्यास साहित्यमा लैनसिंह बाङ्देलको योगदान २९

३.६ निष्कर्ष ३०


## परिच्छेद चार

## मुलुक बाहिर उपन्यासमा परिवेश चित्रण


४.१ स्थान (देश) ३१

४.२ समय (काल) ३४

४.२.१ संस्कार र संस्कृति ३६

४.२.२ धार्मिक पक्ष ३८

४.२.३ जीवन पद्धति ३९

४.२.४ प्रकृति चित्रण ४०

४.२.५ विचार चिन्तन ४३

४.२.६ भाषा ४३

४.३ वातावरण ४५

४.३.१ राजनीतिक वातावरण ४५

४.३.२ आर्थिक वातावरण ४६

४.३.३ सामाजिक वातावरण ४८

४.४ निष्कर्ष ४९

## परिच्छेद पाँच

## उपन्यासका विभिन्न तत्वहरूसँग मुलुक बाहिर उपन्यासमा प्रस्तुत परिवेशको अन्तरसम्बन्ध


५.१ कथानक र परिवेश ५०

५.२ पात्र र परिवेश ५२

५.३ संवाद र परिवेश ५४

५.४ भाषाशैली र परिवेश ५६

५.५ उद्देश्य र परिवेश ५७


## परिच्छेद छ

## मूल्याङ्कन र शोध निष्कर्ष


६.१ मूल्याङ्कन ६०

६.२ शोध निष्कर्ष ६०

**सन्दर्भ सामग्री सूची** ६२

## परिच्छेद एक
## शोध परिचय

### १.१ विषय परिचय

दार्जिलिङको निम्न वर्गीय परिवारमा जन्मिएका लैनसिंह बाङ्देल (वि.सं. १९८० : २०५९) नेपाली साहित्य जगत्का एक विशिष्ट प्रतिभा हुन् । उनी दार्जिलिङको सरकारी हाइ स्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी कलकत्ता विश्व विद्यालयबाट स्नातक तहसम्म उत्तीर्ण गरेका व्यक्तित्व हुन् । आधुनिक चित्रकलाको समेत सिर्जना गर्ने बाङ्देल आधुनिक शैलीको चित्रकलालाई नेपाली कलाक्षेत्रमा अन्तर्भूत गर्ने प्रतिभा पनि हुन् । उपन्यास र निबन्धका स्रष्टा बाङ्देल विश्व साहित्यका उत्कृष्ट कथाका अनुवादक समेत बनेका छन् । आधुनिक चित्रकला शिल्पका सशक्त सर्जक बाङ्देल अमूर्त चित्रका नेपाली प्रथम स्रष्टा मानिन्छन् । २००४ सालमा प्रकाशित पहिलो उपन्यास **मुलुक बाहिर** पछि प्रकाशित **माइतघर** (२००५), **लङ्गडाको साथी** (२००८), **रेम्ब्रान्ट** (२०२३) समेतले सामाजिक विसङ्गतिका कोणहरूलाई प्रस्तुत गरेका छन् । बाङ्देलका उपन्यासगत प्रवृत्तिहरू सामाजिक यथार्थवादी, प्रकृतवादी, मानवतावादी, मनोवैज्ञानिकता, पाश्चात्य शैली शिल्पका प्रयोक्ता हुन् । उनका उपन्यासगत प्रवृत्तिहरूमा पहिलो समाजवादी दृष्टिकोण विकास हुन नसकेको तर यथार्थबाट वितृष्णा अनुभव भइसकेको तथ्य प्रस्तुत भएको छ । दोस्रो त्यस वितृष्णाको प्रतिफल समाजको रूपान्तरण गर्ने प्रयत्न उनका उपन्यासलेखनमा अभिव्यक्त भएका छन् ।

लैनसिंह बाङ्देलका चार वटा उपन्यासहरू मध्ये **मुलुक बाहिर** उपन्यास उपन्यास विधाकै सफल र उत्कृष्ट उपन्यास हो । यस उपन्यासका पात्रहरू पहिले देखि प्रत्येक हिउँद मुगलान आउने जाने प्रसङ्ग प्रस्तुत भए तापनि मुल रूपमा प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धको आयतन भित्र उपन्यासको कथावस्तु टाँगिएको छ । यसमा नितान्त ऐतिहासिक काल देखिन्छ । यस उपन्यासका मुल कार्यस्थलका रूपमा नेपालको अरूण खोला वरिपरि देखि दार्जिलिङ, खर्साङ, कालेङपोङ अनि सिक्किम समेतका स्थानीय परिवेश आएका छन् । यस उपन्यासको समयावधि प्रथम विश्वयुद्ध (सन् १९१४) र दोस्रो विश्वयुद्ध (सन् १९३९) बिचको करीब २५- २६ वर्षको अन्तरालभित्र देखिन आउँछ, जुनबेला नेपालमा जहानियाँ राणा शासनको जगजगीले नेपाली निम्नवर्गका जनताहरू हातमुख जोर्ने समस्या बोकी मुलुक बाहिरिन्थे । २००७ साल भन्दा अघिको राजनीतिक परिवेश भित्रको जनताहरूको

आर्थिक दुरावस्थाको चित्रण यस उपन्यासमा प्रस्तुत भएको छ । समग्र तत्वका आधारमा उपन्यासको अध्ययन विश्लेषण हुने गरेता पनि कुनै एक तत्वमा आधारित भई अध्ययन गर्ने परम्परा कम छ । यसर्थ यस शोधको शीर्षक **मुलुक बाहिर** उपन्यासमा परिवेशको अध्ययन रहेको छ ।

## १.२ समस्याकथन

लैनसिंह बाङ्देल नेपाली उपन्यास जगत्का एक विशिष्ट प्रतिभा हुन् । उनले चार वटा औपन्यासिक कृतिहरू लेखेर सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिबाट नेपाली उपन्यास जगत्लाई समृद्ध तुल्याएका छन् । उनका चार वटा उपन्यासहरू मध्ये **मुलुक बाहिर** उपन्यासको परिवेशको अध्ययन यस शोधको मुख्य समस्याकथन रहेको छ । प्रस्तुत शोध **मुलुक बाहिर** उपन्यासको परिवेशमा केन्द्रित भएको हुनाले यसका समस्याहरू यस प्रकार रहेको छ ।

(क) मुलुक बाहिर उपन्यासमा के-कस्तो परिवेश पाइन्छ ?

(ख) उपन्यासका विभिन्न तत्वहरूसँग **मुलुक बाहिर** उपन्यासमा प्रस्तुत परिवेशको के कस्तो सम्बन्ध रहेको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधको उद्देश्य यस प्रकार रहेको छ ।

(क) **मुलुक बाहिर** उपन्यासको परिवेशको विश्लेषण गर्नु ।

(ख) औपन्यासिक तत्वका दृष्टिले **मुलुक बाहिर** उपन्यासका विभिन्न पक्षसँग परिवेशको सम्बन्ध केलाउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार लैनसिंह बाङ्देल नेपाली उपन्यास परम्परामा अलग प्रवृत्ति भित्र्याउन सफल आधुनिक यथार्थवादी उपन्यासकार हुन् । उनको औपन्यासिक यात्रा वि.सं. २००४ सालदेखि नै प्रारम्भ भएको हो । उनका आजसम्म चार वटा उपन्यास प्रकाशित भएका छन् । उनलाई यथार्थवादी उपन्यासकारका रूपमा चिनाउन विभिन्न साहित्यकार समालोचकहरूले आ-आफ्ना अवधारणालाई विभिन्न पुस्तक, पत्रपत्रिकाको भूमिका आदिमा प्रकाशित गरेका छन् । विद्वान्हरूद्वारा गरिएको उक्त टीका टिप्पणी र चर्चा परिचर्चालाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

ज्ञवाली (१९४८) ले **मुलुक बाहिर** मा उल्लेख गर्दछन् - **मुलुक बाहिर** नेपाली जीवनको एउटा वास्तविक चित्र उपस्थित गर्ने चेष्टा गर्छ र यस कारणले यसमा काल्पनिक आर्दश चरित्रको अभाव छ । समीक्षक ज्ञवालीको यही संकेतले मुलुक बाहिर उपन्यासको विश्लेषणका लागि सहयोग पुऱ्याएको छ ।

सत्याल (२०१७) ले **नेपाली साहित्यको भूमिका** मा उल्लेख गर्दछन् - **मुलुक बाहिर** मा प्रवासी नेपाली समाजको यथार्थ चित्रण गरिएको छ । यो समीक्षा **मुलुक बाहिर** उपन्यासको परिवेशको विश्लेषणका लागि उपयोगी छ ।

तिमसिना र भण्डारी (२०१८) ले **हाम्रो साहित्य र साहित्यकार** मा उल्लेख गर्दछन् - मुलुक बाहिर उपन्यासमा समावृत्तिको खोजीमा विदेशिएका नेपालीहरूको साह्रै राम्रो चित्रण गरिएको छ । प्रस्तुत लेखले मुलुक बाहिर उपन्यासको परिवेशको विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

प्रधान (२०३०) ले **मधुपर्क** पत्रिकामा प्रकाशित 'बाङ्देलका उपन्यासहरू' शीर्षकको लेखमा लेख्दछन्- बाङ्देलले यथार्थवादी धाराको अनुसरण गरेर नेपाली उपन्यास जगत्लाई सामाजिक परिवेशतर्फ आकर्षित गरेका छन् ।

भट्टराई (२०३५) ले **मधुपर्क** पत्रिकामा प्रकाशित विश्लेषणात्मक सन्दर्भमा **मुलुक बाहिर** शीर्षकको लेखमा लेख्दछन् - नयाँ भोटो फेर्ने र दुई चार पैसा कमाउन मुलुकबाट बाहिरिएको नेपाली जिन्दगानीको सरल, सुमधुर तथा आकर्षक जीवन चीत्र प्रस्तुत गर्दै प्रस्तुत उपन्यासमा व्यक्त सामाजिक परिवेशलाई उपन्यासकारले उद्घाटित गरिदिएका छन् ।

शर्मा (२०३९) ले **नेपाली साहित्यको इतिहास** मा उल्लेख गर्दछन् - बाङ्देलको मुलुक बाहिर उपन्यासमा आफ्नो जन्मथलो छोडेर काम र मामको खोजीमा विदेशिन बाध्य भएका नेपाली जनताको साह्रै राम्रो सामाजिक परिवेश र हृदयस्पर्शी चित्र प्रंस्तुत गरिएको छ र यथार्थवादको पक्षपाती भएको छ भनी उल्लेख गरिएको छ ।

दाहाल (२०४०) ले **रूपरेखा** पत्रिकामा प्रकाशित बाङ्देलका औपन्यासिक प्रवृत्तिहरूको पराकाष्ठा : लङ्गडाको साथी' शीर्षकको लेखमा लेख्दछन् - **रेम्ब्रान्ट** बाहेक बाङ्देलका अन्य तिन वटै उपन्यासहरूमा दार्जिलिङ भेगका निम्न र निम्न मध्यमवर्गीय नेपालीहरूको सिङ्गो चित्र देखिन्छ । यस समीक्षाले मुलुक बाहिर उपन्यासको चित्रण गरेको छ ।

आचार्य (२०५८) ले लैनसिंह बाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन नाम पुस्तकमा नेपालीहरूको प्रवासिने प्रवृत्ति र प्रवासमा भोग्नुपरेका कटु सत्यहरूलाई दार्जिलिङ्को सेरोफेरो र स्थानीय बोलचालको भाषा राम्ररी समेट्दै मुलुक बाहिर उपन्यासमा नेपाली उल्लेख गरेकी छन् ।

सुवेदी (२०६४) मा **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** मा उल्लेख गर्दछन् - मुलुक बाहिर पुगेका नेपालीहरू परिस्थिति अनुसार उतैतिर डेरा र घरजम गर्न सक्दछन् भन्नु उपन्यासको यथार्थ हो तर स्वदेश खाइ जीविकाका बाटाहरू साहुहरूको जिम्मामा सित्तै छाडिदिएर यसको कारण नखोजी विदेशतिर पलायन हुनु चाहिँ आदर्श हो भन्दछन् । समीक्षक सुवेदीको यस निर्क्यौल तथ्यपूर्ण र प्रभावपूर्ण देखिन्छ ।

यस प्रकार माथि उल्लेख गरिएका सामान्य प्रयासहरू भए पनि मुलुक बाहिर उपन्यासको परिवेशमा मात्र केन्द्रित भई अध्ययन विश्लेषण भएको छैन । यही अभाव पूर्ति गर्ने उद्देश्यले यस शोध **मुलुक बाहिर** उपन्यासको परिवेशको अध्ययन र सूक्ष्म विश्लेषण गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्व

उपन्यास लैनसिंह बाङ्देलको सिङ्गो उपन्यासकार व्यक्तित्वलाई सम्झदा उनको उपन्यासकार व्यक्तित्वले प्राप्त उपन्यासकारिता र सिर्जनात्मक प्राप्ति आज अध्ययनको एउटा महत्वपूर्ण विषय नै बन्न पुगेको छ । वि.सं. २००४ सालमा प्रकाशित **मुलुक बाहिर** उपन्यासमा वि.सं. २००७ अघिको राजनीतिक परिवेश भित्रका जनताहरूको आर्थिक दुरावस्थाको चित्रण गरिएको छ । यस उपन्यासको सम्बन्धमा जे जति अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको भए पनि परिवेशमा मात्र केन्द्रित भई विश्लेषण गरिएको पाइँदैन । त्यसैले मुलुक बाहिर उपन्यासको परिवेशको विश्लेषण गर्नु यस अध्ययनको औचित्य रहनेछ । यसैगरी कुनै पनि कृतिको परिवेशको खोजी गर्नु यस शोधकार्यको औचित्य हो ।

## १.६ शोधकार्यको सीमा

प्रस्तुत शोध उपन्यासकार लैनसिंह बाङ्देलको **मुलुक बाहिर** उपन्यासको परिवेश विश्लेषणसँग सम्बन्धित भएकोले उपन्यासको परिवेशको मात्र अध्ययन गरिएको छ । यसका साथै उपन्यासका तत्वहरूसँग परिवेशको सम्बन्धको विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य सीमा रहेको छ ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन र विधि

यस शोधको लेखनमा मूलत : पुस्तकालयीय अध्ययन विधिको अवलम्वन गरिएको छ । यसका अतिरिक्त रचना र सल्लाह सुझाव आदिलाई सहायक सामग्रीका रूपमा लिइएको छ । सम्बन्धित विषयक्षेत्रका विद्वान् प्राध्यापक विषय विशेषज्ञ एंव समीक्षकहरूबाट मौखिक जानकारी पनि लिइएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रंस्तुत शोधको विषय **मुलुक बाहिर** उपन्यासको परिवेशको अध्ययन रहेकाले त्यस सम्बन्धी सामग्रीको अध्ययन गर्दा मुख्यतः परिवेश सम्बन्धी आधारभूत मान्यतालाई प्रमुख रूपमा लिइनेछ । परिवेशको अध्ययन **मुलुक बाहिर** उपन्यासको परिवेश तथा उपन्यासका तत्वसँग परिवेशको सम्बन्धका आधारमा विश्लेषण गर्दा त्यस सम्बन्धी सैद्धान्तिक आधारको उपयोग गरिएको छ । यसका साथै परिवेशको अध्ययनका निम्ति वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अवलम्वन गरिएको छ ।

## १.८ शोधको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा यस प्रकार छ :

| | | |
|---|---|---|
| १.१ परिच्छेद एक | : | शोध परिचय |
| १.२ परिच्छेद दुई | : | 'परिवेश'को तात्पर्य र उपन्यासका अन्य तत्वसँग परिवेशको सम्बन्ध |

| | | |
|---|---|---|
| १.३ परिच्छेद तिन | : | लैनसिंह बाङ्देलको औपन्यासिक यात्रा र मुलुक बाहिर उपन्यास |
| १.४ परिच्छेद चार | : | **मुलुक बाहिर** उपन्यासमा परिवेश चित्रण |
| १.५ परिच्छेद पाँच | : | उपन्यासका विभिन्न तत्वहरूसँग **मुलुक बाहिर** उपन्यासमा प्रस्तुत परिवेशको अन्तर्सम्बन्ध |
| १.६ परिच्छेद छ | : | मूल्याङ्कन र निष्कर्ष |

# परिच्छेद दुई

# 'परिवेश'को तात्पर्य र उपन्यासका अन्य तत्वसँग परिवेशको सम्बन्ध

## २.१ 'परिवेश'को तात्पर्य

उपन्यास निर्माण वा संरचना प्रक्रियामा विभिन्न तत्वहरूको आवश्यकता पर्दछ । संरचना तत्वहरूको विन्यासले उपन्यासको मूर्त रूप तयार हुन्छ । उपन्यासका तत्वहरू बारेमा विद्वान्हरू बिच मतैक्य नभए पनि अनिवार्य तत्वहरूलाई सबैले स्वीकार गरेका छन् । ती कथानक, चरित्र, दृष्टिविन्दु, परिवेश, संवाद अथवा कथोपकथन, भाषाशैली र उद्देश्य हुन् । यिनै तत्वहरूका माध्यमबाट उपन्यासले रूप धारण गरी जीवनको कुनै पूर्ण चित्र उपस्थित गर्दछ । यसमा कथानक र पात्रहरू अनिवार्य हुन्छन् भने भाषा र संवाद अभिव्यक्तिका माध्यमका रूपमा आएका हन्छन् । पात्रहरूको अन्तर्क्रिया र घटनाका लागि परिवेश आवश्यक पर्छ (बराल र एटम, २०६४ : २६४) । उपन्यास लेखनको निश्चित उद्देश्य हुन्छ र त्यो उद्देश्य पूर्तिका लागि उसले दृष्टिविन्दुको चयन गर्दछ । यसरी विभिन्न तत्वहरूको संयोजनबाट एउटा उपन्यासको निर्माण पुरा हुन्छ ।

उपन्यास निर्माण वा संरचना प्रक्रियामा चाहिने विभिन्न तत्वहरू मध्ये परिवेश एक महत्वपूर्ण तत्व हो । यसको प्रयोग घटना र पात्रको आधारका रूपमा गरिने हुँदा आख्यानमा यसको निकै महत्व छ । परिवेश मूलतः तत्सम शब्द हो । हाम्रो वरिपरिको सेरोफेरोलाई नै परिवेश भनिन्छ । वेश शब्दमा परि उपर्सग लागि परिवेश शब्द बन्दछ । वेश शब्दले मानिसको पहिरन, पोसाक वा भेष भन्ने अर्थ बुझाउँछ भने परिवेश शब्दले खास कार्य वा घटना हुने क्षेत्र त्यस आसपासको क्षेत्र भन्ने  बुझिन्छ (अधिकारी, २०६३ : ५९४) । यसलाई देशकाल वा वातावरण भनेर पनि बुझिन्छ । देश शब्दको अर्थ स्थल, थलो वा ठाँउ हो र काल शब्दको अर्थ समय, युग वा बेला हो भने वातावरण भनेको परिस्थिति हो । यसलाई अङ्ग्रेजीमा सेटिङ् भनिन्छ । सेटिङ् अन्तर्गत नै वातावरण, पृष्ठभूमि, पीठिका, देशकाल आदि पर्दछन् (बराल, २०५५ : ३२५) साहित्यका सन्दर्भमा विभिन्न विद्वान्हरूले दिएका परिभाषा मार्फत् परिवेशको अर्थ र विशेषता पहिल्याउन सकिन्छ ।

देशकालको अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । यसमा जीवनका कथा रीतिरिवाज, रहन सहन, व्यवहार, प्राकृतिक पूर्वाधार र परिवेशजस्ता विषय पर्दछन् (बराल र एटम, २०६४ : ३६) ।

परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो (बराल, २०६३ : २५) । कुनै पनि काम हुनको लागि उपयुक्त मानिएको स्थल वा कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४ : २५) । वर्णित वस्तु वा चरित्र देशकालको वातावरणमा आबद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ  विश्वसनीयता दिन्छ (प्रधान, २०६१ : १०) । देशकाल भनेको आख्यानमा वर्णित ठाँउ, समय र परिस्थिति वा अवस्था हो । समग्रतः यो भौतिक वातावरण र सामाजिक वातावरण दुवै नै हो (बराल, २०५५ : ३२६) । कुनै पनि कथाले लिएको समय, अवस्था र ठाउँ नै परिवेश हो (Elements of story) ।

कथामा चरित्रले गर्ने र घटनाहरू घटित हुने वस्तु जगत्लाई परिवेश भनिन्छ (शर्मा २०५५ : ४३९) ।

कुनै पनि कथानक अथवा नाटकीय कार्यमा परिवेश भन्नाले साधारण वातावरण, ऐतिहासिक समय, सामाजिक घटना क्रमहरू बुझिन्छ जसमा कार्यहरू सम्पन्न हुन्छन् (अब्राहम्स, २००१ : २८४) ।

वस्तुको भविता र समय, स्थिति एवम् घटनाको विघटनका निम्ति चाहिने भाँडो हो परिवेश वा पर्यावरण परिवेशले प्रासङ्गिक वस्तु वा घटनालाई घेरेर बस्ने प्रत्येक तत्वलाई समेट्दछ, मूर्त वा अमूर्त सबैलाई (नेपाल, १९८७ : ५४) ।

यसरी हेर्दा परिवेश भनेको देशकाल र वातावरण हो । देशकालले उपन्यासमा हुने कार्यव्यापार, समय र स्थानलाई बुझाउँछ । उपन्यासमा घट्ने घटनाहरूका आधारका रूपमा रहने स्थानलाई देश र समयलाई काल भनिन्छ भने त्यस्ता घटनाहरूमा संलग्न चरित्र वा पात्रहरूले दर्शाउने विभिन्न मानसिक अवस्थाहरूको समग्र चित्रलाई वातावरण, परिस्थिति वा भावपरिमण्डल भनिन्छ । त्यसैले परिवेश अन्तर्गत भौतिक देश र कालमात्र होइन सामाजिक वातावरण र त्यसमा रहने जीवनका आन्तरिक अवस्था जस्तै जीवनका कथा रहन सहन, रीतिरिवाज, सांस्कृतिक पक्ष, धार्मिक पक्ष, पनि हुन्छन् । परिवेश पात्र वा चरित्रका कार्यव्यापार सञ्चालन हुने आधारभूमि हो । यो बाह्य स्थल वा भूगोल पनि हो र आन्तरिक स्थल वा मानसिक जगत् पनि हो । परिवेश कथानकसँगै जन्मिन्छ र कथानकसँगै त्यसको आन्द्रा जोडिएको हुन्छ (बराल, २०६३ : ५४) ।

कथानकमा चरित्रका कार्य व्यापारहरू वा घटना घट्ने प्राकृतिक स्थिति, समयक्रम र चरित्रले बहन गर्ने सामाजिक भावभूमि रीतिरिवाज, रहन सहन, व्यवहार, संस्कार आदिलाई यसले समेट्को हुन्छ । यसले उपन्यासको यात्रालाई गतिमान् बनाउँछ र कथानकलाई विश्वसनीयता प्रदान् गर्दछ । उपन्यासलाई प्रभावशाली बनाउन परिवेशको भूमिका रहन्छ । पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले महत्वपूर्ण जिम्मेवारी बहन गर्दछ (सुवेदी, २०६४ : २५) । त्यसैले यो उपन्यासको अपरिहार्य अङ्ग हो । यस अर्न्तगत देशकाल र वातावरण पर्दछन् ।

### २.१.१ स्थान (देश) र समय (काल)

सामान्यतया उपन्यासमा घट्ने स्थान र समयलाई देशकाल भनिन्छ । यो कहाँ र कहिले भन्ने प्रश्नको उत्तरको रूपमा आउँछ । व्यापक अर्थमा यसले चरित्रलाई गतिवान् बनाउने नैतिक, बौद्धिक तथा सामाजिक सन्दर्भलाई पनि बुझाउँछ (बराल र एटम, २०६४ : २८०) । कथावस्तुको आधार कुनै देशको घटना हुन्छ र यो घटना त्रिकाल बाधित हुन्छ । देशको अर्थ पृथ्वीको स्थानको कुनै भू-भाग हो जहाँ उपन्यासको घटनाको काल्पनिक रङ्गस्थल हुन्छ । समयको परिवर्तनसँगै त्यस स्थानको विविध कुराहरूमा पनि परिवर्तन हुन्छ ।

उपन्यासमा कुनै समयको कथा प्रस्तुत गरिएको हुन्छ । त्यो कुनै स्थानसँग सम्बन्धित हुन्छ । तर देशकाल अन्तर्गत केवल स्थान र समयमात्र नभई रीतिरिवाज, रहन सहन, भेषभूषा, शिष्टाचार, आचारव्यवहार, विचार चिन्तन, भाषाशैली तथा प्राकृतिक पृष्ठभूमि आदि सबै कुराहरू आउँछन् यिनले कथामा स्वाभाविक वातावरण प्रदान गर्दछन् (बर्मा, २०२० : ३६३) हड्सनले देशकाललाई भौतिक वा स्थूल र सामाजिक वा सूक्ष्म भनी दुई भागमा विभाजन गरेका छन् (हड्सन, १९९१ : १५८) । भौतिक वा स्थूल देशकाल भनेको चरित्रले कार्य गरेको स्थल (भूगोल), सम्बद्ध प्राकृतिक स्थिति एवम् समयवृत्त हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहन सहन, आदिको समष्टि हो ।

उपन्यासलाई प्रभावशाली बनाउन तथा कथानकलाई विश्वसनीयता प्रदान गर्नको लागि देशकालको महत्वपूर्ण भूमिका रहन्छ । उपन्यासमा जुन स्थान र समयको कथा प्रस्तुत गर्ने हो त्यसको अध्ययन गर्नु जरूरी हुन्छ किन भने त्यसको अभावमा चरित्रको क्रियाकलाप प्रस्तुत गर्न तथा उनीहरूले बोल्ने भाषिक शैली अभिव्यक्त गर्न गाह्रो पर्दछ । देशकालले

भावकमा एउटा भावमण्डल पनि सिर्जना गर्ने हुनाले प्रयोगमा सचेतना हुनु अपरिहार्य ठहर्छ (बराल र एटम, २०६४ : २८०) । यसको आधारमा देशकाललाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

-आधुनिक समयका दृश्य र पात्र भएको देशकाल

-ऐतिहासिक समयका दृश्य र पात्र भएको देशकाल

आधुनिक समयका दृश्य र पात्र भएको देशकालको चित्रण गर्दा कुनै देशकाल लेखकलाई व्यक्तिगत अनुभव भएका हुन्छन् भने कुनै व्यक्तिगत अनुभव नभएको र आफुले भनेको र सुनेको र पढेको आधारमा पनि प्रस्तुत गरिएको हुन्छ । सुनेको र पढेको आधारमा गरिएको देशकाल चित्रण भन्दा व्यक्तिगत अनुभव भएको देशकालको चित्रण प्रभावकारी र विश्वसनीय हुन्छ । देशकालको चित्रण गर्दा कुनै पनि दृश्यको प्रस्तुतिकरणमा सजीव चित्रण हुनु पर्छ, कुनै व्यक्तिको बयान गर्दा त्यसको बाह्य र आन्तरिक दुवै पक्षको वर्णन गनुपर्दछ । घटनाको छनोट होसियारीपूर्वक गर्नुपर्छ ता कि लेखकले आफ्नो र पात्रको र पाठकको मानसिकतालाई ध्यान दिनुपर्छ । भाषिक अवस्थाले पनि स्थान र समय लाई प्रभाव पार्ने हुनाले त्यसमा ध्यान दिनुपर्छ कृतिमा देशकाल नै घटना र पात्रहरू क्रियाशील हुने आधार भएकाले यसमा आधारित भएर मात्रै पात्र र घटना स्वाभाविक र जीवन्त बन्दछन् । त्यसैले कथा उपन्यासजस्ता आख्यानात्मक रचनामा यसको विधान जीवनका अनुरूप र अनुकूल हुनुपर्दछ र यसको चित्रण सूक्ष्म, स्वाभाविक र पत्यारिलो ढङ्गमा हुनु आवश्यक छ । देशकाल सामाजिक, राजनीतिक, ऐतिहासिक, जासूसी, तिलस्मी आदि विभिन्न प्रकारको हुन्छ (बराल, २०५५ : ३२६) ।

देशकालको आयोजना सामान्य रूपले जुनसुकै उपन्यासमा पनि भएकै हुन्छ । यदि देशकालको प्रस्तुत विशेष प्रकारले गरिन्छ भने त्यसलाई स्थानीय रङ् भनिन्छ । कृतिमा कुनै गाँउ, सहर वा स्थान विशेषको बोलीचाली, लवाइखुवाइ, चालचलन, रीतिस्थिति आदि बाह्य तत्वहरूको चित्रण श्रृङ्गार वा अलङ्कारका रूपमा गरिन्छ भने त्यो स्थानीय रङ् हुन्छ । स्थानीय रङ्लाई नै केन्द्रीय विषयवस्तु बनाइयो भने त्यो आञ्चलिक उपन्यास हुन्छ । आञ्चलिकता भनेको कुनै खास अञ्चल वा भू-भागको सामाजिक, आर्थिक, सांस्कृतिक आदि जीवन र परम्पराको चित्रण कृतिको अनिवार्य आधारभूत र आन्तरिक तत्वका रूपमा गर्नु हो । त्यसैले स्थानीय रङ् र आञ्चलिकताको सम्बन्ध हुँदाहुँदै पनि पर्याप्त भिन्नता पाइन्छ ।

यसरी देशकालले उपन्यासका मूल कथ्य बनेर आउने अनिवार्य तत्व वा सूक्ष्म, गम्भीर वा विशिष्ट तत्वहरूको रूप लिएमा आञ्चलिक उपन्यासको सृष्टि हुन्छ ।

## २.१.२ वातावरण

परिवेश भित्र पर्ने अर्को महत्वपूर्ण तत्व परिस्थिति वा वातावरण हो । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दु:ख सुख, घृणा, क्रोध, आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो (बराल र एटम्, २०५८ : ३७) । उपन्यासमा भावको प्रस्तुति गर्दा सुखद वा दु:खद परिस्थितिको व्याप्ति रहेको हुन्छ  र यसले पाठकका मनमा घटनाक्रममा सुखद वा दु:खद मोड लिन्छ भन्ने प्रत्याशा जगाइदिन्छ । यसरी उपन्यासको सुरूदेखि नै पाठकका मनमा उत्पन्न गरिने सुखद वा दु:खद भावको जुन पूर्वानुमान हो त्यसैलाई वातावरण भन्ने गरिन्छ । उपन्यासमा मानव समाजको एउटा खण्ड विशेषको एउटा सम्पूर्ण चित्र हुन्छ । त्यस सम्पूर्ण चित्रमा मानिसको सुख, दु:ख इच्छा, आकाङ्क्षा, उद्वेग, अन्तर्वेग आदि प्रतिविम्बित हुन्छ । उपन्यासमा त्यही प्रतिबिम्बको एउटा सम्पूर्ण विम्ब हुन्छ । त्यो विम्बचाहिँ मानिस र परम्पराले भोगेको समाज हो । यसरी मानव र समाज अभिन्न रूपमा रहन्छन् । मानव र समाजको अभिन्नताबाट नै वातावरणको जन्म हुन्छ (थापा, २०३६ : १४३) । यसको निर्माण देशकालमा घट्ने घटना, दृष्य वा चरित्रको कार्यबाट हुन्छ । वातावरण देशकालभन्दा सुक्ष्म हुने हुँदा यसको सोझो सम्बन्ध पात्रहरूको भावनाको क्रियाकलापसँग रहन्छ । मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा वातावरणलाई भाव पनि भनिन्छ (बराल र एटम् २०६४ : ३६) । वातावरणको निर्माणमा प्रकृतिको आफ्नो भूमिका हुन्छ । प्रकृतिले पनि मानिसको अन्तर्भावनामा ठुलो प्रभाव पारेको हुन्छ । मानिसको सुख, दु:ख, आशा निराशा, घात प्रतिघात आदिको प्रतिबिम्बको रूपमा पनि प्रकृतिको चित्रण र विश्लेषण भएको हुन्छ ।

उपन्यासको घटना वा पात्रको कार्यले पाठकलाई कल्पनाको असीम उडानमा डुलाइ दिन पनि सक्छ जसले गर्दा उसका मनमा विषाद, आसक्ति, क्षोभ, हर्षजस्ता गुण अवगुणहरूको मूल फुट्दछन् अर्थात स्थायी भावको उद्धीपन हुन्छ र तिनको समष्टिमा वातावरणको निर्धारण हुन्छ । (बराल र एटम, २०६४ : ३७) । वातावरणको सफल प्रयोगले उपन्यासलाई जीवन्त र सशक्त मात्र बनाउने होइन, त्यसमा सहजता, स्वाभाविकता र

यथार्थता समेत अभिवृद्धि गर्दछ । स्थान विशेषले मानिसको बोलीचाली, रहन सहन, र संस्कार  संस्कृतिमा प्रभाव पारेको हुन्छ । सोहीअनुसार मान्छेले भोग्नुपरेको परिस्थिति र जीवनपद्धतिको यथार्थ बिम्ब वातावरणले प्रदान गर्छ । त्यस्तै प्रकारले मान्छेको सोचाइ, चाहना र आवश्यकताहरू युगअनुसार बदलिँदै जान्छन् । त्यसले मान्छेको जीवन शैलीलाई प्रभावित गरेको हुन्छ । त्यतिमात्र नभएर कुनै एउटा स्थान विशेषमा एउटा कालखण्डमा कुन मान्छे कस्तो परिस्थिति र परिवेशमा गुज्रिरहेको छ भन्ने कुरा देश , काल र वातावरणको सफल प्रस्तुतिले प्रस्तुत गर्ने हुनाले उपन्यासमा वातावरणको महत्वपूर्ण भूमिका रहेको हुन्छ (घर्ती, २०५३ : ५२) । वातावरणको प्रयोग ऐतिहासिक उपन्यासहरूमा महत्वपूर्ण हुन्छ । ऐतिहासिक उपन्यासमा कुनै विशिष्ट स्थान र समयको चित्रण गनुपर्ने हुन्छ । सोही अनुसारको बोलीचाली रीतिरिवाज, सामाजिक बनोट आचारविचार र रहनसहनको चित्रण गनुपर्ने हुन्छ । वातावरणको चित्रणले पात्रहरूको चित्रमा छाया पारेको हुनुपर्छ । त्यसकारण वातावरणको चित्रण गर्दा अनावश्यक रूपमा गरिनु हुँदैन । उचित मात्रामा विश्वसनीयता र रोचकता ल्याउन प्रयोग गर्नु पर्दछ ।

वातावरणको आन्तरिक पक्ष र बाह्य पक्ष हुन्छन् । सामाजिक र प्राकृतिक पक्ष वातावरणको बाह्य पक्ष हो । यही बाह्य पक्षलाई वातावरणको भौतिक पक्षको रूपमा लिइन्छ । वातावरणको आन्तरिक पक्षचाहिँ उपन्यासमा प्रस्तुत गरिएको मानसिकता हो । बाह्य पक्षमा व्यक्ति र प्रकृतिको बाह्य सौन्दर्य हुन्छ । आन्तरिक पक्ष उपन्यासको आत्मिक सौन्दर्य हो । यसैले आन्तरिक पक्षमा पात्रको मानसिकताको सुन्दरता र हार्दिकता अभिव्यक्त हुन्छ ।

## २.२ उपन्यासका विभिन्न तत्वहरूसँग परिवेशको सम्बन्ध

साहित्यका विभिन्न विधामध्ये आख्यानविधा अन्तर्गत पर्ने एउटा महत्वपूर्ण विधा उपन्यास हो । साहित्यिक विधाहरूका आफ्नै पहिचान र वैशिष्ट्यहरू हुन्छन् । ती वैशिष्ट्यहरूले उक्त विधालाई चिनाउने कार्य गर्दछन् र एक अर्को विधालाई पृथक पार्ने कार्य गर्दछन् । उपन्यासको विधागत चिनारीलाई निजत्व दिने प्रमुख वैशिष्ट्य यसका उपकरणहरूको संरचनागत व्यवस्थापनको पक्ष पनि हो । त्यसैले संरचनाको अर्थ कुनै वस्तुका आन्तरिक वा बाह्य उपकरणहरूको अनुशासित र व्यवस्थित व्यवस्थापन हो । उपन्यासको संरचनाका सन्दर्भमा पनि यही कुरा लागू हुन आउँछ (बराल, २०६३ : २०) ।

उपन्यासको संरचना प्रक्रियामा विभिन्न तत्वहरूको समायोजनको आवश्यकता पर्छ, जसबाट उपन्यासले मूर्त रूप प्राप्त गर्दछ । उपन्यास निर्माणमा केही तत्व अनिवार्य मानिन्छन् भने उपन्यासमा के कति तत्व हुन्छन् भन्ने सम्बन्धमा विद्वान्हरू बिच मतैक्य पाइँदैन् ।

उपन्यास चिन्तक र समीक्षकहरूले आ-आफ्नै तरिकाले उपन्यासका तत्वहरूको निरूपण गरेका छन् । इ.एम. फोस्टरले उपन्यासका तत्वहरूमा कथावस्तु, चरित्र, कथानक कल्पना, सन्देश, रूप तथा लयको चर्चा गरेको छन् (फोस्टर, १९८८ : ५१) । कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण । उद्देश्यलाई उपन्यासका आधारभुत तत्वहरू मानेका छन् (प्रधान, २०६१ : ७) । राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र उद्देश्यलाई उपन्यासका प्रमुख तत्वका रूपमा चर्चा गरेको छन् (सुवेदी, २०६४ : १७) । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लयलाई उपन्यासका तत्वका रूपमा लिएका छन् (बराल र एटम, २०६४ : १९१) । प्रतापचन्द्र प्रधानले कथानक वा कथावस्तु, पात्र वा चरित्र, औपन्यसिक संवाद, औपन्यासिक भाषाशैली र उद्देश्यलाई उपन्यासका तत्वका रूपमा लिएका छन् (प्रधान, २०४०:४५) ।

यसरी उपन्यासका तत्वहरू बारेमा विद्वान्हरू बिच मतैक्य पाँइदैन तापनि सबै विद्वान्हरूका दृष्टिकोणलाई आधार मानेर उपन्यासका प्रमुख तत्वहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.२.१ कथानक

कथानक उपन्यासको प्रमुख वा आधारभूत तत्व हो । यसलाई अङग्रेजीमा उक्ति भनिन्छ । उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा कथानक हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०५८ : २२) । अर्को शब्दमा भन्ने हो भने घटनाहरूलाई एक अर्कोसित सम्बन्ध जोर्ने र सुसङ्गठितता प्रदान गर्ने काम कथानकले गर्दछ । यसलाई कार्यकारणहरूको तारतम्यपूर्ण सूत्रबद्ध स्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको जम्मा जम्मीमा उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०६१ : ७) । उपन्यासको मूल ढाँचा निर्माण गर्ने यो प्राथमिक तत्व हो । यसभित्र चरित्र, विचार र बुद्धि, कल्पनाजस्ता कुराहरू समाविष्ट

हुन्छन् (बराल र एटम, २०५८ : २२) । यसले के को बारेमा कथा छ भन्ने बुझाउँछ । कथानकमा कार्यकारणको क्रमिक गतिले समस्या -समाधान -समस्या गर्दै अन्तिम र पूर्ण समाधानको बिन्दुसम्म पुग्ने अवसर पाएको हुन्छ । त्यसैले कथानकको प्रारम्भ कुनै जटिल समस्याको मुलबाट हुन्छ र अन्त्य त्यसले पूर्ण समाधानको स्थिति प्राप्त गरेपछि हुन्छ । अर्थात पाठकका मनमा कुनै जिज्ञासा कुनै कुतूहलता सिर्जना गर्ने पहिलो घटनाबाट कथानकको सुरूवात् हुन्छ भने त्यस कुतूहलताले पूर्ण सन्तुष्टिको अवस्था प्राप्त गर्ने घटनालाई देखाएर कथानकको अन्त्य हुन्छ । त्यसैले कथानक उपन्यास रचनाको लागि अनिवार्य अङ्ग मानिन्छ ।

कथानक उपन्यासको आदिदेखि अन्तसम्म रहेको हुन्छ । उपन्यासमा रहने आदिदेखि अन्तसम्मका घटनावली हरूको संयोजन नै कथानकको ढाँचा हो । कथानकलाई दुई ढाँचामा उपन्यासमा रैखिक र वृत्ताकारीय गरी दुई ढाँचामा प्रस्तुत गर्न सकिन्छ । सरल रेखाको सोझो ढङ्गले बढ्ने कथानक रैखिक र भुमरीको चक्र झैं वृत्त आकारमा घुम्ने वृत्ताकारीय हुन्छ ।

कथानक विभिन्न प्रकारका हुन्छन् । कथानकको वर्गीकरण विभिन्न आधारमा गर्न सकिन्छ । परिवेशले उपन्यासमा कार्यव्यापार हुने समय, स्थान र वातावरणलाई बुझाउँछ । परिवेशले उपन्यासको यात्रालाई गति दिने कार्य गर्नाका साथै कथानकलाई विश्वसनीयता प्रदान गर्दछ । यदि कथानक देशकाल अनुरूप भयो भने मात्र वास्तविक र पत्यारिलो हुन्छ । उपन्यासमा जुन समय, स्थान र वातावरणसँग सम्बद्ध रहेको छ परिवेश पनि त्यही अनुकूल चित्रण गर्नुपर्छ । जङ्गबहादुरको पालाको कुरा लेख्दा आजको परिवेशलाई समेटिएमा त्यो उपन्यास निरर्थक अस्वाभाविक र अविश्वसनीय हुन्छ । कुनै पनि कृतिमा देशकाल र वातावरण नै कथानकलाई गति दिने र पात्रहरूलाई गतिशील गराउने आधार भएको हुनाले यसमा भएर मात्रै घटना स्वाभाविक र जीवन्त बन्दछ । त्यसैले आख्यानात्मक रचनामा परिवेश विधान जीवनका अनुरूप र अनुकूल हुनुपर्छ तब मात्र कथानक पत्यारिलो र स्वभाविक बन्दछ ।

### २.२.२ चरित्र/पात्र

उपन्यासको आवश्यक तत्वका रूपमा चरित्र पनि पर्दछ । कथानकमा को छ भन्नु नै चरित्र हो । यो उपन्यासमा कर्ताको रूपमा आएको हुन्छ । चरित्रको प्रयोगले कथानक वा

घटनाहरूको विकास हन्छ । कथानकको गतिलाई बढाउने मुख्य तत्व नै चरित्र हुन्छ । त्यसैले चरित्र उपन्यासको अपरिहार्य अङ्ग हो र यसले कथानकसित अभिन्न रही उपन्यासको संरचनामा सबभन्दा प्रभावशाली तत्वका रूपमा भूमिका खेलेको हुन्छ । उपन्यासमा पात्रहरू पुरुष, स्त्री, मानवेतर र अतिमानवेतर पनि रहने गर्दछन् । चरित्रहरू उपन्यासको सारतत्व तथा विचारलाई संवहन गर्ने माध्यम हुन् । उपन्यासकारले आफ्नो उपन्यासमा के भन्न खोजेको छ, उसको जीवनदृष्टि कस्तो छ भन्ने कुरा चारित्रको प्रस्तुति र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट थाहा पाउन सकिन्छ । पात्रहरूको  संवाद कार्य र गतिमा कथावस्तुको विस्तार हुनुका साथै विचार र उद्देश्यको पनि विस्तार भइरहेको हुन्छ । वास्तवमा पात्रहरू विचार सम्प्रेषणको माध्यम पनि हुन् र चरित्रिकरण कथाकारको कथाकारिताको चिनारी हो । पात्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा एक अर्काका सापेक्षतामा उनीहरूले आफ्नै विशेषताहरू लिएर आएका हुन्छन् । मोहनराज शर्माकाअनुसार पात्रहरूको वर्गीकरण वा चरित्र चित्रणका आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता हुन् (शर्मा, २०५५ : १२४-१२५) ।

**लिङ्गका आधारमा**-प्राकृतिक रूपमा पात्रको जात छुट्याउने लिङ्गका आधारमा पात्रलाई पुलिङ्गी र स्त्रीलिङ्गी गरी वर्गीकरण गरिन्छ ।

**कार्यका आधारमा**-उपन्यासमा पात्र वा चरित्रको कार्यको घटीवटीका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण वर्गका हुन्छन् ।

**प्रवृत्तिका आधारमा**-यस आधारमा पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी छुट्याइन्छ । अनुकूल पात्रले उपन्यासमा सकारात्मक भूमिका निर्वाह गरेको हुन्छ भने प्रतिकूल पात्रले नकारात्मक भूमिका निर्वाह गरेको हुन्छ ।

**स्वभावका आधारमा**-स्वभावका आधारमा पात्रलाई गतिशील र गतिहीन गरी दुई भागमा वर्गीकरण गरिन्छ । उपन्यासमा कथानक र परिस्थितिअनुसार बदलिने पात्र गतिशील तथा समय र परिस्थितिले बदलिए पनि विचलन नहुने पात्र गतिहीन हुन् ।

**जीवनचेतनाका आधारमा**-जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत गरी विभाजन गर्न सकिन्छ । वर्गीय पात्रले कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्दछ भने व्यक्तिगत पात्रले आफ्नै निजी स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ ।

**आसन्नताको आधारमा**-यस आधारमा पात्रलाई मञ्चीय र नेपथ्यीय गरी वर्गीकरण गर्न सकिन्छ । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय र कथयिताले अन्य पात्रले नामोच्चारण मात्र गर्ने पात्र नेपथ्यीय पात्र हुन् ।

**आबद्धताको आधारमा**-यसमा बद्ध र मुक्त गरी दुई भेद छन् । बद्ध पात्रको कथानकसँग सम्बन्ध गाँसिएको हुन्छ जसलाई झिक्दा कथानकको संरचना भत्किन्छ भने मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकलाई खासै हलचल उत्पन्न हुँदैन् ।

पात्रहरूको कार्यव्यापार प्रकट हुने स्थान, समय र वातावरण नै परिवेश हो । पात्रको व्यक्तित्व, रहन सहन परिवेश अनुकूल हुनुपर्दछ । देशकाल र वातावरण अनुकूल चरित्रको चित्रण भएन भने कृति अस्वाभाविक बन्दछ । जुन देश, काल र वातावरणको कथानक छ पात्रको आचरण पनि सोही अनुसार भयो भने पात्रमा सजीवता आउँछ । प्राचीन आख्यान साहित्यमा पात्र देशकाल निरपेक्ष रहन्थे ती कृतिहरू पढ्दा स्वाभाविक र यथार्थ लाग्दैनन् तर आधुनिक कथा, उपन्यासमा पात्र, संरचना देश, काल र वातावरण अनुकूल रहने हुँदा ती सत्य र यथार्थ लाग्छन् । उपन्यासमा घटना जुन स्थान र समयको हो त्यसको वास्तविक चित्र उतार्ने खालको पात्र हुनु आवश्यक पर्छ । स्थान, समय अनुसारको जीवनशैली, भेषभूषा, भाषा आदि पात्रमा भयो भने त्यसमा सजीवता आउँछ । त्यसैले पात्र र परिवेशबिच घनिष्ट सम्बन्ध रहेको छ ।

### २.२.३ संवाद

संवाद भन्नाले वार्तालाप वा कुराकानी भन्ने बुझिन्छ । संवादलाई कथोपकथन पनि भनिन्छ । यसलाई अङ्ग्रेजीमा डाइलग भनिन्छ । उपन्यासमा संवादको प्रयोग पात्रको अभिव्यक्तिकला र कथानकलाई गति दिने सन्दर्भमा गरिएको हुन्छ । संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई सङ्गठित गर्ने काम गर्दछ । संवाद दुई व्यक्ति वा उपन्यासका पात्रहरूबिचको प्रत्यक्ष कुराकानी हो । उपन्यासमा प्रयोग भएका घटना, दृश्य र पर्यावरणहरूमा सजीवता ल्याउनका साथै रोचकता, स्वभाविकता सृष्टि गर्नमा यसको महत्वपूर्ण भूमिका हुन्छ (प्रधान, २०६१ : ८) । संवादले मात्रै पात्रको बाह्य तथा आन्तरिक व्यक्तित्वको पहिचान दिन सकिन्छ । कथोपकथन नाटकीय तत्व पनि हो । यसले

उपन्यासलाई नाटकीय निकटता प्रदान गर्दछ । नाटकमा अभिनयद्वारा व्यञ्जित गरिने तत्व पनि उपन्यासमा संवादद्वारा व्यञ्जित हुन्छ (सुवेदी, २०६४ : २४) ।

वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउनका साथै रोचकता र स्वाभाविकताको सिर्जना गर्न संवादको महत्वपूर्ण भूमिका हुन्छ (प्रधान, २०६१ : ८) । संवादले घटनालाई गति दिने कार्य गरेको हुन्छ । भने यसले उपन्यासलाई नाटकीयता प्रदान गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । पात्रहरूको संवादमा परिवेशले फरक पार्दछ । जुन परिवेशको चरित्र छ त्यस अनुरूप संवाद प्रस्तुत भयो भने कृति पत्यारिलो र जीवन्त बन्दछ । जस्तै तराईको परिवेश आएका ठाउँमा पहाडी मानिसहरूले बोल्ने संवाद प्रस्तुत भयो भने त्यो उपयुक्त हुँदैन् । त्यस्तै निम्नस्तरका पात्रहरूको संवाद बौद्धिक खालको र उच्च स्तरीय भयो भने पनि त्यो स्वाभाविक हुँदैन त्यसैले परिवेश अनुकूल संवादको प्रयोग भयो भने कृति उत्कृष्ट ठहर्छ ।

## २.२.४ भाषाशैली

उपन्यास साहित्यिक विधा भएकोले यसलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो । चित्रको अभिव्यक्ति गर्ने माध्यम रङ् र रेखा हुन भने उपन्यासको अभिव्यक्ति गर्ने माध्यम भाषा हो । उपन्यास जीवनको यथार्थ तस्बीर हो त्यसैले यसलाई अभिव्यक्त गर्ने माध्यम गद्य भाषा हुन्छ । उपन्यासमा भाषा व्यक्त हुँदा लेख्य रूपमा आएको हुन्छ भने उपन्यासका पात्रहरूका संवादका माध्यमबाट भाषा कथ्य रूपमा पनि आएको हुन्छ । कथ्य विषयलाई पाठकसमक्ष प्रभावकारी ढङ्गमा सम्प्रेषण गर्ने सामग्री भाषा बाहेक उपन्यासकासँग अरू हुन सक्दैन । उपन्यासमा सरल भाषाको प्रयोग गरेर सबैले बुझ्ने खालको पनि हुनसक्छ भने आलङ्कारिक, प्रतीकात्मक, बिम्वात्मक वा ब्यञ्जनात्मक भाषाको प्रयोग गरेर बौद्धिक पाठकले मात्र बुझ्न सक्ने खालको पनि भाषा हुनसक्छ । भाषाको प्रस्तुति गर्ने ढाँचा नै शैली हो । उपन्यासकारको आफ्नै शैली हुन्छ । हरेक लेखक शैलीका कारणले अन्य लेखक भन्दा भिन्न हुन्छ । अतः शैली भन्ने बित्तिकै कुनै पनि लेखकको विशिष्ट रचना प्रकार बुझ्नु पर्दछ । वास्तवमा शैली भनेको अभिव्यक्तिको प्रकार हो । कुनैपनि लेखकले जे जसरी आफ्ना विचार, दृष्टिकोण, भावना वा कथ्य व्यक्त गर्दछ त्यो अभिव्यक्तिको प्रकार नै शैली हुन्छ । उपन्यास सचनाका सन्दर्भमा वर्णनत्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी पद्धति,

चित्रात्मक, चेतना प्रवाहात्मकजस्ता विविध शैलीहरूको प्रयोग गरिन्छ (प्रधान, २०४० : ५६-५७) ।

कुनै पनि आख्यानत्मक कृतिमा भाषा र परिवेशको घनिष्ट सम्बन्ध रहेको हुन्छ । उपन्यासमा प्रयोग हुने भाषाशैली देशकाल र वातावरण अनुकूल हुनु पर्छ । कुनैपनि स्थान, समय र वातावरणमा घटना घटित छ त्यस स्थान, समयको भाषिक अभिव्यक्ति कृतिमा अपेक्षित हुन्छ । तब मात्र कृति जीवन्त र स्वाभाविक बन्न पुग्दछ । जस्तै नेवार समुदायको पात्र उपन्यासमा लिइएको छ भने उसले मैथिली भाषा बोलेर उपन्यास स्वाभाविक बन्दैन त्यसका लागि त्यस पात्रले नेवारी भाषा नै बोल्नु उपयुक्त हुन्छ ।

### २.२.५ उद्देश्य

उपन्यास रचना गर्न प्रेरित गर्ने मुल भाव, विचार वा दृष्टिकोण नै उद्देश्य हो । उपन्यासकार कुनै न कुनै उद्देश्यको प्रतिपादन गर्ने लक्ष्य लिएर उपन्यासको सिर्जना गर्दछ । उपन्यासमा रचनाकारको विचार, धारणा, अनुभूति आदि प्रकट भएको हुन्छ । उपन्यासकारले उपन्यासमा मूल विचारलाई नाटकीकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याउँछ र पाठकले त्यसको बोध गर्दछ (बराल र एटम, २०५८ : ४१) । उपन्यासको मूल कथ्य वा बीज विषय नै उपन्यासको उद्देश्य हुन्छ । उपन्यासकारले समाजका विभिन्न पक्षहरू मध्ये कुनै पक्षको उद्घाटन गर्ने उद्देश्य राखेको हुन्छ । जुनसुकै उपन्यासको उद्देश्य कुनै न कुनै तवरबाट मानिसको जीवनको चित्रण गर्नु हो । कुनै युग र कस्ता प्रकृतिका मानिसको चित्रण गर्ने भन्ने कुरा उपन्यासकारको आफ्नो छनोटको विषय हो (दाहाल, २०५६ : ६५) ।

कुनै पनि कार्य उद्देश्यविहीन हुँदैन । उपन्यासकारले उपन्यास लेख्दा कुनै न कुनै उद्देश्य लिएका हुन्छन् । खासगरी उपन्यास मानवजीवनसँग सम्बन्धित रहने हुँदा यसको उद्देश्य मानव जीवन जगत्का विविध परिवेशलाई समेट्नु हुन्छ । कुनै उपन्यासकारले कुनै युगको चित्रण गरेको हुन्छन् भने कुनै उपन्यासकारले कुनै स्थान, घटना वा विचारलाई अघि सार्ने उद्देश्य राखेको हुन्छन् ।

## २.३ निष्कर्ष

यसरी उपन्यास निर्माण वा संरचना क्रममा विभिन्न तत्वहरूको आवश्यकता पर्दछ । विभिन्न तत्वहरूको संयोजनबाट उपन्यासले स्वाभाविक र मूर्त रूप प्राप्त गर्दछ । उपन्यास निर्माणका लागि चाहिने तत्वहरू मध्ये परिवेश पनि एक महत्वपूर्ण तत्व हो । परिवेश

भन्नाले उपन्यासमा कार्य व्यापार हुने समय, स्थान र वातावरणलाई बुझाउँछ । परिवेशले उपन्यासको यात्रालाई गति दिने कार्य गर्नाका साथै उपन्यासलाई विश्वसनीयता प्रदान गर्दछ । यदि कथानक देशकाल अनुरूप भयो भने मात्र कृति वास्तविक र पत्यारिलो हुन्छ । उपन्यास जुन समय, स्थान र वातावरणसँग सम्बद्ध रहेको छ परिवेश पनि त्यही अनुकूल चित्रण हुनुपर्छ । उपन्यासको निर्माणको लागि चाहिने तत्वहरूको पनि एक आपसमा सम्वन्ध रहने गर्दछ । कथानक पात्र, कथानक- संवाद, कथानक- उद्देश्य, कथानक भाषा आदिमा एक आपसी सम्बन्ध भएजस्तै अन्य तत्वहरू बिच पनि एक आपसी सम्बन्ध हुने गर्दछ । यही सम्बन्धबाट उपन्यास सहज र स्वाभाविक बन्दछ । परिवेशको स्वाभाविक चित्रणका माध्यमबाट उपन्यास विश्वसनीय बन्ने गर्दछ भने उपन्यासका अन्य तत्वहरूले पनि गतिशील हुने अवसर पाँउछन् ।

## परिच्छेद तिन

# लैनसिंह बाङ्देलको औपन्यासिक यात्रा र मुलुक बाहिर उपन्यास

## ३.१ प्रेरणा र पृष्ठभूमि

लैनसिंह बाङ्देल (वि.सं. १९८०-२०५९) नेपाली साहित्य र कलाको क्षेत्रमा सुपरिचित नाम हो । जीवनको पूर्वार्द्धको बढी समय साहित्यमा समर्पित गर्दै बाँकी जीवनको सम्पूर्ण समय कलाक्षेत्रमा होमिदिने बहुमुखी प्रतिभाशाली व्यक्तित्वको नाम लैनसिंह बाङ्देल हो । राष्ट्रभित्र नेपाली साहित्यको उपन्यास विधाको क्षेत्रमा परम्परागत मान्यता र प्रवृत्तिलाई तोडेर नौलो मोड ल्याउन सफल उपन्यासकार र अन्तर्राष्ट्रिय स्तरमा नेपली कलालाई चिनाउन तथा अन्तर्राष्ट्रिय सङ्ग्रहालयमा आफ्ना कलाकृति सङ्ग्रहित गराउन समेत सफल कलाकार लैनसिंह बाङ्देल विशिष्ट साहित्यिक प्रतिभा हुन् । यिनै महान् व्यक्तित्वले जीवनयात्राको सम्पूर्ण समय साहित्य र कलाक्षेत्रमा बिताएका छन् । बाङ्देलका पूर्वजहरू पूर्वी नेपालको खोटाङ जिल्लाको रावाखोला पारिपट्टिको 'बाङ्देल गाउँ' मा रहन्थे । पहाडि क्षेत्रमा उब्जनी राम्रो नहुने र वैज्ञानिक औजार, मल तथा बीउको अभावमा प्रथम विश्वयद्ध भन्दा अगाडिको नेपालको आर्थिक स्थिति ज्यादै नाजुक थियो । तसर्थ नेपालीहरू वर्षभरिको मेहनतको फल कृषिबाट प्राप्त नहुने हुँदा काम र मामको खोजीमा भौँतारिने  गर्थे । त्यसबेला भारतमा बृटिस साम्राज्य थियो । नेपालले पनि सन् १८७१ को सुगौली सन्धिमा दार्जिलिङजस्तो पूर्वी नेपालको महत्वपुर्ण भाग गुमाइसकेको थियो । यद्यपि त्यहाँ अधिकांश नेपालीहरूकै बसोबास थियो । दार्जिलिङको मनोरम दृश्य र स्वास्थ्यप्रद हावापानीले अङ्ग्रेजहरूलाई आकर्षित गर्न थालेकोले उनीहरू गर्मीको समयमा त्यहाँ बस्ने गर्दथे । दार्जिलिङको भिरालो भूमि चियाखेतीको लागि उपयुक्त हुने भएकोले अङग्रेजहरूले नेपालीहरूलाई लगाई चियाखेती गर्न थाले । यस कार्यबाट दार्जिलिङमा चियाको बोटमा पैसा फल्छ रे भन्ने हल्ला चलेकाले बर्सेनि युवाहरू कामको खोजीमा दार्जिलिङ प्रवेश गर्न थाले ।

यही क्रममा बाङ्देलका परिवार पनि काम र मामको खोजीमा दार्जिलिङ भित्रिए । बाङ्देलका बाजे निरक्षर भएपनि बिस्तारै उनले देवनागरी सिकेर रामायण, महाभारत, पाठ गर्न थाले । दिन बित्दै जाँदा उनले आफ्ना छोरा (लैनसिंह बाङ्देलका पिता) रङ्गलाललाई पनि त्यहि कमानमा काम लगाउन थाले । रङ्गलाल निष्कपट, इमानदार र लगनशील थिए । आफ्ना बाबुजस्तै लैनसिंह बाङदेल पनि धार्मिक प्रवृत्तिका थिए । सानैदेखि तीक्ष्ण बुद्धि भएका

कारण जस्तो सुकै कुरालाई पनि तुरून्त ग्रहण गर्न सक्ने क्षमता उनमा थियो । सानैदेखि मेहनती भएका हुनाले घरमा नै तोता मैनाको कथा, वीरसिक्का, मधुमालतीको कथा आदि पढ्न थाले । लैनसिंह बाङदेलको पारिवारिक पृष्ठभूमि एकातिर आर्थिक सुद्धढीकरणका लागि सङघर्षशील थियो भने अर्कातिर उनका बाबु बाजेको नृत्य, सङ्गीत र कलाप्रति विशेष झुकावको परिवेश उनलाई प्राप्त थियो । कुनैपनि महान् व्यक्तिलाई महान्ता प्राप्त गर्न कुनै न कुनै स्रोत, केहि न केहि प्रेरणाको जरूरत पर्दछ । व्यक्तिको व्यक्तित्व विकासको लागि उसको पर्यावरणले पनि प्रशस्त प्रभाव पार्दछ । चित्रकार एवम् साहित्यकार हृदयका बाङ्देलको प्रेरणाको स्रोत दार्जिलिङको प्राकृतिक पर्यावरण हो दार्जिलिङको प्राकृतिक पर्यावरणमा हुर्केका बाङ्देलको कला र साहित्यकारले स्वदेशी साहित्यकार गुरुप्रसाद मैनाली, सूर्य विक्रम ज्ञवाली, रूपनारायण सिंह र बालकृष्ण समबाट प्रशस्त प्रेरणा प्राप्त गर्दछ भने विदेशी साहित्यकारहरू बाल्जाक, फ्लेवर, मोपासाँ, भिक्टर ह्युगो, माइकेल सोलोखोभबाट पनि थप प्रेरणा प्राप्त गर्दछ । कलाकार र साहित्यकार दुई प्रतिभाका एक मुहान भनेर चिनिने लैनसिंह बाङ्देलको प्रतिभालाई यिनै प्रेरणाले महान् बनाएको छ ।

## ३.२ लैनसिंह बाङ्देलको औपन्यासिक यात्रा

नेपाली साहित्यको कथा र कविता विधाबाट साहित्य संसारमा प्रवेश गर्ने बाङ्देलले नेपाली साहित्यलाई उर्वर बनाएका छन् । बाङ्देल उपन्यासकार मात्र नभएर नियात्राकार, अनुवादक, जीवनीकार र कवि पनि हुन् । साहित्यिक जीवनको सुरूवात वि.सं. १९१४ मा प्रकाशित सरकारी हाइस्कुल पत्रिकामा छापिएको ‘भग्नजीवन’ कथाबाट भएको हो ।

बाङ्देलको जीवनको महत्वपूर्ण उर्वर समयमा उनका उपन्यासहरूको रचना भएको पाइन्छ । २००४ सालमा प्रकाशित **मुलुक बाहिर** उपन्यासमा बाङ्देलले आर्थिक कारणले आफ्नो पहाड - घर छोडी मुगलान पस्नु नेपालीको बाध्यता हो । आफ्नो देशलाई छोडेर मुगलानमा बसोबास गरी त्यहीँको भूमि हराभरा पार्ने नेपालीहरूको सुख-दुःखको वास्तविक चित्रण गरेको छन् । **मुलुक बाहिर** पछि **माइतघर** (२००५), **लङ्गडाको साथी** (२००८) र **रेम्ब्रान्ट** (२०२३) जस्ता उपन्यासले सामाजिक विसङ्गतिका कोणहरूलाई प्रस्तुत गरेको छन् । लैनसिंह बाङ्देलका औपन्यासिक कृतिहरूको परिचय यसप्रकार दिन सकिन्छ ।

(क) **मुलुक बाहिर** (२००४)

**मुलुक बाहिर** उपन्यासमा विशेष गरी पहिलो र दास्रो विश्वयुद्धको अवधिलाई समेटिएको छ । आर्थिक कारणले आफ्नो पहाड घर छोडेर मुगलान पस्नु नेपालीको बाध्यता हो । मुगलानमा बसोबास गरी त्यहीँको भूमि हराभरा पार्ने नेपाली को सुख दुःखको वास्तविक चित्रण बाङ्देलले यस उपन्यासमा गरेका छन् । आफ्नो मुलुकबाट दैनिक जीवन नै धान्न नसकेर उपाय पहिल्याउँदै नुनतेल, लुगाफाटा मरमसला जुटाउन दार्जिलिङ पुग्ने र कमाएको सम्पत्ति च्यापेर वर्षायाम सुरू भएपछि पहाडतिर आइपुग्नुपर्ने, प्रत्येक वर्षको खेतीपाती र चाडबाड, दैनिक चर्या तथा विधि व्यवहार धान्नुपर्ने नेपाली जीवनका बाध्यतालाई रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, रूपाजस्ता पात्रद्वारा वास्तविक चित्रण गरिएको छ ।

प्रत्येक वर्षको दसैँपछि हिउँद लागेपछि चैतसम्म ४/५ महिना उत्पादनमूलक कुनै काम नहुने हुनाले र जलवायु अनुसार पनि उत्पादनशील व्यवसाय वर्षामा मात्र हुने र हिउँद भरि खाली नै रहने हुनाले नेपालीहरू कामको खोजीमा मुलुकबाट बाहिरिन्थे । यस क्रममा हिउँद लागेपछि पहाड अरूण खोलाबाट रने र म्याउचीपनि दार्जिलिङ् गई दाम्पत्य जीवनमा बाँधिन पुग्दछन् । सानो कुरामा ठाकठुक परेका कारण रनेले म्याउचीको हत्या गर्दछ । यसपछि पहिलो विश्वयुद्धको हाहाकारमा रने र दलबहादुर सेनामा भर्ती हुन् पुग्दछन् । घाइते दलबहादुरलाई सहयोग गरी दार्जिलिङको घुम पहाडमा आएपछि रनेकी साली मसिनी र माहिला भुजेलसँग भेटघाट हुन्छ । दलबहादुर घरमा पाहुना बनेर बस्दाबस्दै रनेले आत्महत्या गर्न पुग्दछ । समयको लामो क्रममा दार्जिलिङको घुम पहाडमा दलबहादुर र माहिला भुजेल गाईपालन व्यवसाय गर्दछन् । कान्छा राईको आगमनबाट शङ्कारको सिकार बनेर माहिला भुजेल स्वास्नी मसिनीलाई कुटेर बेपत्ता हुन्छ । सिलीगुडी कलकत्ता र आसाम हुँदै १८ वर्षपछि वृद्ध शरीर लिएर विश्वयुद्धबाट लखेटिइ दार्जिलिङ आइपुग्छ र रूपासँगको चिनजान र माहिला भुजेलको अन्त्य पछि उपन्यासको कथानकको पनि अन्त्य भएको छ ।

यसरी **मुलुक बाहिर** उपन्यास नेपाली जीवनको पलायित यर्थाथलाई सजीव ढङ्गले चित्रण गर्न सफल बनेको छ ।

(ख) **माइतघर** (२००५)

**माइतघर** २००५ सालमा प्रकाशित भएको हो । आदर्शोन्मूख यथार्थवादी दिशामा अभिकेन्द्रित कृति हो । यस उपन्यासले पनि नेपाली समाज र संस्कारका मूल्यहरूलाई प्रस्तुत गरेको छ । बाल्यजीवनका सखा सानी र हरि दुई पात्रको केन्द्रीयतामा अडेको यो उपन्यास सुवेदार बुढाको घरमा पुगेका सानी र उसको आमाबाबुको उपस्थितिबाट आरम्भ भएको छ । सानी र हरि दाजु बहिनीका रूपमा सँगै पढ्ने र बढ्ने र हुर्किने क्रममा एकदिन सानीको बाबुको मृत्यु भएपछि सुबेदारको घरमा पुग्दछन् । बितेका दिनहरूमा हरि र सानी किशोर भएपछि भेट हुन्छन् । सानीमा लज्जा र हरिमा पनि युवकको भाव जागरित भइसकेको हुन्छ । यस उपन्यासमा हरि र सानी बाह्य रूपमा दाजु बहिनी र आन्तरिक रूपमा प्रेमी प्रेमिकाका रूपमा विकसित हुँदै जान्छन् । नेपाली संस्कारका कारण सानीको विवाह अर्कोतिर हुन पुग्दछ सामाजिक देखावटी र आडम्वरका कारण सानी पतिघरमा टिक्न सक्दिन । आफ्नो पतिले सौता ल्याएपनि लोग्नेलाई देवता ठानेर सानी पतिका घरमा फर्कन्छे । परिस्थितिले च्यापेर ल्याएको विवश जीवन बाँच्न बानी परेको नेपाली नारीहरूको पलायनमूलक चित्रण यस उपन्यासले गरेको छ ।

(ग) **लङ्गडाको साथी** (२००८)

**लङ्गडाको साथी** वि. सं. २००८ सालमा प्रकाशित भएको हो । यस उपन्यासमा मानवजीवनको कारूणिक पक्षको चित्रण गरिएको छ । वाल्यकालमै नेपालबाट प्रवास पुगेको व्यक्ति धनबहादुर बस्नेत एकजना मान्छेको घरमा बसेर घाँस, दाउरा र घरेलु काम गर्दागर्दै एक दिन रूखबाट खसेर खुट्टा भाँचिएर लङ्गडो भएपछि मालिकको घरबाट निकालिन पुग्दछ । त्यसपछि सहरको छिँडीमा र पेटीमा रात बिताउने गर्दछ । दिनभर घस्रेर माग्दै हिड्ने र बजारका सभ्य भनाउँदा समाजका बालबालिकाको भुइँभालु भन्ने गाली सहँदै घुम्ने गर्दछ । धनी मान्छेहरूको उपेक्षा, केटाकेटीको हेलाका कारण लङ्गडाले पेटभरि खान पाउँदैन् । साथी बनेर आएको कुकुर सहित आफू पनि एक रात बिरामीका कारण मर्न पुग्दछ र उपन्यासको अन्त्य हुन्छ ।

लङ्गडाको साथी उपन्यासमा आजको मान्छेले सम्पन्नताका नाममा मानवता गुमाइ सकेको छ भन्ने कुराको चित्रण भएको छ ।

(घ) **रेम्ब्रान्ट** (२०२३)

वि.सं. २०२३ सालमा प्रकाशित भएको **रेम्ब्रान्ट** फ्रान्सेली कलाक्षेत्रका विभूति पात्रको जीवनमा आधारित उपन्यास हो । कलाकारको जीवनीलाई चारित्रिक वृत्तमा प्रस्तुत गर्दै उपन्यासको स्वरूप प्रदान गर्ने उपन्यासकार बाङ्देलको यस उपन्यास कोमल र समाजको यथास्थितिमूलक यथार्थलाई आदर्शोन्मुख ढङ्गले प्रस्तुत गर्ने माध्यम बनेको छ । एउटा व्यक्तिको सिङ्गो वैयक्तिक आचरणमा उपन्यासको निर्माण गर्ने नेपाली साहित्यका आदर्शोन्मुख यथार्थवादी सफल उपन्यासकार मानिन्छन् ।

यसरी बाङ्देलको उपन्यास यात्राको अवधि लगभग १९/२० वर्षको देखापर्दछ । बाङ्देल सामाजिक यथार्थवादी उपन्यासकार हुन् । सामाजिक प्रचलनमा रहेको रूढीबुढीका पाटाहरू परम्परागत मूल्यका सङ्कीर्णताहरू र परम्परित अन्धविश्वास समेलाई विस्पोटन गर्ने काम बाङ्देलका उपन्यासहरूले गरेको छन् । रेम्ब्रान्टको तुलनामा **मुलुक बाहिर**, **माइतघर** र **लङ्गडाको साथी** उपन्यास बढी सशक्त रहेका छन् ।

## ३.४ बाङ्देलका उपन्यासका परिवेशगत प्रवृत्तिहरू

### ३.४.१ सामाजिक यथार्थवादी

बाङ्देल नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादका प्रथम प्रवर्तक हुन् र उनले आदर्शवादको दीर्घ कालीन परम्परासँग  सम्बन्धविच्छेद गरेका छन् । निम्न र निम्न मध्यमवर्गीय सामाजिक जीवनका टड्कारा आर्थिक प्रश्न र समस्याहरूलाई उपस्थित गर्ने उनको मुलुक बाहिर उपन्यास पहिलो सामाजिक यथार्थवादी उपन्यास हो । **मुलुक बाहिर** मात्र होइन, बाङ्देलका **माइतघर** र **लङ्गडाको साथी** पनि सामाजिक जनजीवनकै फाँटमा देखा पर्छन । बाङ्देलले यी सबैमा प्रतिबिम्बित घटनाहरू आफू बाँचेको सामाजिक धरातलबाट टिपेका छन् । विदेशमा गई रातदिन पसिना बगाएर जीवनका निम्ति सङ्घर्ष गर्ने निम्नवर्गीय नेपाली श्रमिकहरूको दयनीय जीवनपद्धति मुलुक बाहिरमा प्रतिबिम्बित छ र यो हाम्रै सामाजिक जीवनको टड्कारो वस्तुसत्य र यथार्थ हो ।

सामाजिक क्षुद्र संस्कारका कुटिल चापप्रतिचापमा अँचेटिएका हरि र सानी, सामाजिक अपमान, तिरस्कार र घृणा सहन विवश लङ्गडो, आआफ्नै स्वाभिमान र अहम् बोकेका रने साहिँला र म्याउची, सुधी एंव पतिपरायणा मसिनी, शङ्कालु स्वभाव भएको

भुजेल, आदर्श मित्र दलबहादुर एकसेएक पात्रहरू हामीलाई हामीजस्तै मानवीय गुणदोषयुक्त लाग्दछन् । वर्गीय पात्रहरूको छनोट, साधारण बोलचालको गद्य, स्थानीय भाषिकाको प्रयोग, सामाजिक परम्परा, रीतिरिवाज, चालचलन र संस्कृतिको यथार्थ चित्रण बाङ्देलका उपन्यासमा भेटिन्छ ।

## ३.४.२ प्रकृतवादी

ईश्वर, मानवीय धर्म र नैतिकता विरूद्ध स्पष्ट वा ध्वन्यात्मक वा व्यञ्जनात्मक रूपमा मान्छेको आदिम पाशविक आवेगसम्मको प्रकृतिको व्याख्या गर्ने साहित्य प्रकृतवादी साहित्य हो । मान्छे भन्नु प्रकृतिकै एउटा अङ्ग हो र मान्छे प्रकृतिकै एउटा अङ्ग हो र मान्छे प्रकृतिभिन्न स्वतन्त्र सत्ता होइन भन्ने मान्यता राखेर साहित्यिक प्रतिष्ठा प्राप्त साहित्य प्रकृतवादी साहित्य हो यसलाई अङ्ग्रेजीमा 'नेचुऱ्यालिज्म' नामले चिनिन्छ । प्रकृतवादले ईश्वरीय सत्ता वा आत्मतत्वलाई स्वीकार गर्दैन बरू प्रकृतिको महानतालाई नै सर्वोपरि ठान्दछ । फ्रान्सेली  साहित्यकारहरूबाट जन्म पाएर हुर्किएको जर्मनी र अमेरिकाका साथै अन्य पाश्चात्य मुलुकहरूबाट भ्याँगिदै आएको प्रकृतवाद नेपाली साहित्यमा आन्दोलनकै रूपमा विकसित नभएको भए तापनि विश्वेश्वर प्रसाद कोइराला, भवानी भिक्षु, गोविन्द गोठालेका कथा र उपन्यासहरूमा अनि गोपाल प्रसादका रिमालका 'मसान' समको 'अन्धवेग' नाटकमा प्रकट भएका छन् ।

बाङ्देलको 'लङ्गडाको साथी' मा लङ्गडा पहिले नेपालको पश्चिम ३ नम्बरबाट काम र मामको खोजीमा विदेशिएको र कसैको घरमा गोठाला बस्दाबस्दै घाँस काट्न रूख चढ्दा लडेर अपाङ्ग भए पछि मान्छेदेखि तिरस्कृत हुँदै जिउँदा जिउँदै मृत्यु वरण गर्न पुग्नाले गम्भीर नैराश्यको आभास दिएको छ, यो लक्षण प्रकृतवाद हो । बाङ्देलको '**माइतघर**' का हरि र सानी एकै रगतका दाजु बहिनी होइनन् तर पनि सामाजिक थोत्रा आदर्शका उदात्तीकारणले कुण्ठित भएको मानवीय जीवनलाई दर्शाउँदै माइतघर उपन्यासले मानव मनको अन्तर्लोक छाम्न पुगेको छ । तर बाङ्देलका प्रकृतवादी प्रवृत्तिमा शिष्टता छ ।

## ३.४.३ मानवतावाद

मानवीय गुण, धर्म र प्रवृत्तिहरूलाई सर्वाधिक महत्व दिँदै अनि समानता, स्वतन्त्रता र भातृत्वमा जोड दिने मान्यतामा आधारित वाद नै मानवतावाद हो । मान्छेले मान्छे सरह सुखसँग बाँच्न पाउनुपर्छ भन्ने दृष्टिकोण मानवतावादले राख्दछ । पश्चिमी मुलुकहरूमा

पुनर्जागरण कालमा देखा परेको विशेषतः ग्रीक र ल्याटिन क्लासिकल साहित्यमा तथा विचारधारामा आधारित महत्वपूर्ण  ऐतिहासिक घटना स्वरूप प्रारम्भ भएको हो ।

बाङ्देलको औपन्यासिक कलामा पनि मानवतावादी प्रवृत्तिको सुन्दर छटा प्राप्त भएको छ । आफ्ना चार वटै उपन्यासमा बाङ्देलले आर्थिक विषमताले पिल्सिएका पात्रहरूको सुख दुःखका उकाली -ओरालीहरूलाई स्थान दिएर चीत्रण गरेका छन् । दीनः दुखी, शोषित, पीडितहरूको आर्तनादप्रति अन्तर्मन रूवाएका छन् । बाङ्देलको मानवतावादी प्रवृत्ति 'लङ्गडाको साथी' उपन्यासमा पर्याप्त रूपमा प्रकट भएको छ । उनी आजको अर्थतन्त्रमा जेलिएर बढी व्यवसायिक र व्यक्तिवादी बन्दै गएको मानव समाजलाई मानवीय मूल्यको पाठ पढाउँछन् ।

## ३.४.४ मनोवैज्ञानिकता

बाङ्देलको उपन्यासकला सामाजिक स्तरको सतहमा मात्र खेल्दैन, बरू मानवीय सूक्ष्म अन्वेषणका लागि मानवहृदयको गहिराइसम्म पुग्न खोज्दछ । स्थूल सामाजिक समस्याहरूको निरीक्षण, अवलोकन र व्याख्या विश्लेषण मात्र होइन, बाङ्देलको उपन्यासकला मनोवैज्ञानिक यात्राको सुरूवात पनि हो । **माइतघर** र **लङ्गडाको साथी** पढ्दा मानवीय मनोभूमिको सफल कारूणिक अभिब्यञ्जना नै बाङ्देलको उपन्यासकला हो जस्तो लाग्दछ । **मुलुक बाहिर**मा ईर्ष्या, संशय र पश्चातापको मानसिक पृष्ठभूमि छ । कतै ईर्ष्या स्वाभिमानद्वारा निर्देशित मानसिकता छ त कतै पश्चाताप र अपराध मनोग्रन्थिद्वारा सञ्चालित मानसिकता छ । प्रतिकूल परिस्थितिमा मानवमनमा उत्पन्न हुने मानसिक हलचल र द्वन्द्व अन्तर्द्वन्द्वको कथा मुलुक बाहिरमा छ ।

मानसिक संरचनाद्वारा नै मुलुक बाहिरको जीवन जगत् दुर्घटित भएको छ । रनेको अपरजेय पौरूषवृत्ति र म्याउचीको नारीगत स्वाभिमान या अनौठो जिद्दीको परम्पर टकराहट नै दुवैका दाम्पत्य दुर्घटनाको प्रमुख कारण हो । त्यस्तै पश्चाताप मनोवृत्ति र अपराधचेतनाको चूडान्त परिणति नै रने र माहिला भुजेलका दुःखद अन्त्यको कारण हो । भुजेलका मानसिक धरातलमा सन्देह र शङकाको बीजारोपण नै पतिपत्नी का सुमधुर सम्बन्धलाई धमिल्याउने दूषित तत्व हो । अझै मानसिक अभिव्यञ्जनाका दृष्टिले **माइतघर** र लङ्गडाको साथी विषेश महत्व राख्दछन् । सामाजिक, नैतिकता र नैसर्गिक प्रणय -वृत्तिको उल्झनभित्र फसेको द्वैध मनस्थिति **माइतघर**मा प्रस्तुत छ । मानसिक कुण्ठा र

विकृतिको मनोवैज्ञानिक विश्लेषण बाङ्देलका उपन्यासहरूले गरेका छन् र मनोवैज्ञानिक केन्द्रितता नै उपन्यासहरूको प्रयोजनीयता हुन गएको छ ।

## ३.४.५ अतियथार्थवाद

अतियथार्थवाद सन् १९९२ मा सामाजिक आदर्शमूलक यथार्थ, वस्तुमूलक यथार्थ र प्रकृतिवादी यथार्थक विरूद्ध फ्रान्समा जन्मेको नयाँ साहित्यिक मान्यता हो । फ्रायडीय स्वप्न - मनोविश्लेषणका आधारमा मान्छेका कुनै कल्पना, तरङ्ग र स्वप्निलता (स्वप्न र अर्ध जाग्रित अवस्था) प्रति तीब्र समर्थन जनाउँदै यस वादले तर्क, बुद्धि र सम्भावित मर्यादा समेतको उपेक्षा गर्दछ । नेपाली उपन्यास परम्परामा बाङ्देल सामाजिक यथार्थवादका मात्र होइनन् अतियथार्थवादका पनि प्रवर्तक हुन् । **लङ्गडाको साथी** अतियथार्थवादको नवीन प्रयोग हो प्रतिक्षण बदलिइ रहने मानवमनका विश्रृङखल स्वप्निल भाव तरङगहरूलाई अतियथार्थवादले विशेष अभिरूचिका साथ अभिव्यञ्जित गर्न खोज्दछ । बाङ्देलको लङ्गडाको साथीले पनि लङ्गडाका हरक्षण परिवर्तित मनोदशाको सुन्दर रेखाङकन गर्न खोजेको छ । बाङ्देलले विभिन्न परिस्थिति र अवस्था विशेषमा लङ्गडाका मनमा उब्जिने आशा, निराशा, हर्ष बिस्मात, क्रोध, आक्रोश, भय जस्ता मनोभावलाई कत्ति नछोडी टिप्ने प्रयास गरेका छन् । यी सबै सामान्य धारणालाई हेर्दा अतियथार्थवाद बाङ्देलका उपन्यासकलाको अर्को उपलब्धि देखापर्दछ ।

## ३.४.६ प्रकृति चित्रण

सौन्दर्य प्रेमी महान् कलाकार बाङ्देलका औपन्यासिक प्रवृत्तिहरू मध्ये प्रकृति चित्रण महत्वपूर्ण मानिन्छ । आफ्ना उपन्यासहरूमा बाङ्देल महान् प्रकृति प्रेमी साहित्यकारका रूपमा देखा पर्छन् र उनले आफ्ना उपन्यासलाई प्रकृतिको सुन्दर क्रीडास्थल बनाएका छन् । प्रकृति र मानव जीवनको अद्भुत मिलन कालिदास र देवकोटाका रचनामा झैं बाङ्देलका उपन्यासमा पनि सम्भव भएको छ । उपन्यास भित्र कतिपय यस्ता प्रसङग र स्थलहरू भेटिन्छन् जहाँ सुन्दर तथा मनोरम प्राकृतिक दृश्यावलीहरूको प्रयोग भएको छ । यिनमा प्रकृतिको सजीव चित्रण गर्न सक्ने असाधारण क्षमता छ । मानिस प्रकृतिमै जन्मन्छ, हुर्किन्छ र प्रकृतिमै रहेर मर्छ उसको हरेक क्रियाकलापमा प्रकृति सामेल हुन्छ । दुःखमय संसारबाट बिरक्तिएको बेला मानिसले प्रकृति जगत्मै शान्ति पाउँछ । बाङ्देलको **मुलुक बाहिर** उपन्यास हिउँदबाट सुरू भएर हिउँदबाटै अन्त्य हुन्छ । प्रत्येक हिउँदका प्रारम्भमा नेपाली

किसानहरू कामको खोजीमा मुगलान पस्छन् र प्रत्येक हिउँदका अन्त्यमा स्वदेशमा फर्किन्छन् । मुलुक बाहिरको समाज मुलतः कृषकसमाज नै भएकाले प्रकृति जगत्सँग निकट सम्बन्ध रहनु कुनै नौलो कुरा होइन । यस उपन्यासमा मेघ, वर्षा, आँधी, हुरी, तुषारापातजस्ता प्राकृतिक प्रकोपलाई विम्ब र प्रतीकमा रूपमा प्रस्तुत गरिएको छ । प्रकृतिको मुस्कान पनि उनका उपन्यासहरूमा सर्वत्र छरिएको छ । **मुलक बाहिर** उपन्यासमा भन्दा **माइतघर** र लङ्गडाको साथीमा प्रकृति साहचर्यको धनत्व बढ्दै गएको छ । **माइतघर**मा प्रकृति र मानव जीवन एक अर्कोदेखि अलग्याउनै नसकिने गरी परस्पर घुलमिल भएका छन् । यसरी हेर्दा कलात्मक शिल्पसौन्दर्य र सशक्त अभिव्यञ्जनाका लागि प्रकृतितिर उन्मुख हुन खोज्ने बाङ्देलको प्रकृतिचेतना नेपाली उपन्यास परम्परामा एउटा अद्‌भूत उपलब्धि हो । बाङ्देल बाह्य प्रकृतिका मात्र चित्रकार नभइ अन्तः प्रकृतिका पनि कुशल चित्रकार हुन् ।

### ३.४.७ दुःखान्तता वा करूणामयता

सुखान्त काव्यकलाका तुलनामा दुःखान्त रचनाहरू बढी मार्मिक र प्रभावकारी हुन्छन् यसको मुलभूत कारण नै करूणामयता हो । मानवमनको गहिराइसम्म पुगेर सामाजिक जनजीवनका व्यथा र वेदनालाई पहिल्याउन सक्ने लैनसिंह बाङ्देल निःसन्देह संवेदना र सहानुभूतिका उपन्यासकार हुन् । उनले उपन्यासमा करूणै करूणाको भावधारा बगाएका छन् । बाङ्देल नेपाली उपन्यास परम्परामा पश्चिमी दुः खान्त परम्परालाई आमन्त्रण गर्छन् । नेपाली नाट्य साहित्यमा पहलमानसिंह स्वाँरको अटलबहादुर अनि बालकृष्ण समको मुटुको व्यथाको जुन स्थान छ, नेपाली उपन्यास दुःखान्त परम्परामा बाङ्देलको मुलुक बाहिरको त्यही स्थान छ । उनका समग्र उपन्यासहरू दुः खान्त छन् ।

त्रास र करूणाको दुःखान्त नाटकीय भावभूमि मुलुक बाहिरमा व्याप्त छ । उपन्यास चार खण्डमा निर्मित छ र प्रत्येक खण्डको अन्त्य नाटकीय ढङ्गले भएको छ । मुलुक बाहिर अविवेकी रनेले आत्महत्या गर्नु, माहिला भुजेलले मसिनीलाई निर्दयतापूर्वक कुटेर घरबाट भाग्नु, वियोगव्यथा सहेर मसिनीले लोग्नेको प्रतिक्षा गर्नु, पश्चातापमा परेर भुजेलले प्राणत्याग गर्नु जस्ता घटनाहरू वेदनामय छन् । सामाजिक मर्यादाप्रति कारूणिक द्वन्द्वले **माइतघर** मुलुक बाहिरका तुलनामा बढी संवेदनामय भएको छ **माइतघर**का तुलनामा **लङ्गडाको साथी** अझ बढी संवेदनामय रहेको छ । बाङ्देलको यही असाधारण

करूणामयताले गर्दा उपन्यासहरू पाठकको मर्म छुन सफल भएका छन् । बाङ्देलको मर्ममधुर करूण अभिव्यक्ति प्रभावशाली छ ।

### ३.४.८ निराशावादी जीवनदृष्टि

बाङ्देलको औपन्यासिकता निश्चित सिद्धान्तमा अडिग आयोजना होइन । संवेदनामय भावुकता या हार्दिक कोमलता नै बाङ्देलको उपन्यासकला हो । उनका उपन्यासहरूमा सर्वत्र निराश वातावरण र करूणभाव व्याप्त भएको छ । अनेकौं सामाजिक समस्या र आर्थिक बिडम्बनाभित्र जेलिएको निरीह जिन्दगानीको मर्मभेदी दुःखान्त कथा नै बाङ्देलका उपन्यासहरूले बटुलेको कथा हो । सङ्कट र वेदनाको कुहिरोभित्र बाटो पहिल्याउन सङ्घर्षरत जस्तै देखिएपनि बाङ्देलले सङ्घर्ष नै जीवन हो भन्ने माने पनि उनका उपन्यासका सबैजसो चरित्रहरू एक न एक प्रकारको दुःखान्त दुर्घटनाले ग्रस्त छन् र तिनीहरूले जीवनको हार स्वीकार्न विवश देखिन्छन् । तिनका जीवनमा सुखको मात्रा भन्दा दुःखको मात्रा नै बढी देखिन आँउछ । **माइतघर**का पात्रहरू सामाजिक मर्यादा र नैतिक चुनौतीका विरूद्ध सङघर्ष गर्न नसक्ने छन् । **माइतघर**मा मान्छेका सङघर्षशील व्यक्तित्व या पौरूषयुक्त महनीय जीवन मूल्यहरूको ह्रास छ । यसरी बाङ्देलका उपन्यासहरूमा निराशावादी जीवनदृष्टि प्रस्तुत भएको हुन्छ । उनका उपन्यासहरूले प्रत्येक पाठकका मुटुमा भक्कानु पार्छन् र आँखामा जल रसाउँछन् । वास्तवमा बाङ्देलको औपन्यासिक प्रवृत्ति निराशावादी जीवनदृष्टिको द्योतक हुन पुगेको छ ।

## ३.५ उपन्यास साहित्यमा लैनसिंह बाङ्देलको योगदान

लैनसिंह बाङ्देल नेपाली उपन्यास साहित्यमा स्थापित व्यक्तित्व हुन । नेपाली उपन्यास साहित्यलाई बाङ्देलका उपन्यासले युरोपेली साहित्यको दाँजोमा पुऱ्याएका छन् । परम्परागत मान्यतालाई मात्रै अघि सार्दै देखा परेको नेपाली उपन्यास जगत्लाई बाङ्देलले नयाँ मूल्य, मान्यता र नयाँ शैलीले सिगाँरेर बेजोड बनाएका छन् । यिनको वि.सं. २००४ सालमा प्रकाशित **मुलुक बाहिर** उपन्यासले तत्कालीन नेपाली समाजमा देखापरेका राजनीतिक, आर्थिक, भौगोलिक, ऐतिहासिक, शैक्षिक र सामाजिक समस्याहरूलाई वास्तविक रूपमा पाठक समक्ष राखिदिएर यथास्थितिको ज्ञान दिई समाजलाई सचेत गराउनुको साथै भइरहेको औपन्यासिक धारालाई नै नयाँ मोड प्रदान गरी नौलो आयाम प्रतिष्ठापन गरेको छन् । यसैगरी बाङ्देलका **माइतघर** (२००५), **लङ्गडाको साथी** (२००८), र **रेम्ब्रान्ट**

(२०२३) उपन्यासहरू पनि नेपाली उपन्यास साहित्यका महत्वपूर्ण प्राप्ति हुन । बाङ्देलको आगमनबाट नेपाली उपन्यास साहित्यले कोल्टे फेरेको पाइन्छ। यिनले उपन्यास क्षेत्रमा मात्र नभई विभिन्न साहित्यिक विधामा आफ्नो महत्वपूर्ण योगदान प्रदान गरेका छन् ।

## ३.६ निष्कर्ष

नेपाली उपन्यासको इतिहासमा आधुनिक कालको दोस्रो प्रवाह छुटाउने लैनसिंह बाङ्देलले यथार्थको धरातलमा शिल्पगत नवीनता प्रदान गर्दै सामाजिक यथार्थलाई सर्वप्रथम प्रतिष्ठापन गरेका हुन् । बाङ्देलका उनका चारै वटा उपन्यासहरू (**मुलुक बाहिर**, **माइतघर**, **लङ्गडाको साथी** र **रेम्ब्रान्ट**) को समग्र भावभूमिले करलाग्दो आर्थिक स्थितिले रहरलाग्दो जीवन क्षत् -विक्षत् हुन पुगेका, मुलुक बाहिरिएर पनि उँभो लाग्न नसकेका अनि मुलुक बाहिर रैथाने भएर बसेकाहरूको दयनीय परिस्थितिहरूको उद्घाटन गर्नु नै बाङ्देलको मूल औपन्यासिक परम्परा हो । यसरी बाङ्देलका कला-साधनामा दुःखान्त्य नाटकीय भावभूमि, करूणामय, प्रकृति-साहचर्य, मानसिक अर्न्तद्वन्द्वको टड्कारो सामजिक यथार्थ, कलात्मक परिष्कार नै औपन्यासिक प्राप्तिहरू हुन् । निम्न-मध्यम र निम्न वर्गका चरित्रहरूको चित्रण गरेर सामाजिक आर्थिक विषमतालाई उदाङ्ग पार्ने अभीष्ट नै बाङ्देलको प्रवृत्तिगत मूल प्राप्ति हो ।

परिच्छेद चार

# मुलुक बाहिर उपन्यासमा परिवेश चित्रण

## ४.१ स्थान (देश)

**मुलुक बाहिर** उपन्यासको औपन्यासिक कथानकको सुरूवात नेपालको पहाडी क्षेत्रको अरूण खोलाबाट भएको छ । यस उपन्यासको प्रमुख पात्र रने आफ्ना साथीहरूसँग प्रत्येक हिउँद मुगलान आउने जाने गर्दछ । यस सन्दभमा "त्यो हिउँदभरि रनेले साथीहरूसित मिलेर टिस्टातिर आरा काट्ने काम गऱ्यो - दुई चार पैसा पनि कमायो । हिउँद जान लाग्यो - त्यसका कम्मरमा दुई -चार पैसा भयो - रने आफ्नो घर अरूण खोला फर्क्यो (पृ. १)" । "एक हिउँद साथीहरूका होहोरीमा लागेर म्याउची पनि दोरलिङ हेर्न तम्सिएर गोठबाट भागेर आई (पृ. २)"-भनिएकाले प्रस्तुत उपन्यासका पात्रहरूको कार्यस्थल प्रारम्भिक चरणमा नेपालको अरूण खोला पारिपारिदेखि दार्जिलिङ र दार्जिलिङ आसपासका स्थानहरू रहेका छन् । अरूण खोला वरिपरि भेगमा बस्ने उपन्यासका प्रमुख पात्रहरू रने, म्याउची, माहिला भुजेल र मसिनीहरूले घाँस दाउरा, मेलापात गर्दा र गोठाला हुँदा सँगालेका प्रीतिसँगै मुगलान पसेका छन् । तिनीहरूले टिस्टा वरिपरिका वन पाखाहरूमा आरा काट्ने तख्ता, बीम, बटम बाक्ने र दरबानी काम गर्ने गरेका छन् । पहिले पहिले दार्जिलिङको झिलिमिली हेर्दा छक्क पर्ने ती मुगलानेहरू दिनभरि श्रमिक काम गरेर बेलुकी खाना खाएपछि टिस्टा पुलनेरको डेराहरूलाई बिनायो र मुर्चुङ्गाले रसमय बनाएका छन्. । ती श्रमिकहरूमा दुनियाँको छक्का-पन्जा र छलकपट छैन् । त्यहीँ टिस्टा पुलनेर विवेकी खालिङ बुढाले वास गर्दछ, ठटयौले कान्छा राईले साथीहरूलाई हँसाउँछ, म्याउचीलाई आकाशको जूनसँग तुलना गर्ने माहिला भुजेलको पहिलेको डेरा त्यहीँ हुन्छ र लैवरीको गीत गाएर अरूण खोलाको वन पाखा घन्काउने रनेले टिस्टाको जङ्गलमा पनि पात चुँडेर पिपीरी बाजा बजाउँदै म्याउचीसँग पिरती त्यहीँ लगाउँछ । अनि रनेले एक दिन रिसको झोंकमा परी त्यही टिस्टाको पानीमा म्याउचीको हत्या गर्दछ । यस सन्दर्भमा "रनेले म्याउचीलाई जुरूक्क उठायो अनि यताउति हेरेर डिलमुन्तिर सऱ्यो र तलतिर हेरेर म्याउचीलाई तल पानीमा फ्याँकिदियो !! (पृ. २५)" यहाँ घटना कृत्रिम नभएर स्वाभाविक छ र त्यसले करूणा त्रासद स्थितिको सिर्जना गरेको छ । त्यसैले समालोचकले बाङ्देलको मुलुक बाहिर उपन्यास एउटा श्रेष्ठ त्रासदी उपन्यास हो भनेका छन् (शर्मा, २०६१ : ५२) । यसरी प्रस्तुत उपन्यासका

पात्रहरूको प्रथम कार्यस्थल नेपालको अरूण खोलाको आसपासदेखि टिस्टाको आसपास हुन पुगेको छ ।

म्याउचीको मृत्यु पश्चात प्रथम विश्वयुद्धको हाहाकारमा रनबहादुर भर्ती जानाले कुइटा छाउनी हुँदै पञ्जाब, बगदाद, अफगानिस्तान, ग्यालीपोली, र मेसोपोटामिया, फ्रान्ससम्म प्रस्तुत उपन्यासको देश पुगेको छ । कुइटा छाउनीमा छँदा दलबहादुरसित रनेको मित्रता गाँसिन्छ । रने युद्धमा अफगास्तिान पुगेर लडाँइमा राति गोली हानाहान हुन्छ भने उता दलबहादुर बगदादमा लड्दा पाखुरामा गोली लागेर घाइते भई पञ्जाबको अस्पतालमा भर्ना हुन्छ । युद्ध बिराम भएपछि दलबहादुरलाई खोज्दै रने पञ्जाब पुग्दा अस्पतालमा घाइते भेटेकाले सेवा गर्दै दलबहादुरको घर घुम पहाडमा आइपुग्छ । रने दलबहादुरको घरमा बस्दाबस्दै एक दिन माहिला भुजेल र मसिनीलाई दार्जिलिङको चोक बजारमा भेटी दलबहादुरको घरमा तिनीहरूलाई लान्छ । मसिनीमा म्याउचीको छाप पाई अपराध बोधले एक दिन कटुसको बोटमा झुन्डिएर आत्महत्या गर्दछ । घुमन्ते प्रवृत्तिको दलबहादुर कामको खोजीमा आसामको कोइला खानीमा केही समय काम गरी घर फर्कन्छ भने उता माहिला भुजेल दलबहादुरको घरमै आश्रय पाई गाइगोठ पाली घिउ व्यापारतिर पनि हात लाएर सिलिगुडी, नक्सालबारी र मधेशसम्म ओहर दोहोर गर्दागर्दै सेर्बा बुढाको दोचारे कुराले स्वास्नी मसिनीलाई कुटी सिलिगुडी, कलकत्ता हुँदै बर्मा पुग्दछ । पहिले जाँड रक्सी र जुवा तासदेखि टाढै रहने माहिला भुजेल बर्मा पुगेपछि त्यसैमा लठ्ठ हुन्छ । उपन्यासमा बर्माका प्रवासी नेपालीहरूको चित्रण यस्तो छ :

> दिनभरि लोग्नेमानिसहरू दरबानी काम गर्छन्- स्वास्नी मान्छेहरू चाँहि घरघरमा रक्सी बनाउँछन् - बेलुकी भएपछि गोर्खालीहरू थुप्रिन्छन्- रक्सी खान्छन्, तास जुवा खेल्दछन् ! त्यहाँका स्वास्नी-मान्छेहरू पनि पुरुषसरह रक्सी खान्छन् तास जुवा खेल्दछन् । दूर प्रदेशमा, छाडा भएका यी नेपालीहरूले आफ्नो जन्मगत सभ्यता, संस्कृति र आहार व्यवहार सबै दिन प्रतिदिन बिर्सन लागेका थिए । त्यहाँको वातावरण नै त्यस्तो । तर दूर देशमा अन्य विदेशीहरूका संसर्गमा रहेर पनि ती गोर्खालीहरूले कहिले उँभो लाग्ने मति लिएनन् ।

> माहिला भुजेल अब बर्मामा बस्न थाल्यो । ती गोर्खालीहरूका सहवासमा बसेर उसले केही आत्मोन्नति गर्न सकेन पैसा कमाउन पनि सकेन । उसका आशा र उमङ्ग सबै विनष्ट भए । उ जति पैसा कमाउँथ्यो त्यो सबै तास र जुवा खेलेर उडाउथ्यो । पहिले पहिले ता ऊ उति रक्सी खाँदैनथ्यो तर अधोगति भएका सम्प्रदायमा बसेर उसले पनि खूब रक्सी खान थाल्यो । त्यसपछि ता उसको राम्रै पतन भयो (पृ. १६९) ।

परदेशमा रहँदा पनि छोरी रूपाको सम्झना गरिरहने माहिला भुजेललाई दोस्रो विश्वयुद्धको हुण्डरीले रङ्गुन, पेगु र पार्वतीपुर हुँदै दार्जिलिङ् ल्याई पुऱ्याउँछ । दलबहादुरले खोलिदिएको चिया पसलमा रूपासँग भएको चिनजान र माहिला भुजेलको मृत्यु भएबाट उपन्यासको कथानकको अन्त्य हुन्छ ।

यसरी प्रस्तुत उपन्यासको प्रथम खण्डको देश टिस्टा पुल आसपास केन्द्रित रही अरूण खोला आसपाससम्म विस्तारित छ भने द्वितीय खण्डदेखि अन्त्यसम्ममा दाजिलिङको घुम पहाडमा रहेको दलबहादुरको घर केन्द्रबिन्दु रही अरूण खोला, आसाम, सिलीगुडी, नक्सालबासी, कलकत्ता, पेगु, रङ्गुन, पार्वतीपुर, बर्मा, कुइटा छाउनी, बगदाद, अफगानिस्तान, मेसोपोटामिया, ग्यालीपोली र फ्रान्ससम्म विस्तारित भएको छ । दार्जिलिङको घुम पहाड नै उपन्यासको केन्द्रविन्दु हो किनभने बर्माको परिवेशको छोटो चित्रण बाहेक अन्य स्थानहरूको वातावरणलाई विस्तृत रूपमा चित्रण गरिएको छैन । दार्जिलिङ र दार्जिलिङको पनि घुम पहाडको सेरोफेरोमा अझ गाउँले परिवेशको चित्रणमा **मुलुक बाहिर** उपन्यासको देश फनफनी घुमेको छ । उपन्यासमा आएका विभिन्न स्थानहरूले उपन्यासलाई स्वाभाविकता प्रदान गरेका छन् साथै कथानकलाई गति दिनमा मद्दत पुऱ्याएका छन् । भौगोलिकता, भेषभूषा, लवाइ खुवाइ, रहन सहन, भाषा आदिजस्ता कुराहरूले पनि स्थानगत विविधता दर्शाएका छन् । खासगरी मुगलानमा पनि नेपाली सामाजिक परिवेशलाई व्यापक रूपमा समेटेको यो उपन्यास अन्तर्राष्ट्रिय परिवेशसम्म फैलिन सकेको छ । घाम, पानी, खोला नाला, हिउँद, वर्षा, जाडो, गर्मी, झरी, बादल, मेघ, बिजुली, गाउँ, सहरजस्ता पक्षहरूको पनि उल्लेख भएको छ । विभिन्न परिवेशमा पात्रलाई उभ्याएर उपन्यासकारले व्यापक स्थानगत परिवेशमा यस उपन्यासको संरचना तयार पारेका छन् ।

## ४.२ समय (काल)

**मुलुक बाहिर** उपन्यास २००७ सालपूर्वका नेपालको आर्थिक र सामाजिक धरातललाई बोकेर दार्जिलिङ पुगेको र विशेष गरी पहिलो र दोस्रो विश्वयुद्धको विभीषिका भोगेको नेपाली जीवनलाई मुख्य विषय बनाएर लेखिएको उपन्यास हो । वि.सं. २००४ सालमा लेखिए पनि यस उपन्यासले ग्रहण गरेको समय यसभन्दा लगभग ३०-३१ वर्ष अघिदेखिको देखा पर्दछ । तत्कालीन समयको सामाजिक आर्थिक परिवेश, नेपालीहरूको मुगलान पस्नुपर्ने बाध्यताको यथार्थ चित्रण यस उपन्यासमा भएको छ । यस उपन्यासले वि.सं. १९६९ (सन् १९१२) देखि वि.सं. १९९८ (सन् १९४१) सम्मको अवधिलाई समेटेको छ । यस उपन्यासका पात्रहरू पहिलेदेखि हिउँद मुगलान आउने जाने प्रसङ्ग छ । यसै सन्दर्भमा उपन्यासमा लेखिएको छ :

> हिउँद लाग्यो । अब पहाड खण्डबाट मानिसहरू फेरि धमाधम मुगलान पस्न थाले । यसरी बर्सेनि उनीहरू मुगलान आउँछन्- मुगलान पसेर आरा काट्ने, ढुलाई गर्ने ठेका काम गर्छन् । हिउँदभरि यसरी काम गरेर एक-दुई पैसा कमाएपछि उनीहरू फेरि पहाड फर्कन्छन् । एक हिउँद रने पनि मुगलान पस्यो (पृ. ३) ।

यसरी पहिलेदेखि प्रत्येक हिउँद मुगलान आउने जाने प्रसङ्ग प्रस्तुत भए पनि मूल रूपमा प्रथम विश्वयुद्ध (सन् १९१४) र दोस्रो विश्वयुद्ध (सन् १९३९) को आयतन भित्र मुलुक बाहिर उपन्यासको कथावस्तु टाँगिएको छ । यसको समयावधि यही दुई महायुद्ध बिचको करिब ३०-३१ वर्षको अन्तरालभित्र देखिन आउँछ । जुनबेला नेपालमा जहानियाँ राणा शासनको जगजगीले नेपाली समाजमा निम्न वर्गका जनताहरू हात मुख जोर्ने समस्या बोकी मुलुक बाहिरिन्थे । यही सामाजिक आर्थिक समस्याको चित्रण **मुलुक बाहिर** उपन्यासमा भएको छ ।

प्रत्येक वर्षको दशैंपछि हिउँद लागेपछि चैतसम्म ४/५ महिना उत्पादनमूलक केही काम नहुने हुनाले र हिउँदभरि खाली नै बस्नुपर्ने हुनाले नेपालीहरू काम र मामको खोजीमा मुगलानतिर बाहिरिन्थे । उपन्यासको सुरूवात "हिउँद लाग्यो । अब पहाड खण्डबाट मानिसहरू फेरि धमाधम मुगलान पस्न थाले (पृ. ३)" । बाट भएको छ, यस प्रसङ्गबाट नेपालीहरूको मुगलान पस्ने, समस्या अघिबाट नै निरन्तर चलिरहेको प्रक्रिया हो ।

उपन्यासको प्रमुख पात्र रने पनि कामको खोजीमा वि.सं. १९६९ सालतिर एक हिउँदमा मुगलान पस्दछ । २/४ महिनाका लागि परदेशिएका युवा युवतीहरू उतै जोडी बाँधिएर सानोतिनो ज्यालादारी, ठेक्कापट्टाको काम गरी गुजारा गर्ने गर्दछन् । यसै सन्दर्भलाई उपन्यासमा यसरी वर्णन गरिएको छ :

> टिस्टा पुलको अलि पर जङ्गलपट्टि दुई-तीनवटा डेराहरू छन् । जूनको घुर्मैलो टक ती डेराको धुरी धुरीमा लागेको देखिन्छ । हावाले धुरीधाट निस्केको धूवाँलाई तेर्छ्याएर उतै मधेशतिर लाँदैछ (पृ. १८) ।

टिस्टा खोला छेउको डेरामा रने, म्याउची, माहिला भुजेल, खालिङ बुढा आरा काट्ने, तख्ता, बीम बटम बोक्ने, दरवानी काम गरी जीवन यापन गर्दछन् । उपन्यासको प्रथम खण्डमा वि.सं. १९६९ वरपरको समयको चित्रण भएको छ । अरूण खोलाको डेरा मै रहँदाबस्दा एकदिन रने र म्याउची बिच भएको ठाकठुलले रनेले म्याउचीको हत्या गर्दछ । यस घटनाले उपन्यासको कथावस्तुमा नयाँ मोड ल्याएको छ । उपन्यासको दोस्रो खण्डमा वि.सं. १९७१ (सन् १९१४) सालको प्रथम विश्वयुद्धको प्रसङ्ग छ । रने, दलबहादुर सेनामा भर्ती भई विभिन्न ठाउँमा लडाँइ गरी वीरता प्राप्त गरेका छन् । दलबहादुरसँगको मित्रताका कारण रने घुम पहाडमा बस्न थाल्दछ । एक दिन दार्जिलिङको बजारमा घुम्दै गरेको बेलामा माहिला भुजेल र मसिनीसँग रनेको भेटघाट भएपछि उनीहरू सबै दलबहादुरको घरमा बस्न थाल्दछन् । यस्तै घटनाहरूमा आधारित भएर उपन्यासको समय अघि बढ्दछ । रनेको आत्महत्या, सेर्बा बुढाको इष्यार्लु र शङ्कालु स्वभावले उपन्यासको कथानकलाई दुःखान्त बनाएको छ । चौथो खण्डमा दोस्रो विश्वयुद्धको हाहाकारलाई यसरी व्यक्त गर्न सकिन्छ ।

> संसारमा कसैले सपनामा कल्पना नगरेको कुरो भयो । लडाईंले हाहाकार, अनिकाल, भोक, अत्याचार, रोग, देशान मृत्यु जम्मै सोहोरेर फेरि संसारका अघिल्तिर राखिदियो । मानव जातिको संसारमा एक दिन फेरि यस्तो दुर्दशा भयो (पृ. १६२) ।

दोस्रो विश्वयुद्ध (सन् १९३९) वि.सं. १९६९ सालमा बर्मामा नेपालीहरूले भोगेका दुःखका कारण मानिसहरू आफ्नो ज्यान जोगाउनका लागि दार्जिलिङ आसामतिर पस्न बाध्य भए । कतिले आफ्ना छोराछोरी हराए । कतिले हतारमा जीउ जोगाउँदै भाग्दा उतै आफ्ना छोरा-छोरी छोडे । कतिले बाटामा बिरामी परेका आफ्ना जहान, बाल-बच्चालाई पनि उतै

छोड्नु पर्‍यो । त्यस बेला कति नानीहरू टुहुरा-टुहुरी भए कति आमा-बाबु सन्तान विहीन भए । बर्माको लडाइँका कारण कति नेपालीहरू आसाम पसे कति दार्जिलिङ पसे यही बेला १८ वर्षदेखि बेपत्ता भएको माहिला भुजेल पनि फेरि दार्जिलिङ आइपुग्यो । दार्जिलिङको घुम स्टेसनमा रूपाको चिया पसलमा भएको माहिला भुजेल र रूपा बिचको चिनजान र माहिला भुजेलको मृत्युसँगै उपन्यासको कथानकको अन्त्य भएको छ ।

प्रस्तुत उपन्यास वि.सं. १९६९ (सन् १९१२) मा सुरू भएर वि.सं. १९९८ (सन् १९४१) मा अन्त्य भएको छ । ३०-३१ वर्ष बिचको समयावधिलाई उपन्यासले समेट्को छ । तत्कालीन समाजमा प्रचलित शोषण, उत्पीडन र विसङ्गतिहरूलाई उपन्यासमा रोचकताका साथ प्रस्तुत गरिएको छ । वि.सं. २००४ सालपूर्वको नेपालको आर्थिक र सामाजिक समस्या लिई मुगलान पुगेको र त्यहाँका नेपालीहरूको सङ्घर्षमय जीवनको चित्रण गरिएको छ । दुई विश्वयुद्ध बिचको आतङ्कको हाहाकारलाई यस उपन्यासले समेटेको छ । तत्कालीन समयको सङ्घर्ष, सुख, दुःख, क्रोध, परम्परा, समाज र व्यक्ति, पुरानो र नयाँपन आदि विविध पक्षहरूलाई विभिन्न पात्रहरूद्वारा प्रस्तुत गरिएको यस उपन्यासमा वि.सं. २००४ सालभन्दा अघिको चित्रण भएको छ । सन् १९१२ पछिका ३०-३१ वर्षका बिचको समयको सङ्क्रमणकालीन अवस्था **मुलुक बाहिर** उपन्यासको परिवेश हो ।

### ४.२.१ संस्कार र संस्कृति

**मुलुक बाहिर** उपन्यासमा नेपाली समाजमा प्रचलित सामाजिक, सांस्कृतिक चालचलन, रहनसहन, मानमर्यादाका साथै हिन्दू संस्कृति पनि पाइन्छ । यस उपन्यासमा रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, दलबहादुरकी बूढी आमा, रूपा आदिको स्वभाव, व्यवहार र संस्कार आदि स्पष्टिएका छन् । यिनीहरूको जीवनका विविध पक्षहरूलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

अरूण खोला वारिपारि भेगहरूमा बस्ने रने, म्याउची, माहिला भुजेल, खालिङ बुढा, कान्छा राईहरूले घाँस दाउरा मेलापात गर्दा र गोठाला हुँदा सँगालेका प्रीतिसँग मुगलान पसेका छन् । दार्जिलिङको झिलिमिलि हेर्दा छक्क पर्ने मुगलानेहरू दिनभर श्रमिक काम गरेर बेलुकी खान खाएपछि टिस्टा पुलनेरको डेराहरूलाई बिनायो र मुर्चुङ्गाले रसमय बनाउने गर्दछन् । मुगलानमा बसेर पनि उनीहरूले माघे सङ्क्रान्तिजस्तो पर्व मनाउने गर्दछन् । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ :

> माघे सङ्क्रान्ति आयो । पहाडमा भए ता माघे सङ्क्रान्तिका दिन प्रातः काल अरूण खोला कि ता सुनकोसी, कि ता दुधकोसी, कि ता तामाकोसी गएर नुहाउनुपर्थ्यो- गोठालाहरू वनका तरूल र दही मही घर- घरमा ल्याइपुऱ्याउँथे - खुब चाड मनाइन्थ्यो । परदेशमा भने सङ्क्रान्तिको बिहानै टिस्टा खोलामा गएर नुहाउने तथा वरपरबाट तरूल, कन्दमुल इत्यादि खोजी ल्याएर उसिन्ने सबैको सल्लाह भयो (पृ. १४) ।

यस उपन्यासको पात्र खालिङ बुढामा साँस्कृतिक परम्परागत मान्यता पाइन्छ । खालिङ बुढाले रने र म्याउचीको टीकोटालो गरिदिने काम गरेको छ । पात्रहरू निम्न वर्गका भए पनि दीन- दुखी र अशक्तहरू प्रति सहयोगी भावना देखाउनु, अतिथि प्रति श्रद्धा र सम्मान प्रकट गर्ने आचरणलाई पालन गरेका छन् । दलबहादुरले रने, माहिला भुजेल र मसिनीलाई आफ्नो घरमा आश्रय दिएको छ । दलबहादुरकी आमाले आफ्नो छोरालाई लडाइँबाट बचाएर ल्याउने रनेलाई माया ममता दिएकी छिन् । माहिला भुजेल र मसिनीलाई आफ्नो घरमा आदर स्वरूप आश्रय दिएकी छिन् । दलबहादुरको छोरा जन्मिएकाले सबै खुसी भएका छन् । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ : "न्वारानको दिन खुब हर्षबढाइँ भयो (पृ. १४२) ।" यहाँ हिन्दु संस्कार अनुसार नै न्वारान गर्ने परम्परा रहेको छ । शिशुको जन्म भएपछि घरमा आनन्दमय वातावरण छाएको छ । मानिसको मृत्यु भएपछि मलामी जाने, लास जलाउने र तेह्रदिनसम्म काजक्रिया गर्ने चलन नेपाली हिन्दू संस्कारमा पाइन्छ । उपन्यासमा सांस्कृतिक सन्दर्भलाई यसरी प्रस्तुत गरीएको छ ।

> अन्त्येष्टि क्रिया सब शेष भयो । तीन -चार दिनसम्म राति -राति छिमेकीहरू त्यो मरौ मरौको घरमा आएर बसे सहानुभुति प्रकट गरे, कसैले रामायण पढेर घर पवित्र पारिदिए (पृ. १४८) ।

यसरी उपन्यासमा दलबहादुरकी बुढी आमाको दाहसंस्कार र काजक्रिया हिन्दूसंस्कार अनुसार नै गरिएको छ । मसिनीले माहिला भुजेललाई माया, दलबहादुरलाई आदर गरेकी छे । परिवारका सदस्यहरूलाई खाना ख्वाउनु, आदर गर्नु र मायाममता दिनु आफ्नो कर्तव्य ठानेकी छे । काम गर्न नसक्ने बुढाबुढी भएका आमाबाबुलाई छोराले पालनपोषण गर्ने प्रचलन त्यस समाजमा आज पनि जीवित नै रहेको छ । दलबहादुरकी आमालाई दलबहादुर, दलबहादुरकी पत्नी र मसिनीले माया ममता दिएका छन् । रूपाले आफूभन्दा साना भाइ

बहिनीहरूलाई माया र ठुलालाई आदर गरेकी छे । माहिला भुजेललाई वृद्ध अवस्थामा भेटेपछि आफ्नो बाबु भनेर थाहा नपाउँदा पनि मानवताको नाताले खानेकुरा, आश्रय दिएकी छे यो पनि हिन्दुसंस्कार हो । माहिला भुजेलले आफ्नी निर्दोष पत्नी मसिनीलाई रिसको आवेगमा निर्मततापूर्वक कुटेर हिडेका कारण नारी समाजले भोग्नुपरेको बाध्यता र पालन गनुपर्ने परम्परित मान्यता पनि यस उपन्यासमा देखापर्दछ ।

## ४.२.२ धार्मिक पक्ष

**मुलुक बाहिर** उपन्यासका पात्रहरू हिन्दू धर्ममा विश्वास राख्छन् । यस उपन्यासका पात्रहरू रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, कान्छा राईजस्ता पात्रहरूले हिन्दू धर्म अनुसार मानिने पर्वहरू माघे सङ्क्रान्ति, दशैं, तिहारजस्ता पर्वहरू मुगलान मै बसेर पनि मनाएका छन् । आफ्नो मुलुकमा माघे सङ्क्रान्ति मनाउँदा अरूण खोलामा गएर नुहाउने, वनका तरूल खाने चलन भएपनि मुगलानमा त्यो प्राप्त नभएका कारण टिस्टा खोलामा गएर पर्व मनाएका छन् यसैं सन्दर्भमा उपन्यासमा भनिएको छ :

> तिनताक मेलामा रक्सी र जाँड प्रशस्त पाइन्थ्यो । भोलि सङ्क्रान्ति छ आज बेलुकादेखि नै मानिसहरू जाँड-रक्सी खाएर मेला टारमा डुल्न लागे । ठाउँ-ठाउँमा भेला भएर गीत गाउन थाले, जुवारी खेल्न थाले, कतै लिम्बू-नाच, कतै डम्फू नाच, कतै धान-नाच कतै जुवा खेल्न लागे पृ. (१४) ।

यस उपन्यासका पात्रहरू राई, लिम्बू जातिका भएका कारण जाँड-रक्सी खाएर विभिन्न नाचहरू नाचेर पर्व मनाएका छन् । कुखुरा, हाँस, परेवा, भेडा, बाखा, आदि जीवहरूलाई बलि दिएर माईको पुजा गरिएको छ । नेपाली हिन्दू संस्कारमा सङ्क्रान्तिका दिन स्नान गऱ्यो भने सबै पाप काटिन्छन्, रोग-कष्ट ठीक हुन्छ भन्ने मान्यता छ यसैअनुसार यस उपन्यासका पात्रहरूले माघे सङ्क्रान्ति मनाएका छन् । पात्रहरूले माघे सङ्क्रन्तिका साथै दशैं, तिहारजस्ता पर्व पनि मनाएका छन् । यसै सन्दर्भमा भनिएको छ :

> दसैं आइहाल्यो । सबै छिमेकहरूले घर लिपलाप गरे-पचेरा लाए । सफा सुग्घर गरी चाडमा घर परिष्कार पारे । फेरि तिहार आयो । तिहारमा पनि डम्फु बनाउँदै गीत गायो, नाच्यो-देउसी-भैलो खेल्यो (पृ. ४६-४७) ।

दसैं, तिहारमा घर सफा पार्ने चलन नेपाली संस्कारमा छ । यस उपन्यासमा जन्म, संस्कार, मृत्यु संस्कारहरू नेपाली संस्कार अनुसार गरिएको छ । दलबहादुरकी आमाको मृत्युसंस्कार हिन्दू परम्परा अनुसार गरिएको छ । माहिला भुजेल, दलबहादुरको सन्तान जन्मदा हर्षोल्लास छाएको छ । माहिला भुजेलले मसिनीलाई छाडेर बेपत्ता भएपछि मसिनीलाई दसैं, तिहारजस्ता पर्वहरू पनि शून्य लागेको छ । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ :

> दसैं आइहाल्यो । गाउँ-घरमा छिमेकले मालसिरी गाएको सुनियो । वन-वनमा भ्याउँकीरीहरू विहानै रमाइलो गरी कराउन लागे । दिन सफा हुँदै गयो । घाम रमाइलो लाग्दै गयो । एउटी विरही नारीको संतप्त हृदयलाई दसैं छेकाको घामले पनि स्पर्श गऱ्यो (पृ. १२३) ।

दसैं पर्वले मसिनीको हृदयमा अतीतको सम्झना गराएको छ । माहिला भुजेल र मसिनीसँगै हुँदा दसैं तिहारजस्ता पर्व धुमधामसँग मनाउने गर्दथे तर माहिला भुजेल नभएपछि मसिनीलाई चाडपर्वको उमङ्ग देखिँदैन । यसरी यस उपन्यासका पात्रहरू आफ्नो मुलुकबाट टाढा मुगलान भए पनि आफ्नो संस्कृतिबाट भिन्न भएका छैनन् । उनीहरूमा धार्मिक सहिष्णुता पाइन्छ ।

## ४.२.३ जीवन पद्धति

**मुलुक बाहिर** उपन्यासले रने, म्याउची, माहिला भुजेल, मसिनी, खालिङ बुढा, कान्छा राई, दलबहादुर, दलबहादुरकी आमा, रूपासँग सम्बन्धित व्यक्तिहरूको जीवनपद्धतिलाई समेटेको छ । यी पात्रहरूले मुगलानमा रहेर पनि आफ्नै पारिवारिक संस्कारभित्र रहेर जीवनयापन गरेका छन् । सम्पूर्ण पात्रहरूले निम्न वर्गीय जीवनपद्धति निर्वाह गरेका छन् । टिस्टा खोला छेउको डेरामा बस्ने रने, म्याउची, माहिला भुजेल कान्छा राई, खालिङ बुढाजस्ता पात्रहरू दिनभर ठेक्काको काम गर्दछन्, बेलुका भएपछि थकित भएर आफ्नो डेरामा फर्कन्छन् । कोही सुकेका दाउरा बाल्ने गर्दछन्, कोही धुनी आनन्दमय ज्वालाका रापले न्यानो पार्ने काम गर्दछन् । यी पात्रहरू आफ्नो देश, सभ्यता, संस्कृति र शिष्टाचारदेखि धेरै टाढा बसे पनि यिनीहरूमा सरल चोखो, निष्कपट र निष्कलङ्क भावना पाइन्छ । यिनीहरूमा छलकपट छैन, संसारको छक्का-पञ्जाको केही ज्ञान छैन । यिनमा एक-अर्काप्रति माया, दया र सद्भाव पाइन्छ । दलबहादुरले रने, माहिला भुजेल र

मसिनीलाई आफ्नो घरमा स्थान दिएको छ । मसिनी अरूको सेवा गर्नुमा नै आफ्नो कर्तव्य ठान्छे, उसकै माया ममतामा रूपा, दलबहादुरको परिवार र छरछिमेकी बाँधिएका छन् । माहिला भुजेल लगनशील र परिश्रमी छ, यसै सन्दर्भमा उपन्यासमा भनिएको छ :

> माहिला भुजेलको गाई-गोठ पनि बढ्दै गयो । उसले आफ्ना अपरिचित परिश्रमले गर्दा निकै पैसा कमायो । दुईवटी दूध दिने गाईको सट्टा अब पाँचवटी गाईहरू भए । गाईगोठको काम आफूले सबै नभ्याउने हुनाले उसले अर्को गोठालो पनि राख्यो (पृ. ८६) ।

यसरी माहिला भुजेलले आफ्नो मेहनतले उन्नति गरेको छ । **मुलुक बाहिर** उपन्यासका पात्रहरूको जीवनपद्धति मुगलानसँग गाँसिन पुगेको छ । बर्मामा भएका नेपालीबासीहरूले आफ्नो सभ्यता, संस्कृति र आहार व्यवहार प्रत्येक दिन बिर्सदै गएका छन् । स्वास्नी मानिसहरूले रक्सी बनाउने काम गर्दछन्, रक्सी खान्छन् र जुवातास खेल्दछन् । त्यहाँको दिनचर्या यसरी नै बित्ने गर्दछ । यस उपन्यासमा निम्न मध्यम वर्गीय जीवनपद्धति निर्वाह गर्ने पात्रहरू देखि निम्न वर्गीय जीवन पद्धति निर्वाह गर्ने पात्रहरूलाई सहज रूपमा उपन्यासकार बाङ्देलले समायोजन गरेर उपन्यासलाई जीवन्त बनाएका छन् ।

## ४.२.४ प्रकृति चित्रण

पृथ्वीको गतिको वार्षिक चक्रका आधारमा नै प्रकृतिका विभिन्न मौसम वा ऋतुहरूको परिवर्तन हुन्छ (आचार्य, २०५८ : १३१) । **मुलुक बाहिर** उपन्यासमा बाङ्देलले प्रकृति चित्रण सफल रूपमा गरेका छन् । **मुलुक बाहिर** उपन्यासमा वसन्त ऋतुको चित्रण कम देखिन्छ । यस उपन्यासमा माहिला भुजेल घर छोडेर अज्ञात यात्रामा हिँडेपछि मसिनीको गृहस्थीमा समयको गुज्रँको क्रमलाई प्रकट गर्न ऋतुहरूको आउने र जाने सिलसिलाको उल्लेख गर्दा वसन्त ऋतुको वर्णन देखा पर्दछ । उपन्यासमा वसन्त ऋतुको वर्णन निम्न अनुसार गरिएको छ :

> वसन्तको आगमन भए पछि रूख रूखमा पुराना पातहरू झरेर नयाँ पालुवाहरू फेरिन लागे ।

यहाँ वनस्पतिमा हिउँछ पछि आउने वसन्त ऋतुले ल्याएको पालुवा परिवर्तन उतारिएको छ । यस वर्णनको उद्देश्य वसन्तको प्राकृतिक क्रियाको चित्रण नै हो । ऋतुहरूमध्येको दोस्रो ऋतु ग्रीष्म ऋतु र यसको चर्को घामको रापतापको चित्रण यस

उपन्यासमा पाइँदैन । तेस्रो ऋतु वर्षा ऋतुको उल्लेख पनि यस उपन्यासमा पाइन्छ । वर्षाका चित्रणहरूमा खास गरी बादल लागेको, पानी परेको, मेघ गर्जेको बिजुली चम्केको कुहिरो लागेको, पानीको मूल फुटेको, पहिरो गएको, र हरियाली लहलहाएको जस्ता विभिन्न प्राकृतिक गतिविधिको चित्रण गरिएको छ । वर्षा ऋतुको वर्णन उपन्यासमा निम्न प्रकारले गरिएको छ :

> वर्षायाम लागिहालेको थियो । बाहिर मुसलधारे दृष्टि एकोहोरो भइरहेको थियो । चारैतिर पर्वत, डाडाँ, रूखपात, गाउँ सबै झरीले रूझायो । चारै तिर प्रकृति एक प्रकारको उदास लाग्दो देखियो (पृ. १२५) ।

यसरी उपन्यासकारले वर्षात्को परिवेशलाई मानवीय मानसिक प्रतिक्रियासँग जोडेका छन् । प्रस्तुत उपन्यासमा शरद ऋतुको उल्लेख हिउँद र वर्षा ऋतुका तुलनामा कम गरेका छन् । हेमन्त र शिशिर ऋतुको नाम उपन्यासमा कतै लिइएको पाइँदैन । उपन्यासकारले हेमन्त र शिशिरलाई अलग-अलग नछुट्याई बढी रूपमा नै हिउँदको वर्णन गरेका छन् । हिउँदमा खेतीपाती थन्क्याई मङ्सिरपछि नै नेपालीहरू मुगलान तर्फ जाने सम्भावना हुँदा यस उपन्यासमा हेमन्त ऋतु (मङ्सिर-पुस) कै चित्रण गरिएको छ । त्यतिखेर जाडो पनि कम हुन्छ तर त्यसपछिको हिउँ बर्सने कठोर जाडोको चर्चामा शिशिर ऋतुको वर्णन पाइन्छ ।

वार्षिक चक्रका छ ऋतुमध्ये **मुलुक बाहिर** उपन्यासमा सबैभन्दा बढी हेमन्त र शिशिरको संयुक्त रूप हिउँद यामको चित्रण गरिएको छ । यस उपन्यासको घटनाक्रमको सुरूवात पनि हिउँदे यामबाट हुन्छ र अन्त्य पनि हिउँदमै भएको छ । तसर्थ हिउँद ऋतु यस उपन्यासको ऋतुसन्दर्भको केन्द्रीय तत्व बन्न पुगेको छ । **मुलक बाहिर** नामकरण गरिएको यस उपन्यासमा नेपालीहरू मुलुक बाहिर गएको परिवेशको चित्रण भएको र सो मुगलान वा मुलुक बाहिर जाने प्रसङ्ग हिउँद यामसँग बढी जोडिएको हुँदा नै यहाँ हिउँदको वर्णन ज्यादा मात्रामा गरिएको पाइन्छ । नेपाली जीवनमा हिउँदमा मुलुक बाहिर वा मुगलानतर्फ जाने प्रवृत्तिको खास भौगोलिक, आर्थिक कारणहरू छन् । नेपालको पहाडी क्षेत्रमा वर्षायाम खेतीपातीको कामको चापाचाप हुने र खेती थन्क्याएपछि खास गरी हिउँद यामममा उति काम नहुने भएकाले प्रायः पहाडी समाजका मानिसहरू हिउँदमा मुगलान गएर काम गरी

केही अतिरिक्त कमाइ गरि आफ्नो जीवन यापन गर्ने गर्दछन् । यस उपन्यासमा मुलुक बाहिरको परिवेशको चित्रण गरिएकाले हिउँदको अत्यधिक मात्रामा चर्चा गरिएको छ ।

उपन्यासकार बाङ्देलले **मुलुक बाहिर** उपन्यासमा **पहाडि** क्षेत्रको हिउँदे प्रकृतिका विभिन्न पक्षको चित्रण गरेका छन् । यस क्रममा हिउँदको आगमनले प्राकृतिक वातावरणमा ल्याउने दृश्य परिवर्तनको चित्रण गर्दा उनले पूर्ववर्ती ऋतुको हरियाली क्रमशः समाप्त भई वनस्पति जगत्मा रूखका पात पहेँलिने, सुक्ने र झर्ने दृष्टि दिएका छन् । हिउँदयामको चित्रणका क्रममा उपन्यासकारले तुषारो, कुहिरो, हिउँ परेको र पानी सिमसिम आएको वातावरणलाई विभिन्न प्रकारले प्रस्तुत गरेका छन् । हिउँदे दिन र रातका विभिन्न अवस्थाको वर्णन पनि प्रस्तुत उपन्यासमा पाइन्छ । हिउँद चर्किएपछि मध्य शिशिरका दिनहरूको चित्रण गरिएको छ । यस क्रममा आकाशमा डम्म बादल लागी घाम नउघ्रेको र पानी पर्ला-पर्लाजस्तो दिनको नीरव उराठलाग्दो र नरमाइलो अवस्थाको वर्णन विशेष प्रकारले गरिएको छ । यस क्रममा आकाशको फुस्रोपनको चित्रण विशेष मार्मिक छ । यस्तो अवस्थामा जाडो अत्यधिक बढ्ने हुँदा प्रायः बाटो सुनसान हुने र नहिँडिनहुँदा हिँडेको मार्मिक वर्णन उपन्यासकारले गरेका छन् । उपन्यासकारले हिउँदको चित्रणका क्रममा नेपाली जातिको हिउँदयामको सबभन्दा ठूलो सांस्कृतिक चाड माघे सङ्क्रान्तिको पनि वर्णन गरेका छन् । यस क्रममा पूर्वीय पहाडि नेपालबाट मुगलानिएका नेपालीहरूको दार्जिलिङमा रहँदा माघे सङ्क्रान्ति मनाएको र नदी तीर्थमा नुहाएको मेला भरेको अनि उसिने पोलेको कन्दमूल खाएको वर्णन पनि यस प्रसङ्गमा गरिएको पाइन्छ । यसबाट मुलुक बाहिर गएका नेपालीहरूले नेपाली संस्कृतिलाई सम्झिराखेको र स्थानीय परिवेशमा रही साँस्कृतिक चाडपर्वहरू मनाउने गरेको सङ्केत प्राप्त हुन्छ । हिउँदबाट थालिई हिउँद मै अन्त्य भएको यो उपन्यास सामाजिक, वैयक्तिक जीवन चत्रको हिउँदे उराठ, चिसोपन र नीरवताले ओतप्रोत दुःखान्त अभिव्यक्ति, भएको हुँदा यहाँ ऋतुचक्रको क्रममा हिउँदको व्याप्ति देखिन्छ ।

यसरी **मुलुक बाहिर** उपन्यासमा उपन्यासकारले सफल रूपमा प्रकृतिको चित्रण गरेका छन् ।

## ४.२.५ विचार चिन्तन

**मुलुक बाहिर** भन्दा पूर्वका उपन्यासहरूले निम्न वर्गीय सामाजिक धरातलमा केन्द्रित रहेर तिनीहरूको वास्तविकतालाई र तिनीहरूको सामाजिकतालाई छुने चेष्टा गरेका थिएनन् । भव्य महलहरू बिच र आदर्शको घेराभित्र रहेर **मुलुक बाहिर** पूर्वका उपन्यासहरूले यात्रा गरेको पाइन्छ । नेपाली औपन्यासिक परम्परामा श्रमिकहरूका डेराहरूमा र गरिबहरूका झुप्राहरूमा बास गर्दै तिनीहरूको सङ्घर्षमय अन्तर्वेदना र व्यथाहरूलाई उद्घाटन गर्ने प्रथम उपन्यास हो । **मुलुक बाहिर** आर्थिक दुरावस्थाले प्रवासिएका भारतीय नेपालीहरूको दुर्दशापूर्ण जिन्दगानीको चित्रण हो, समग्रमा आर्थिक तथा सामाजिक चिन्तन हो ।

नेपाली पूर्वी पहाड खण्डबाट प्रत्येक हिउँद लागेपछि कन्याङकुरूङको ताँती झैँ मुगलान पस्ने नेपालीहरूको रहर होइन् बाध्यता हो । आफ्नो जन्मथलोको बारम्बार सम्झना आए पनि प्रवासमै रैथाने भएर बस्नैपर्ने कारण पनि आर्थिक स्थिति नै हो । मरिन्छ भनेर जान्दाजान्दै सेनामा भर्ती हुन पुग्नु आर्थिक दुरावस्थाकै कारण हो । आर्थिक दुरावस्थाकै कारणले प्रवासी नेपालीहरूको समाज अस्त व्यस्त भएको उपन्यासमा प्रस्तुत गरिएको छ । आर्थिक दुरावस्थाकै कारणले **मुलुक बाहिर** का सम्पूर्ण पात्र पात्राहरू अनपढ, अशिक्षित छन् र अविवेकी भएका छन् । व्यक्ति र सम्पूर्ण समाजको संरचनामा आर्थिक तत्वकै भूमिका प्रबल रहन्छ । यसरी **मुलुक बाहिर** निम्नवर्गीय जीवनको रेखाङ्कन हो । नेपाली उपन्यासमा समाज त भित्रिएको थियो तर समाजको आर्थिक पक्ष लुप्त रूपमा थियो र **मुलुक बाहिर** नेपाली औपन्यासिक परम्परामा आर्थिक तथा सामाजिक चिन्तनलाई प्रस्तुत गर्ने प्रथम उपन्यास हो ।

## ४.२.६ भाषा

भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो । नेपाली वीर जातिलाई सुहाउँदो छिटो, छरितो भाषाको वर्णन भएका कारण **मुलुक बाहिर** उपन्यासको महत्व अत्यन्त बढ्न गएको छ । निम्नवर्गीय जीवनको यथार्थ चित्रण गरेर सामाजिक यथार्थलाई उद्घाटन गर्ने बाङ्देलको भाषाशैली प्रस्तुत उपन्यासमा सरल, स्वाभाविक र आकर्षक छ । औपन्यासिक घटनाहरूको वर्णन सरल, छोटा, सहज र स्वभाविक छन् धर्म, सभ्यता र संस्कृति अनि रीतिरिवाज, भेषभूषा र चालचलनलाई वास्तविकताको धरातलमा प्रस्तुत गरिएको छ ।

वर्णनात्मक भाषा-शैलीलाई अङ्गीकार गरिएको प्रस्तुत उपन्यासमा स्वाभाविकता ल्याउन नाटकीय ढङ्गमा संवादात्मक भाषाशैलीको पनि ठाउँ ठाउँमा प्रयोग गरिएको छ । चित्रात्मक, अलङ्कारयुक्त, उखान टुक्काको प्रयोग र विचलनले उपन्यासको भाषाशैली सजीव, सुन्दर र कलात्मक बन्न गएको छ ।

कुनै कुरा भन्नु पर्दा प्रकृतिको सहयोग लिनु बाङ्देलको विशेषता हो । प्रकृति प्रयोगले **मुलुक बाहिर** उपन्यासमा कतै मानवीकृत हुँदै उपमान उपमेयका रूपमा बिम्बित हुन पुगेको छ । जस्तै :

> आज आकाशको जूनलाई किन कालो बादलले छोपेर त्यसरी अँध्यारो पारेछ (पृ. १६) । यहाँ म्याउचीलाई आकाशको जून भनेर आरोपित गर्दै रूपक अलङ्कारको प्रयोग गरिएको छ ।

पात्रानुरूपको प्रतीकात्मक भाषा-शैलीले **मुलुक बाहिर** उपन्यासलाई जीवन्त बनाएको छ । जस्तै :

> आइयु.... साहिँला दाइ ! साह्रै पो अबेर गऱ्यौ त... । टिस्टा खोलामा माछा मार्न गयौ कि कसो ... ? (पृ १२)
>
> माहिला आकाशमा कालो बादल लागेपछि पानी पर्छ । पानी नपरेसम्म त त्यो बादल कहाँ हट्छ र ? (पृ. १६) ।

बाङ्देल चित्रकार र उपन्यासकार दुवै हुन् । चित्रकला र साहित्य भिन्न भएपनि बाङ्देलको प्रतिभाले **मुलुक बाहिर** मा एउटै दोभान प्राप्त गरेको छ जस्तै :

> रने चौबिस - पच्चीस वर्ष पुगेको न अग्लो न पुड्को गहुँगोरो वर्णको थियो । त्यसका काला-काला आँखामा सबैलाई मन पर्ने ज्योति थियो । त्यसका अघिल्तिर दुइटा दाँत भने खप्टिएका सेता दाँत एक प्रकारले राम्रै देखिन्थे (पृ. ६) ।
>
> मसिनी साधारण कदकी, गोरी-गोरी र औंधी फर्सेली थिई (पृ. ८०) ।
>
> तीन दिन तीन रातसम्म घुम, जोरबङ्ला र पहाडतिर फुसफुस हिउँ परिरह्यो । रूवाजस्तो सेतो हिउँले घुम पहाडका घर, छाना, सडक तथा उपत्यकाका धूपीको बन सबै छोप्यो (पृ. ५२) ।

यसरी चित्रात्मक भाषा शैलीले प्रस्तुत उपन्यास कलात्मक बन्न पुगेको छ । **मुलुक बाहिर** उपन्यासमा उखान टुक्काको पनि प्रयोग भएको छ । जन जीवनको यथार्थ चित्रण गर्नमा उखान टुक्काले एक छुट्टै महत्व राख्दै भाषा-शैलीलाई सजीव र सुन्दर बनाउँदछ । प्रस्तुत उपन्यासमा केही उखान टुक्काको प्रयोग गरेर बाङ्देलले पात्र-पात्राहरूको भनाइको भावलाई स्पष्ट पार्दै भाषा-शैलीमा सुन्दरता, मधुरता र स्वाभाविकता प्रदान गरेका छन् । जस्तै

डाँडापारिको घामजस्तो हुनु (पृ. १३) ।

एक दिनको पाहुना मीठो-मीठो खा, दुई दिनको पाहुना जतासुकै जा (पृ. ७३) ।

नचिनेसम्म को हो को हो चिनेपछि माया मोह (पृ. ७१)

यसरी उखान र टुक्काको प्रयोग, स्थानीय भाषा र शब्दको प्रयोगले **मुलुक बाहिर** उपन्यास कलात्मक बन्न पुगेको छ । कुनै पनि कृतिको मूल उद्देश्य प्राप्तिको लागि भाषा - शैली महत्वपूर्ण हुन्छ । देशकाल, वातावरण, कथावस्तु, पात्र तथा यथार्थ अनुरूपको भाषा-शैलीले उपन्यास जीवन्त बन्न पुगेको छ । अर्थपूर्ण शब्द संयोजन र वर्णनात्मक भाषा-शैलीका साथै प्रतीकात्मक, टिप्पणीमूलक, आलङ्कारिक, संवादात्मक एवम् चित्रात्मक भाषाशैलीको प्रयोगले उपन्यास जीवन्त बनेको छ ।

## ४.३ वातावरण

उपन्यासमा पात्रहरूको मनोभावलाई प्रकट गर्नको लागि प्रस्तुत गरिएको विभिन्न अवस्थाहरूलाई वातावरण भनिन्छ । उपन्यासमा वातावरणको प्रस्तुतिका माध्यमबाट स्वाभाविकता सिर्जना हुन्छ । **मुलुक बाहिर** उपन्यासमा पनि पात्रहरूको मनोभावलाई व्यक्त गर्न विभिन्न प्रकारको वातावरणको प्रतिपादन गरिएको छ । जसलाई निम्नअनुसार व्यक्त गर्न सकिन्छ ।

### ४.३.१ राजनीतिक वातावरण

**मुलुक बाहिर** उपन्यास वि.सं. २००४ सालमा लेखिएको हो । २००४ सालपूर्वको राणाशासन कालीन अवस्था र यसले प्रकट गरेको राजनीतिक वातावरणलाई यस उपन्यासले चित्रण गरेको छ । तत्कालीन समयको नेपालको राणाशासन सहन नसकी

दार्जिलिङ (मुगलान) पुग्नुपर्ने बाध्यता र विशेषगरी पहिलो र दोस्रो विश्वयुद्धको विभीषिका भोगेको नेपाली जीवन नै यस उपन्यासको केन्द्रविन्दु हो । निकै लामो समयसम्म सामन्ती अर्थव्यवस्थामा पिल्सिएको नेपालीहरूको मानसिकता, आर्थिक स्तर अनि मनोवृत्ति समेतलाई यस उपन्यासले समेटेको छ । वि.सं. २००७ सालतिर नेपालमा राणाशासन विरूद्ध हुने क्रान्तिको पूर्वतयारीको चहल पहलले गर्दा राजनीतिक अस्थिरता र ऐतिहासिक परिवर्तनको अभियान थियो । अर्कोतिर खास गरी कृषिप्रधान मुलुकको पहाडी क्षेत्रमा उचित परिश्रमको मूल्य नआउने हुनाले वर्षभरि हातमुख जोर्न पनि समस्या परेर मानिसहरू धमाधम मुगलानतिर हिउँदमा जाँदै पैसा कमाउँदै वर्षायाममा फेरि पहाड नै फर्कने प्रवृत्ति देखिन्थ्यो । यसरी कृषिमा आधारित जीवनले नयाँ-नयाँ कामको खोजी गरी जीवन यापनको निम्ति परिवर्तन चाहेको वातावरण यस उपन्यासमा प्रस्तुत भएको छ ।

**मुलुक बाहिर** उपन्यासको समयावधिले सन् १९१४ को प्रथम विश्वयुद्ध र सन् १९३९ को द्वितीय विश्वयुद्धको भयावह परिस्थितिलाई पनि समावेश गरेको छ । तत्कालीन नेपाली र भारतेली समाजको सङ्क्रमण कालको राजनीतिक वातावरणको चित्रण र विश्वयुद्धका घटनाहरू पनि यस उपन्यासमा प्रस्तुत भएका छन् । पूर्वी पहाडी क्षेत्र अरूण खोलाबाट सुरू भएको उपन्यास दार्जिलिङको घुम पहाड, आसाम, सिलीगुडी, नक्सालबारी, कलकत्ता, बर्मा, पेगु, रङ्गुन, बगदाद, अफगानिस्तान र फ्रान्सजस्ता अन्तर्राष्ट्रिय स्तर सम्म विस्तारित भएको छ । अन्तर्राष्ट्रिय परिवेशको चित्रण भए पनि दार्जिलिङको घुम पहाड नै उपन्यासको केन्द्रविन्दु हो । यसरी वि.सं. २००७ साल पूर्वको नेपालको जहानियाँ राणाशासनले उब्जाएको दयनीय आर्थिक परिस्थितिको चित्रण यस उपन्यासमा भएको छ ।

## ४.३.२ आर्थिक वातावरण

**मुलुक बाहिर** उपन्यास वि.सं. २००४ सालमा प्रकाशित भएको उपन्यास हो । तत्कालीन समयमा नेपालमा जहानियाँ राणा शासनको जगजगी थियो । नेपाली जनताहरू आर्थिक शोषणमा डुबेका थिए । वर्षभरि दश नङ्ग्रा घोट्दा पनि एक पेट खान र एकसरो आङ ढाक्न नसक्ने स्थितिले मुलुक बाहिरिनु पर्ने स्थिति थियो । घुम, राडी, कुम्लो, बोकेर च्याथ्रा भइसकेको भोटो र दौरा-सुरूवाल भिरेर मुगलान वर्षेनि ओइरिनु पर्ने यिनै आर्थिक पक्षलाई उपन्यासमा देखाइएको छ । उपन्यासकारले 'फेरि हिउँद लाग्यो । पहाड खण्डबाट मुगलान पस्ने मानिसहरू फेरि आउन थाले ।' भनाइलाई उपन्यासमा बारम्बार दोहोऱ्याएका

छन् यस भनाइबाट नेपालमा आर्थिक दुरावस्थाका कारणले नै प्रत्येक हिउँद नेपालीहरू कऱ्याङकुरूङ झैँ मुगलान पस्ने रहर होइन बाध्यता हो भन्ने कुरा प्रस्ट हुन्छ ।

यसरी मुगलान पस्नेहरू आफ्नो जन्मथलोको आर्थिक सङ्कट सम्झेर, दुःख सम्झेर आफ्नो सम्पूर्ण जीवन मुगलानतिरै बिताउन पुग्दछन् । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ :

> अब पहाड फर्केर के गर्ने ? उही पहाडको एक कुनामा पसेर फेरि लुम्रे -झुम्रे भएर बस्नुपर्छ गरिबी जीवन बिताउनु पर्छ-खेतीपाती छ भन्नु नाम मात्रै आफैंले हाड खियाएर नजोतेसम्म वर्षभरि खान पुग्दैन । .... यस्तो अनिकाले जग्गामा फर्केर के गर्ने ? कसो गर्ने ? (पृ. ८६) ।
>
> उसले अघि आफू मुगलान पस्दा आफ्नो कस्तो गति थियो त्यो सम्झ्यो । फाटेको दौरा च्यातिइसकेको मैलो सुरूवाल र पटुकामाथि खुकुरी भिरेर घुमी राडी पिठ्यूँमा बोकी ऊ मुगलान पसेको थियो । आफ्नो यो त्यति थियो- नहुनेको ता त्यो पनि थिएन । फाटेको मैलो दौरा-सुरूवालको नाउँमा लाज ढाक्ने धोती मात्रै लाएर आउथे ! हे राम ! अरूले हेर्दा पनि कस्तो असभ्य जाति ! कस्तो गरिब जाति ! (पृ. ८६)

यसरी **मुलुक बाहिर** उपन्यासमा उपन्यासकारले आर्थिक दुरावस्थाले क्षत्विक्षत् भएका नेपालीहरूको यथार्थ चित्रण गरेका छन् । आफ्नो मुलुकबाट दैनिक जीवन नै धान्न नसकेर उपाय पहिल्याउँदै नुनतेल, लुगाफाटा र मरमसला जुटाउन दार्जिलिङ पुग्ने बाध्यता र पुगेपछि जसोतसो मुगलानमै जीवनयापन गर्ने नेपाली मुगलान बासीहरूको इच्छालाई यस उपन्यासमा समेटिएको छ । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ :

> उनीहरू फेरि मुलुक फर्कने मनै गर्दैनन् । जुन मुलुक गरिब छ, जहाँ आफूलाई सुख छैन, स्वतन्त्रता छैन, जहाँ केवल गरिब श्रमजीवीहरूको आत्माको क्रन्दन सुनिन्छ, जहाँ सभ्यताको तथा मनुष्यको राँको छैन, जहाँ दरिद्र आत्माको नग्न चित्र छ त्यो मुलुकमा फेरि को फर्कने मन गर्छ ? (पृ. १५७) ।

यस प्रकार उपन्यासकारले **मुलुक बाहिर** उपन्यासमा तत्कालीन नेपालमा निरङ्कुश राजनीतिक व्यवस्थाले स्वतन्त्रताको सास फेर्न नपाएका नेपालीहरू आर्थिक भार सहन नसकी मुलुक बाहिरिनु पर्ने बाध्यताको चित्रण गर्दै आर्थिक दुरावस्थाको चित्रण गरेका छन् ।

## ४.३.३ सामाजिक वातावरण

**मुलुक बाहिर** उपन्यासमा उपन्यासकार लैनसिंह बाङ्देलले तत्कालीन नेपाली समाज र भारतेली ग्रामीण समाजको चित्रण गरेका छन् । उपन्यासकारले तीन-चार दशक अगाडिको सामाजिक वातावरणलाई सफलताका साथ उतारेका छन् । मुलुक बाहिरको पृष्ठभूमि नेपालको वि.सं. २००७ सालको क्रान्तिको पूर्वतयारी र भारतको भर्खरै भएको स्वतन्त्रतामा आधारित छ । पुरानो युग र नयाँ युगको सङ्क्रमण स्थल नेपाल र भारतको ऐतिहासिक परिवर्तनले **मुलुक बाहिर** उपन्यास मुक्त हुन सकेको छैन । सामाजिक दृष्टिकोणको केन्द्रीयतामा उपन्यासलाई हेर्दा समाजको आर्थिक पक्षको चित्रण गरिएको पाइन्छ । तत्कालीन नेपाली समाजको आर्थिक स्थिति साह्रै दयनीय थियो । पहाडी क्षेत्रमा अधिकांश जनताहरू कृषिमा नै आश्रित हुनुपर्थ्यो । वैज्ञानिक किसिमको मल, बीउ र आधुनिक तरिकाको खेती गर्ने कुनै प्रविधिको प्रयोग नभएको हुनाले परिश्रम जति गरेपनि फल प्राप्त हुँदैनथ्यो र मानिसहरूलाई आफ्नो दैनिक आवश्यकताहरू पुरा गर्न पनि मुस्किल हुन्थ्यो जसको फलस्वरूप मानिसहरू प्रत्येक हिउँदमा मुगलान पसी कामको खोजी गर्न थाले । एकातिर राणाहरूको जहानियाँ राणाशासन र स्थानीय सामन्तहरूले चर्को शोषण गर्ने र अर्कोतिर पहाडी भू-भागमा उब्जनी राम्रो नहुने भएकाले पूर्वी नेपाल नजिकको मुगलान दार्जिलिङ तिर नेपालीहरू पस्न थाले । दार्जिलिङको भूमिमा चियाखेती गर्न नेपाली श्रमिकहरू अघि बढे । यी कुरा थाहा पाएर नेपालको पूर्वी पहाडी क्षेत्रबाट नेपालीहरू हिउँदमा मुगलान पस्ने र केही काम गर्ने र वर्षा लागे पछि हिउँदमा कमाएको दुई-चार पैसा लिएर गाउँघर फर्कन थाले । यसरी आफ्नो कृषि अर्थतन्त्रमा मात्र जीवन धान्न सम्भव नभएको हुनाले मुगलान जाने प्रवृत्ति बढेको देखिन्छ । यस उपन्यासमा त्यस बेलाको नेपाली समाजको शैक्षिक स्थिति पनि कस्तो थियो भन्ने कुरा पात्रहरूको सोचाइ र व्यवहारबाट थाहा हुन्छ । वि.सं. २००७ साल अगाडि समाजमा नारी शिक्षा शून्य थियो भन्ने कुरा उपन्यासका नारी पात्रहरू म्याउची र मसिनीबाट प्रस्ट हुन्छ । पुरुषहरूमा पनि ग्रामीण क्षेत्रमा शिक्षाको प्रचार र स्कुलहरू नगण्य मात्रामा भएका हुनाले निम्नवर्गीय पुरुषहरूमा आधुनिक सभ्यताको संस्कार परेको देखिँदैन् ।

सामाजिक परिवेशको दृष्टिकोणले तत्कालीन नेपाली समाजको निम्नवर्गीय परिवारहरूको चित्रण उपन्यासले गरेको छ । शिक्षाको कमिका कारण पहाडी गाउँले वातावरणमा जन्मी हुर्केका राई, लिम्बू जातिका सीधा, सोझा सरल सोचाई भएका, सन्तुलित मानसिक संस्कार नपाएका पात्रहरू (रने, माहिला भुजेल, कान्छा राई, म्याउची, मसिनी) को स्वभाविक चित्रण गरिएको छ । मुलुक बाहिरिएका परिवारहरूको दाम्पत्य जीवनमा घट्ने सामान्य, असामान्य घटनाहरूमा आधारित भएर उपन्यास अघि बढेको छ । सुसंस्कृत नभएका निम्नवर्गीय परिवारमा घट्ने सामान्य घटनादेखि लिएर जीवन-मरण सम्मका घटनाहरू उपन्यासमा प्रस्तुत छन् । रने, म्याउची, माहिला भुजेल, मसिनीजस्ता दुःखद दाम्पत्य जीवन बिताउन पुगेका व्यक्तिहरू अझैं पनि नेपाली समाजका निम्नवर्गीय परिवारका जनजातिमा प्रशस्त भेटिन्छन् । यही सामाजिक विषयवस्तुलाई उपन्यासले जीवन्त रूपमा प्रकट गरेको छ ।

यी बाहेक हिन्दू धर्म, संस्कार, अन्धविश्वासी नेपाली समाज पनि उपन्यासमा प्रकट भएको छ । नराम्रो सपना देख्नु, लाटोकोसेरो कराउनुलाई नेपाली समाजमा अपशकुन मानिन्छ त्यही धारणालाई उपन्यासकार बाङ्देलले सफलताका साथ चित्रण गरेका छन् । यसरी नेपाली समाजका विभिन्न पक्षहरू उपन्यासमा प्रस्तुत भएका छन् ।

## ४.४ निष्कर्ष

लैनसिंह बाङ्देल आधुनिक शैलीको चित्रकलालाई नेपाली कलाक्षेत्रमा अन्तर्भूत गर्ने प्रतिभा हुन् । बाङ्देलका चार वटा उपन्यासहरू मध्ये **मुलुक बाहिर** उपन्यास यस विधाकै सफल र उत्कृष्ट उपन्यास हो । मुलुक बाहिर उपन्यास २००७ सालपूर्वको नेपालको आर्थिक र सामाजिक धरातलाई लिएर दार्जिलिङ (मुगलान) पुग्नुपर्ने बाध्यता र विशेष गरी पहिलो र दोस्रो विश्वयुद्धको आतङ्क भोगेको नेपाली जनजीवनलाई मुख्य विषय बनाएर लेखिएको उपन्यास हो । यस उपन्यासको परिवेशको चित्रण देश (स्थान), समय (काल) र यस अन्तर्गत पर्ने विभिन्न पक्षहरू यस उपन्यासमा भएका संस्कार र संस्कृति, धार्मिक पक्ष, जीवनपद्धति प्रकृति चित्रण, विचार चिन्तन, भाषा र वातावरण र वातावरणका विभिन्न पक्षहरू राजनीतिक आर्थिक, सामाजिक वातावरणका आधारमा विश्लेषण गरिएको छ । यसबाट **मुलुक बाहिर** उपन्यासका स्रष्टा बाङदेलको नेपाली उपन्यास जगत्मा सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा सुरक्षित रहेको छ ।

परिच्छेद पाँच

# उपन्यासका विभिन्न तत्वहरूसँग मुलुक बाहिर उपन्यासमा प्रस्तुत परिवेशको अन्तर्सम्बन्ध

## ५.१ कथानक र परिवेश

मुख्य कथा, उपकथा तथा अन्तर्कथाहरूको समग्र विन्यास क्रमबाट कथानक बनेको हुन्छ । उपन्यास निर्माणको निम्ति यसले प्रमुख भूमिका खेलेको हुन्छ । घटना, वस्तु र क्रियाकलापलाई निरन्तरता प्रदान गर्ने र औचित्य गर्ने, कार्यकारण सम्बन्ध देखाउने र क्रमबद्धता प्रस्तुत गर्ने तत्व नै कथानक हो (सुवेदी, २०६४ : १८) । कथानकको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ (प्रधान, २०६१ : ७) । यी घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०६४ : २२) । ती घटनाहरू परस्परमा शृङ्खला युक्त भई घटित हुनुपर्दछ ।

**मुलुक बाहिर** उपन्यासको कथानक वि.सं. २००७ साल पूर्वको नेपालको आर्थिक र सामाजिक धरातललाई बोकेर दार्जिलिङ पुग्नुपर्ने परिस्थिति र विशेष गरी पहिलो र दोस्रो विश्वयुद्धको विभीषिका भोगेको नेपाली जनजीवनलाई मुख्य विषय बनाइएको विषयवस्तुमा आधारित छ । तत्कालीन समयको सामाजिक, आर्थिक परिवेश नेपालीहरूको मुगलान पस्नु पर्ने बाध्यताको यथार्थ चित्रण यस उपन्यासमा भएको छ । यस उपन्यासका पात्रहरू आर्थिक र सामाजिक दासताबाट पीडित छन् । आफ्नो मुलुकबाट दैनिक जीवन धान्न नसकेर पहिले -पहिलेको समयमा मात्र नभएर अहिले पनि विदेशी भूमितिर भारत, बर्मा लगायत खाडीराष्ट्र तथा अन्य राष्ट्रतिर पढ्ने बहानामा या व्यापार गर्ने बहानामा या घुम्ने बहानामा काम र मामको लागि जाने गर्दछन् । उनीहरू भविष्यका लागि केही कमाउन र बाँकी जीवन सुखसँग बिताउन भनेर मिठो मनसाय बोकी बाहिरिन्छन् । यसै अनुसार नै **मुलुक बाहिर** उपन्यासका पात्रहरू पनि मुगलान गएका छन् । सोझा नेपालीहरू आर्थिक कमजोरी र सामाजिक दासतामा पिल्सिएका र छट्पटाएका कारण पहाडमा केही देख्न र भोग्न नपाएका अपठित नेपालीहरूको सिङ्गो जनशक्ति एकोहोरिएर हिउँद लागेपछि प्रवासिने गर्दछन् । **मुलुक बाहिर** उपन्यासको कथावस्तु यही विषयमा आधारित छ । यस विषयलाई उपन्यासकारले चार खण्ड र त्रिचालिस वटा उपखण्ड गरी प्रस्तुत गरेका छन् । आफ्नो मुलुकबाट बाहिरिनु पर्नाको कारण यहाँ प्रस्तुत भएको छ । उपन्यास चरित्रकेन्द्री भएकाले

परिवर्तनशील र सङ्घर्षशील जीवनलाई सङ्केत गर्ने उपन्यासका सबै चरित्रहरू (रने, म्याउची, माहिला भुजेल, कान्छा राई, मसिनी, दलबहादुर, दलबहादुरकी आमा, रूपा, सेर्बा बुढा) हरूका कथा, घटना आदिको संयोजनबाट नै यस उपन्यासको कथानक तयार भएको छ । उपन्यासको पहिलो खण्डमा टिस्टाको किनारमा रहेको परिवेशमा रनेको नायकत्वमा बढेको कथा रनेले म्याउचीको हत्या गरेपछि अन्त्य हुन्छ ।

उपन्यासको दोस्रो खण्डमा नौ वटा उपखण्डहरू रहेका छन् । यसमा पहिलो विश्वयुद्धको परिवेशको चित्रण भएको छ । दलबहादुर र रने सेनामा भर्ती भएको र युद्ध रोकिए पछि अपाङ्ग भई आफ्नो घर घुम पहाड फर्किएको, माहिला भुजेल, रने र दलबहादुर समेतका अवस्थालाई समेटेको कथावस्तु यस खण्डमा प्रस्तुत छ । यसबाट नयाँ नायकको आगमन भएको छ, नयाँ नायकत्वका आधारमा मुलुक बाहिर पुगेका नेपालीहरूको सङ्घर्षमय परिवेश प्रस्तुत छ । रनेले आत्महत्या गरेपछि कथावस्तुले नयाँ मोड लिएको छ, यसले कारूणिक परिवेश निम्त्याएको छ । कथावस्तुको तेस्रो खण्डले व्यापक परिवेश र क्षेत्र ओगट्को छ । चौबिस वटा उपखण्डमा प्रस्तुत भएको कथाले दार्जिलिङको घुम पहाडमा घटेका सामान्य असामान्य घटनाहरूको चित्रण, मुगलानमा बसेका नेपालीहरूको संस्कार जीवनद्धतिलाई समेटेको छ । यसमा माहिला भुजेल, दलबहादुर र सेर्बा बुढाको घरव्यवहार लेनदेन, गाईगोठ पालन, पहाड मधेसका व्यापारिक प्रसङ्ग र कारोबारलाई समेटेको छ । यसरी प्रस्तुत विगतका सम्पूर्ण प्रसङ्गमा एउटा रमाइलो वातावरणमा सेर्बा बुढाको इर्ष्यालु व्यवहारले कुदृष्टि राखे पछि माहिला भुजेल र मसिनीको वियोगको कारूणिक परिवेशको सुरूवात हुन पुग्र्दछ । १७/१८ वर्षको अन्तराल पछि यस खण्डको कथावस्तुको अन्त्य भएको छ । पहिलो विश्वयुद्धमा परेको रने र दोस्रो विश्वयुद्धमा परेको माहिला भुजेलका जीवनवृत्तमा अल्झेका नेपालीहरूको मुगलानको परिवेश यसमा प्रस्तुत छ । उपन्यासको चौथो खण्डको कथावस्तुले माहिला भुजेलको आगमन र छोरी रूपासँगको मिलन गराएको छ । माहिला भुजेलको मृत्युपछि उपन्यासको कथावस्तुको अन्त्य भएको छ ।

यसरी **मुलुक बाहिर** उपन्यासको कथानक पूर्ण देखिन्छ । विस्तृत परिवेश एवम् बहुपात्रका आधारमा कथावस्तुलाई प्रकट गरिएको छ । ठाउँ-ठाउँमा आवश्यकता अनुसार द्वन्द्व र कौतुहलको सिर्जना उपन्यासमा भएको छ । उपन्यासका प्रत्येक घटना त्यसको कारणको आधारमा घटेका छन् । यहाँ प्रस्तुत प्रत्येक घटना बिच कार्य र कारणको सम्बन्ध

रहेको छ । उपन्यासकारले मुलुक बाहिर (मुगलान) को यथार्थ चित्रण गरेका छन् । जीवनको व्यापक आयाम, घटना प्रस्तुत भएको यस उपन्यासमा अन्तर्राष्ट्रिय परिवेश पनि प्रस्तुत छ ।

## ५.२ पात्र र परिवेश

पात्रहरूको कार्य व्यवहारले उपन्यासको घटनाक्रमलाई अघि बढाउँछन् । पात्र वा चरित्रबिना कथानक गतिशील हुन सक्दैन । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्वपूर्ण कार्य पात्रले गरेको हुन्छ (बराल र एटम, २०६४ : ३०) । मानवजीवनको व्यापक गर्ने तत्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् (सुवेदी, २०६४ : २३) । पात्रको व्यक्तित्व र रहन सहन परिवेश अनुकूल हुनु पर्दछ । देशकाल, वातावरण अनुकूल चरित्रको चित्रण भएन भने कृति अस्वाभाविक र अयथार्थ लाग्दछ । उपन्यासमा घटना जुन स्थान वा समयको हो त्यसको वास्तविक चित्र उतार्ने खालको पात्र हुनु आवश्यक पर्छ ।

**मुलुक बाहिर** उपन्यासका प्रमुख पात्रहरूमा रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, कान्छा राई, खालिङ बुढा, दलबहादुरकी आमा, सेर्बा बुढा र रूपा रहेका छन् । यस उपन्यासमा नेपालको पूर्वी पहाडका अरूण खोला आसपासको क्षेत्र, टिस्टा खोला, दार्जिलिङ, आसाम, बर्मा, दार्जिलिङको घुम पहाड, कलकत्ता, बगदाद, अफगानिस्तान, फ्रान्स आदिको परिवेशमा पात्रहरूले टेकेका छन् । यस उपन्यासको प्रमुख पात्रहरूमा रने एक हो । रने परिश्रमी छ, वर्षेनि हिउँद लागेपछि मुगलान आएर बलको काम गर्छ, दुई चार पैसा कमाएपछि घर फर्कन्छ । रने जति हँसिलो र फुर्तिलो गफी र फट्टी छ त्यति नै रिसाहा र सन्काहा पनि छ उसले परिवेश अनुकूलको कार्य गरेको छ । म्याउची कसैसँग बोलेको हाँसेको देख्न नसक्ने रने इर्ष्यालु पनि छ । रनेको यही दुर्बलताले म्याउचीको हत्या गरेको छ । माहिला भुजेलसँग छेउमा बसेकै निहुँमा रनेले म्याउचीलाई टिस्टामा फाल्यो तर पछि हत्याको अपराध बोधले सेनामा भर्ती भयो, दलबहादुरलाई सहयोग गरेर घर ल्यायो तर अन्त्यमा आत्महत्या गर्न पुग्यो यस घटनाबाट कारूणिक परिवेशको उपरिस्थिति भएको छ । रनेमा प्रेम छ, यौवनको जोस् छ, सबैलाई लट्ठ पार्ने कला छ अनि ईर्ष्या, रिस र शङ्काजस्ता मानवीय कमजोरीका पाटाहरू पनि छन् । आफूले हत्या गरेको अपराध दलबहादुर जस्तो मन मिल्ने साथीलाई समेत नसुनाउने सचेत छ । उपन्यासका पात्र पात्राहरू बडो

चाखलाग्दा र रमाइला छन् । शान्त गम्भीर, विवेकशील र प्रेमपूर्ण हृदय भएको खालिङ बुढालाई उपन्यासमा त्यति धेरै देख्न पाइँदैन् । विशाल प्रेमपूर्ण हृदय भएको दलबहादुर सबैलाई आफ्ना छहारीमा राख्छ । हाम्रो संस्कृतिको व्यावहारिक रूप दलबहादुरमा प्रस्तुत भएको छ । मुगलान वासीहरूको परिवेश दलबहादुर मार्फत चित्रण भएको छ ।

म्याउची र मसिनीजस्ता सुधा निष्कपट तथा पवित्र स्त्रीहरूले पनि उपन्यासमा परिवेश अनुकूल कार्य गरेका छन् । नारीमा हुनुपर्ने कोमलता, प्रेमपूर्ण हृदय तथा कर्तव्य परायणता यी दुवै नारीमा देख्न पाइन्छ त्यसैले यी नारीहरू नेपाली नारी समाजका प्रतीक जस्ता छन् तर यी दुवै गुणको कदर गर्न नजान्ने निर्दयी पुरुषहरूका कारण अन्याय, शङ्का र रिसका सिकार भएका छन् । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म रहने एउटै मात्र पात्र माहिला भुजेल अर्काको चियोचर्चो नगर्ने, खोजिनीति नगर्ने, थोरै बोल्ने भावुक एवम् कर्तव्य परायण सेर्बा बुढाको कुरा नसुनुन्जेल दलबहादुरलाई बिर्साउने सोझो र सहृदयी पात्र हो । परिश्रमी उदार हृदय भएको माहिला भुजेलले मसिनीलाई पिटेर गृहत्याग गरेको छ । यस घटनाबाट माहिला भुजेलमा विचारशक्ति शुन्य भएको थाहा पाउन सकिन्छ । यसरी मानव जीवनका विभिन्न पक्षहरू- हर्ष, विस्मात, रिस, घृणा, शङ्का, पश्चातापलाई यस उपन्यासमा सुन्दर चरित्र चित्रण गरिएको छ त्यो बडो जीवित र सरल परिवेश अनुकूल बनेको छ ।

प्रथम विश्वयुद्ध (सन् १९१४) मा भर्ती भएर लडाइँमा जाने दलबहादुर एक नम्र, मृदुभाषी, सहनशील र धैर्यवान् व्यक्ति हो । दलबहादुर मार्फत दोस्रो विश्वयुद्ध (सन् १९३९) को परिवेशको चित्रण भएको छ । दलबहादुर सत्पात्र हो, सेर्बा बुढा अर्काको घर भाँड्ने र बनावटी कुरा लाउने किसिमको दुष्ट ग्रामीण पात्र हो ऊ एक उल्लेख्य असत् पात्र हो । माहिला भुजेलकी छोरी रूपा सत् पात्र हो रूपाले आफूभन्दा ठुलालाई आदर गरेकी छे सानालाई माया ममता दिएकी छे । मसिनीका विरूद्धमा माहिला भुजेलमा भएको भ्रम हटाइदिने काम रूपाले गरेकी छे ।रूपाले घुम पहाडको परिवेश अनुकूल कार्य गरेकी छे ।

यसरी वि.सं. २००७ सालपूर्वको ३०-३१ वर्षको परिवेशलाई मुलुक बाहिर उपन्यासले चित्रण गरेको छ । तत्कालीन समयमा देखापरेको आर्थिक सङ्कट र सामाजिक समस्यालाई लिएर मुगलान पुगेको र मुगलानमा भएको सङ्घर्षमय परिवेशलाई विभिन्न चरित्रहरू मार्फत चित्रण गरिएको छ । राणा शासनमा परेका नेपालीहरू आफ्नो आर्थिक सङ्कट लिएर मुगलान पस्नुपर्ने बाध्यतालाई मुगलानको परिवेश अनुकूल देखाइएको छ ।

पूर्वी नेपालको अरूण खोलाको परिवेशलाई लिएर मुगलानको सामाजिक सांस्कृतिक जीवनलाई प्रस्तुत गर्न उपन्यासकारले विभिन्न पात्रहरूको निर्माण गरी परिवेश अनुरूप पात्र पात्राहरूको चयन गरेका छन् । **मुलुक बाहिर** उपन्यासमा आएका सबै पात्रहरूले उपन्यासलाई जीवन्तता प्रदान गरेका छन् भने उपन्यासलाई परिवेश प्रदान पनि बनाएका छन् ।

## ५.३ संवाद र परिवेश

साहित्यिक कृतिमा पात्रहरू बिच एक आपसमा भएको कुराकानीलाई संवाद भनिन्छ । विभिन्न कथाको विकास गरी कथानकलाई अगाडि बढाउन, चरित्र-चित्रण गर्न, परिवेशको चित्रण गर्न र लेखकको आशय वा सन्देशलाई स्पष्ट पार्न साहित्यमा संवादको भूमिका महत्वपूर्ण रहेको हुन्छ । पात्रहरूका बिचमा स्थापित समस्या, अर्न्तद्वन्द्व र त्यसको परिणतिलाई संवादले उपयुक्त ढङ्गले प्रस्तुत गर्छ (बराल र एटम, २०५८ : २५) । संवादले उपन्यासमा वर्णित घटनालाई सजीव तुल्याउने काम गर्छ साथै रोचक र स्वाभाविक पनि बनाउँछ । कथानकमा आउने घटना र कार्य व्यापारलाई सुसङ्गठित बनाउने संवाद पात्रहरूको स्तर अनुकूल र सङ्क्षिप्त भएमा बढी प्रभावकारी हुन्छ ।

**मुलुक बाहिर** उपन्यासमा लामा गहन, सरल र छोटा छोटा संवादको आयोजना गरिएको छ । यस उपन्यासमा प्रयुक्त संवादहरू छोटा र स्वाभाविक छन् ।, यस उपन्यासमा लेखकले प्रत्यक्ष रूपमा वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । ठाउँ-ठाउँमा विवेचना र टिप्पणी स्वयंले गर्दै संवादलाई  परिवेश अनुकूल बनाइएको छ । यसमा समाजमा भएका निम्नवर्गका अशिक्षित पात्रहरूको चयन गरी प्रथम दुई खण्डमा भएका मुख्य पात्रहरूको सम्पर्कमा रहेका सहायक पात्रहरूलाई नै अन्तिम दुई खण्डमा मुख्य पात्र बनाइएको छ। दुवै थरी पात्रहरू प्रतिनिधि पात्रका रूपमा आएका छन् । उपन्यासकारले कुराकानीका क्रममा पात्रहरूको हाउभाउ, मनोदशा र परिवेश आदिका बारेमा आफैले टिप्पणी गरेका छन् । त्यसैगरी कति संवादमा पात्रहरू बिचको कुराकानी अघिपछिका प्रसङ्का कतिपय कुराहरू आफैले वर्णन गरी त्यसको सामञ्जस्य पात्रहरूका संवादसँग गराएका छन् । सामाजिक, आर्थिक, धार्मिक, पारिवारिक आदि विभिन्न परिवेशको निर्माण गरिसकेपछि पात्रहरू बिच संवाद गराइएको छ । औपन्यासिक कथावस्तुलाई रोचक र नाटकीय बनाउन ठाउँ ठाउँमा संवादको प्रयोग गरिएको छ । उपन्यासमा प्रस्तुत संवादले कथानकलाई गति दिने कार्य

गरेको छ । उपन्यासमा सम्पूर्ण परिवेश दार्जिलिङ् बर्मा आसपास रहेको हुनाले त्यहीँको चाल चलन, रीतिस्थिति, धर्मसंस्कृति, नेपालीहरूको प्रवासी जीवनको चित्रण भएको पाइन्छ । उपन्यासमा प्रस्तुत संवादहरू परिवेश अनुकूल नै पाउन सकिन्छ । उपन्यासमा हर्ष, रिस, झगडा, सङ्घर्ष, लडाँइ आदि जस्ता विभिन्न पक्षहरू देखाउन रोचक संवादको प्रयोग भएको छ । यसै सन्दर्भमा उपन्यासमा आएको संवाद यस्तो छ :

> कान्छा राईले खिसिक्क हाँसेर फेरी सोध्यो - 'लोग्ने मान्छेको जात के सबै एकै हुन्छ र ? तर भाउज्यू, परको डेरामा साहिँला दाईलाई कसरी एक्लै छोडेर आयौ त ?'
>
> म्याउचीले जवाब दिई- 'होस् कान्छा, मरोस् अब त पोडे होला, मारे काटे पनि परको डेरामा जान्नँ ।' (पृ. १८)

दोस्रो विश्वयुद्धको समयमा दलबहादुर र रनेको संवादबाट युद्धकालीन परिवेशको चित्रण भएको छ । यसरी **मुलुक बाहिर** उपन्यासमा प्रयुक्त विभिन्न पात्र पात्राहरू बिचको संवादले मुगलानको परिवेशलाई जीवन्त बनाएको छ । प्राकृतिक परिवेशलाई माहिला भुजेल र सेर्बा बुढा बिचको प्रस्तुत संवादमार्फत देख्न सकिन्छ ।

> माहिला भुजेल भन्यो- 'लौ त सेर्बा दाई, अब घरमा गई लुगा लाएर आउ त, आज सुकेबजारसम्म जानुछ ।'
>
> बुढाले सोध्यो- 'यस्तो हिउँ परेको बेला ? माहिला आजै नगई नहुने (पृ. ९६) ?'

यसैगरी माहिला भुजेल र सेर्बा बुढा बिचको संवादमा विभिन्न घरायसी परिवारिक जिज्ञासा, इर्ष्याका साथै मधेश, कलकत्ता, सिलिगुडी आदिको स्थानगत परिवेशको चित्रण गरिएको छ ।

> सेर्बा बुढाले माहिला भुजेललाई बिस्तारै अस्फुट स्वरमा भन्यो- तिमी मधेशतिर जान्छौ, कताकता जान्छौ तर आफ्नो घरमा के हुन्छ, के हुँदैन सो तिमीलाई केही थाहा छैन । महिना दिनदेखि तिम्रा घरमा त्यो पहाडबाट आएको केटा बसेको छ । तर मैले निको ढङ्ग त देखिन पो माहिला ।

> माहिला भुजेलले अलि उत्तेजित भएर सोध्यो- के कुराले हो, मैले ता
> केही कुरा पनि बुझिनँ । (पृ. १०६)

यसैगरी विभिन्न प्रसङ्गहरूमा रने, म्याउची, माहिला भुजेल, कान्छा राई, मसिनी, दलबहादुर, दलबहादुरकी आमा, रूपा, खालिङ बुढा आदिका संवादहरू स्वाभाविक रूपमा आएका छन् । बाङ्देलले यस उपन्यासमा लामा देखि छोटा, छरिता, सरलदेखि गहन संवादको आयोजना गरेका छन् । समग्रमा संवादको दृष्टिकोणले यो उपन्यास उच्चस्तरीय नै देखिन्छ । संवादकै माध्यमबाट उपन्यासकारले विभिन्न परिवेशको सफल चित्रण गरेका छन् भने परिवेश अनुकूल संवादको समायोजन पनि भएको पाइन्छ ।

## ५.४ भाषाशैली र परिवेश

**मुलुक बाहिर** उपन्यासमा उपन्यासकार लैनसिंह बाङ्देलले निम्न वर्गीय जीवनको यथार्थ चित्रण गरेर सामाजिक यथार्थलाई उद्घाटन गर्ने काम गरेका छन् । यस उपन्यासको भाषाशैली सरल स्वाभाविक र आकर्षक छ । उपन्यासकारले सीधा, सरल र विश्वासिलो भाषाको प्रयोग गरेका कारण भाषाशैली कलात्मक बन्न पुगेको छ । औपन्यासिक घटनाहरूको वर्णन सरल, छोटा सहज र स्वाभाविक रूपमा भएको छ । धर्म, सभ्यता र संस्कृति अनि रीतिरिवाज, भेषभूषा र चाल चलनलाई वास्तविकता, प्रदान गरिएको छ । औपन्यासिक घटनाहरू विभिन्न स्थानमा घटेका छन् ती स्थान अनुसार फरक फरक पात्रहरू र ती पात्र अनुकूलको भाषाशैलीको प्रयोग गरिएको छ । नेपालीहरूको मुगलान तिर प्रवासिने प्रवृत्ति र प्रवासमा भोग्नुपरेका समस्याहरूलाई दार्जिलिङको सेरोफेरो र स्थानीय दार्जिलिङे बोलचालको भाषाले **मुलुक बाहिर** उपन्यासलाई सफल बनाएको छ । दार्जिलिङको परिवेश अनुकूल दार्जिलिङे भाषाको प्रयोग भएको छ । निम्न वर्गीय समाजका पात्र पात्रहरू रहेका कारण उपन्यासको भाषा पनि निम्न वर्गीय समाज अनुकूलकै रहेको छ । **मुलुक बाहिर** उपन्यासले वि.सं. २००७ साल पूर्वको समय ओगटेको कारण सामन्ती तथा वर्गीय समाजमा आर्थिक रूपमा पिछडिएका र तल्लो वर्गका पात्रहरूको प्रयोग गरिएको छ । यसै अनुरूप पात्रहरूले निम्न वर्गीय भाषाको प्रयोग गरेका छन् । निम्न वर्गीय भाषा प्रयोगको नमुना यस्तो छ :

> .........कान्छा राईले साथीहरूतिर हेरेर झिमिक्क आँखा झिम्कायो र
> रनेपटटि फर्केर निकै साह्रो सबैले सुन्ने गरी भन्यो- आइयू......

साहिँला दाई । साह्रै पो अबेर गऱ्यौ त ...... । टिस्टा खोलामा माछा मार्न गयौ कि कसो............? (पृ. १२)

सेर्बा बुढो रिसायो - आफ्नी स्वास्नीपट्टि हेरेर बुढो गर्जन थाल्यो । बुढाले कराएर भन्यो- थु[illegible]या ! छिमेकीहरू मान्छे हुन् र ? राक्षस हुन, राक्षस ! मोराहरूले मेरा कुरा नपत्याएको हेर- लाखेस ! ऊ बुढी ! अस्ति तैँले पनि गाउँ - घर अँध्यारो छ है - मरौ - परौ हुन्छ कि भनेर कुरा गर्थिस - लौ, जसो भनेको उसै भयो कि भएन त ? (पृ. १४८)

उपन्यासमा वातावरण अनुकूलको भाषाको पनि प्रयोग भएको छ :

रने रिसले बौलाहा भयो । त्यसको विवेकशक्ति हरायो ! म्याउचीप्रति त्यसको मनमा अब माया, ममता, दया केही रहेन । त्यसको हृदय र मस्तिष्क जङ्गलको हिंस्रक पशुको जस्तो विवेशशून्य भयो । (पृ. २४)

यसरी **मुलुक बाहिर** उपन्यासमा परिवेश अनुकूलको भाषाको प्रयोग गरिएको देखिन्छ । कृतिको मुल उद्देश्य प्राप्तिको लागि भाषा शैली महत्वपूर्ण हुन्छ । **मुलुक बाहिर** उपन्यास सामाजिक यथार्थवादी उपन्यास भएको हुँदा यसको लक्ष्य प्राप्त गर्न भाषा- शैली सहायकसिद्ध रहेको छ । देशकाल, वातावरण, कथावस्तु, पात्र तथा यथार्थ अनुरूपको भाषा-शैलीले उपन्यास जीवन्त बन्न पुगेको छ । अर्थपूर्ण शब्द संयोजन र वर्णनात्मक भाषा-शैलीको प्रयोगले उपन्यास कलात्मक बन्नका साथै जीवन्त बन्न पुगेको छ ।

## ५.५ उद्देश्य र परिवेश

**मुलुक बाहिर** उपन्यासमा आर्थिक दुरावस्थाका कारणले जन्मथलो नेपाल छोडी भारतीय भूमिमा आर्थिक सङ्घर्षरत जिन्दगानीहरूको दुर्दशापूर्ण अवस्था र अव्यवस्थित समाजको यथार्थ चित्रण गरिएको छ । नेपालको तत्कालीन राजनीतिक व्यवस्थाले नेपाली जनताहरू माथि पारेको आर्थिक सङ्कटलाई पनि प्रकट गरिएको छ, तर उपन्यासको प्रमुख लक्ष्य प्रवासी नेपालीहरूको आर्थिक तथा सामाजिक पक्षको उद्घाटन गर्नु रहेको छ ।

प्रस्तुत उपन्यास वि.सं. २००४ सालमा प्रकाशित भएको हो । तत्कालीन समयमा नेपालमा जहाँनिया राणा शासनको जगजगी थियो, नेपाली जनताहरू आर्थिक शोषणको

चरम चुलीमा डुबेका थिए । आफ्नो दैनिक आवश्यकताहरू पनि पुरा गर्न नसकेका कारण मुलुक बाहिरिनु पर्ने स्थिति थियो । घुम, राडी, कुम्लो बोकेर च्याथ्रा भइसकेको भोटो र दौरा सुरूवाल भिरेर मुगलान वर्षेनि ओइरिनु पर्ने यिनै आर्थिक पक्षलाई प्रस्तुत उपन्यासमा दर्शाइएको छ । आर्थिक सङ्कटका कारणले प्रत्येक हिउँद नेपालीहरू मुगलान पस्न बाध्य छन् । यही अवस्थालाई चित्रण गर्नु यस उपन्यासको उद्देश्यहरू मध्ये एक हो । उपन्यासमा आर्थिक अवस्थालाई यसरी चित्रण गरिएको छ ।

> अब पहाड फर्केर के गर्ने ? उही पहाडको एक कुनामा पसेर फेरी लुम्रे - भएर बस्नु पर्छ - गरिबी जीवन बिताउनुपर्छ - खेतीपाती छ भन्नु नाम मात्रै -आफैंले हाड खियाएर नजोतेसम्म वर्षभरि खान पुग्दैन । ........ यस्तो अनिकाले जग्गामा फर्केर के गर्ने ? कसो गर्ने ?
>
> उसले अघि आफु मुगलान पस्दा आफ्नो कस्तो गति थियो त्यो सम्झ्यो । फाटेको दौरा, च्यातिइसकेको मैलो सुरूवाल र पटुकामाथि खुकुरी भिरेर घुमी राडी पिठ्यूँमा बोकी ऊ मुगलान पसेको थियो । आफ्नो यो त्यति थियो- नहुनेको ता त्यो पनि थिएन । फाटेको मैलो दौरा -सुरूवालको नाउँमा लाज ढाक्ने धोती मात्रै लाएर आउँथे ! हे राम ! अरूले हेर्दा पनि कस्तो असभ्य जाति ! कस्तो गरिब जाति ! (पृ. ८६ -८७)
>
> उनीहरू फेरी मुलुक फर्कने मनै गर्दैनन् । जुन मुलुक गरिब छ, जहाँ आफूलाई सुख छैन, स्वतन्त्रता छैन, जहाँ केवल गरिब श्रमजीवीहरूको आत्माको क्रन्दन सुनिन्छ ; जहाँ सभ्यताको तथा मनुष्यको राँको छैन, जहाँ दरिद्र आत्माको नग्न चित्र छ त्यो मुलुकमा फेरी को फर्कने मन गर्छ ? आफ्नो मुलुकको दरिद्रता सम्झेर उनीहरूको अन्तरात्मा झसङ्ग हुन्छ । (पृ. १५७)

यस प्रकार उपन्यासकारले **मुलुक बाहिर** मा तत्कालीन नेपालमा निरङ्कुश राजनीतिक व्यवस्थाले स्वतन्त्रताको सास फेर्न नपाएका नेपालीहरू आर्थिक भारले थिचिएर गरिबताको भार बोकी मुलुक बाहिरिनु पर्ने बाध्यताको चित्रण गर्दै आर्थिक दुरावस्थाको प्रस्तुति गर्नु एक प्रमुख उद्देश्य देखिन्छ र उद्देश्य परिवेश अनुकूल रहेको छ ।

आर्थिक सङ्कट तथा राजनीतिक विकटताले उकुस मुकुस भएर प्रवासिएका भारतीय नेपालीहरूमा निम्न र निम्न मध्यम वर्गीय सामाजिक जीवनका टड्कारा आर्थिक प्रश्न र समस्याहरूलाई उपस्थित गर्नु नै **मुलुक बाहिर** उपन्यासको मूल उद्देश्य हो । यस उपन्यास मार्फत भारतीय नेपालीहरूको आर्थिक स्थिति अति दयनीय भएको देखिन्छ । बर्मामा रैथाने भएर बसेका नेपालीहरूको अधोगतिलाई उपन्यासकारले यसरी टिप्पणी गरेका छन् ।

> दिनभरि लोग्नेमानिसहरू दरबानी काम गर्छन- स्वास्नी-मान्छेहरूचाँहि घरघरमा रक्सी बनाउँछन् -बेलुकी भएपछि गोर्खालीहरू थुप्रिन्छन् -रक्सी खान्छन्, तास -जुवा खेल्दछन् ! त्यहाँका स्वास्नी - मान्छेहरू पनि पुरुषसरह रक्सी खान्छन् - तास-जुवा खेल्दछन् ! दूर प्रदेशमा, छाडा भएका यी नेपालीहरूले आफ्नो जन्मगत सभ्यता, संस्कृति र आहार व्यवहार सबै दिनप्रतिदिन बिर्सन लागेका थिए । (पृ. १६९)

यसरी **मुलुक बाहिर** उपन्यासको सम्पूर्ण घटनाक्रमले भारतीय नेपालीहरूको दुरावस्थाको चित्रण गरेको छ यो यस उपन्यासको अर्को उद्देश्य हो । यस कृतिको माध्यमबाट उपन्यासकारले नेपाली भाषा, संस्कार र संस्कृतिलाई जीवन्त रूपमा प्रष्ट्याएका छन् । चाडवाडको सम्बन्धमा उपन्यासमा भनिएको छ :

> दशै आइहाल्यो । सबै गाउँ- छिमेकहरूले घर लिपलाप गरे - पचेरा लाए, सफा सुग्घर गरी चाडमा घर परिष्कार पारे । (पृ. ४४)

नेपालीहरू जहाँ जहाँ पुग्दछन् त्यहाँ त्यहाँ आफ्नो जातिय संस्कार, संस्कृति र भाषालाई सँगै लैजान्छन् भन्ने विचारको अभिव्यक्ति दिनु पनि यस उपन्यासको अर्को उद्देश्य हो ।

यसरी मुलुक बाहिर उपन्यासले निम्न वर्गीय जीवनको आर्थिक दुरावस्था र यसले जन्माएका कष्टप्रद अवस्थालाई चित्रण गरेको छ । आफ्नो जन्मभूमिलाई छोडी अव्यवस्थित भएर बसेका भारतीय नेपाली नारीहरूको दिनचर्या अनि विभिन्न जाति जनजातिहरूको जीवनपद्धति, नेपाली सामाजिक संस्कार, संस्कृति, बोली र भाषाशैलीलाई कलात्मक ढङ्गले पस्तुत गर्नु नै यस उपन्यासको उद्देश्य हो । यस उपन्यासको उद्देश्य परिवेश अनुकूलको रहेको छ ।

परिच्छेद छ

# मूल्याङ्कन र शोध निष्कर्ष

## ६.१ मूल्याङ्कन

उपन्यासमा निश्चित स्थान विशेषको केवल स्थानीय रङ्गको चीत्रण मात्र नभएर त्यस क्षेत्रको वातावरण र परिवेश भाषा, चाल चलनका साथै पात्रहरूको भोगाइ, सोचाइ, जीवन भेषभूषा, संस्कृतिको चित्रण गरिएको हुन्छ (बराल, २०६४ : २८८-२८९) । **मुलुक बाहिर** उपन्यासमा नेपालको अरूण खोला वरपरको वातावण देखि दार्जिलिङ, दार्जिलिङ् आसपासका क्षेत्रको वातावरण र अन्तर्राष्ट्रिय परिवेश समेतको चर्चा गरिएको छ । वि.सं. २००४ साल पूर्वको ३०-३१ वर्षको समयावधि मुलुक बाहिर उपन्यासले ओगट्को छ । तत्कालीन समयमा नेपालमा जहाँनिया राणा शासनको जगजगीले निम्न वर्गीय नेपाली जनताहरू आर्थिक शोषणको मारमा परेर मुलुक बाहिरिने अवस्था थियो यही यथार्थलाई यस उपन्यासमा जीवन्त चित्रण गरिएको छ । यस उपन्यासका पात्रहरू निम्न वर्गीय अशिक्षित समाजका रहेका छन् । उनीहरूको जीवनको सोचाइ, भोगाइ, मुगलानको परिवेश अनुकूल रहेको छ । यसरी समाजमा रहेका निम्न वर्गीय जीवनको प्रस्तुति, तत्कालीन नेपाली समाजमा रहेका विविध पक्षहरूको चित्रण र विभिन्न नेपाली जाति, जनजातिको सङ्घर्षलाई यथार्थ चित्रण गरिएकाले प्रस्तुत उपन्यास सफल बन्न पुगेको छ । मुगलान (भारत) मा पनि नेपाली परिवेश अनुरूपका विषयवस्तु, चाल चलन, रीतिरिवाज, संस्कृति भाषा आदिको जीवन्त चित्रण यस उपन्यासमा पाइन्छ । यसरी बाङ्देलको मुलुक बाहिर उपन्यासमा प्रयुक्त परिवेशको अध्ययनबाट यो उपन्यासलाई सफल उपन्यासको रूपमा मुल्याङ्कन गर्न सकिन्छ ।

## ६.२ शोध निष्कर्ष

**मुलुक बाहिर** उपन्यासको परिवेशको अध्ययन शीर्षक शोधको निष्कर्ष यस प्रकार रहेका छ :

१. लैनसिंह बाङ्देलका **मुलुक बाहिर** (२००४), **माइतघर** (२००५), **लङ्गडाको साथी** (२००८), र **रेम्ब्रान्ट** गरी चार वटा उपन्यासहरू प्रकाशित छन् । मुलुक बाहिर उपन्यास मझौला आकारको पहिलो उपन्यास हो । १९२ पृष्ठको यो उपन्यास चार खण्ड र त्रिचालिस उपखण्डमा विभाजित छ ।

२. **मुलुक बाहिर** उपन्यासको मुख्य कार्यस्थल दार्जिलिङ्को घुम पहाड वरपरको स्थान हो । पूर्वी नेपालको अरूण खोला वरपरको स्थान, टिस्टा खोला वरपरको स्थान, घुम पहाड, सिलिगुडी, नक्सालबारी, आसाम, पञ्जाब, पाकिस्तान, अफगानिस्तान र बर्मा आदिको परिवेश सम्म यस उपन्यासले गति लिएको छ । यस उपन्यासको कालिक परिवेश वि.सं. २००७ साल पूर्वको ३०-३१ वर्षको समयावधि रहेको छ । यस उपन्यासको परिवेश विधान गर्दा तत्कालीन समयानुकूलका घटना र वातावरणका भएका कारण यथार्थको बोध गराएको छ ।

३. तत्कालीन नेपालको जहाँनियाँ राणा शासनकालीन दयनीय अवस्थाको परिणाम स्वरूप निम्नवर्गीय नेपाली जनताहरू मुगलान पस्न बाध्य भएको यथार्थ चित्रणका साथै नेपालीहरूको मुगलानको परिवेशमा रहेका सामाजिक, सांस्कृतिक, चालचलन, रहनसहन, चाडपर्व, संस्कृति, आदिको चर्चा यस उपन्यासमा गरिएको छ ।

४. **मुलुक बाहिर** उपन्यासको कथानक कुनै एउटा चरित्रको केन्द्रीयतामा मात्र नभए पनि कथानकसँग शृङ्खलित भई पूर्णता पाएको छ । यसको कथानक परिवेशसँग पूर्ण रूपमा सम्बन्धित देखिएको छ ।

५. जन्मथलो नेपालबाट काम र मामको खोजीमा प्रवासिएका निम्नवर्गीय पात्रहरू रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, दलबहादुरकी आमा, कान्छा राई, सेर्बा बुढा आदि मुगलानको वातावरणका सजीव चरित्रहरू हुन् । यी पात्रहरू तत्कालीन परिवेश र सङ्क्रमण कालीन मनस्थितिका उपज देखिन्छन् । निम्न वर्गीय आर्थिक स्थिति भएका कारण यिनीहरूमा विवेकको कमि देखिन्छ । यिनीहरूको जीवनमा सुखको मात्रा भन्दा बढी दुःखको मात्रा देखिन्छ । त्यसैले यसमा पात्र र परिवेशको घनिष्ट सम्बन्ध रहेको छ ।

६. दार्जिलिङ्को परिवेश अनुकूल कथानक, चरित्रहरू उनीहरूका संवाद, जीवन पद्धति, संस्कार आदिको सजीव चित्रण भई परिवेश प्रधान भएकाले मुलुक बाहिर उपन्यास सफल उपन्यास हो ।

७. व्यक्ति र समाजको संरचनामा अर्थतन्त्रको प्रमुख भूमिका रहेको हुन्छ भन्ने तथ्यलाई प्रष्ट पार्दै मानवीय दुर्बलता, क्रुरता र विषमताहरूको सत्य उद्घाटन गरिएकाले उपन्यास कलात्मक बन्न पुगेको छ ।

८. लैनसिंह बाङ्देलको मुलुक बाहिर उपन्यासले नेपाली उपन्यासको इतिहासमा पाश्चात्य शिल्प र संरचनालाई आत्मसात गरेर सामाजिक यथार्थवादको प्रवर्तन गर्न पुगेको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्ग राज (सम्पा.) (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश** (दो. सं.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

आचार्य, सुषमा (२०५८), **लैनसिंह बाङदेलका औपन्यासिक कृतिको मूल्याङ्कन,** काठमाडौ : आगम प्रिन्टर्स ।

घर्ती, दुर्गाबहादुर (२०५३), 'अनुराधा उपन्यासको कृतिपरक अध्ययन,' अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.ने.के.वि. ।

तिमसिना, डिल्लीराम र माधव भँडारी (२०१८), **हाम्रो साहित्य र साहित्यकार,** वाराणसी : नवसंगम प्रकाशन ।

थापा, मोहनहिमांशु (२०३६), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

दाहाल, मोहन पी. (२०५६), बाङ्देवका औपन्यासिक प्रवृत्तिहरूको पराकाष्ठा : लङ्गडाको साथी **रूपरेखा** (वर्ष २४, अङ्क १२) काठमाडौं : रुपायन प्रेस ।

दाहाल, खेम (२०५७), उपन्यास एक चर्चा, **कुञ्जिनी** (वर्ष ८, अङ्क ५) पृ. ६५-६६ ।

नेपाल, घनश्याम (सन् १९८७), **आख्यानका कुरा,** सिलिगुडी : नेपाली साहित्य प्रचार समिति ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३०), बाङदेलका उपन्यासहरू, **मधुपर्क** (वर्ष ६, अङ्क ७) पृ. ९५-९६ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार** (चौ. सं.), काठमाडौं : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास परमपरा : र पृष्ठभूमि,** दार्जिलिङ् : दीपा प्रकाशन ।

बराल, ईश्वर (२०५५), **नेपाली साहित्यकोश,** काठमाडौं : ने. रा. प्र. प्र. ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६४), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौं : साझा प्रकाशन ।

बर्मा, धीरेन्द्र र अरू (सम्पा.) (२०२०), **हिन्दी साहित्यकोश** (दो.सं.), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र** (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।

बाङदेल, लैनसिंह (२०६६), **मुलुक बाहिर** (तेह्रौं सं.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्द प्रसाद (२०३५), विश्लेषणात्मक सन्दर्भमा ‘मुलुक बाहिर’, **मधुपर्क**, (वर्ष, ११, अङ्क ११) काठमाडौं : पृ. ५५-५६ ।

भट्टराई, घटराज (२०२६), लैनसिंह बाङदेलको व्यक्ति र कृति, **मधुपर्क** (वर्ष १२, अङ्क २) काठमाडौं पृ. ४६-४७ ।

मल्ल, महेन्द्र कुमार (२०५३), ‘लैनसिंह बाङदेलका औपन्यासिक कृतिहरूको विश्लेषण’, अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि, ने.के.वि. ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : ने.रा.प्र. प्र. ।

शर्मा, डा. तारानाथ (२०३९), **नेपाली साहित्यको इतिहास** (दो. सं.), काठमाडौं : सङ्कल्प प्रकाशन ।

शर्मा, हीरामणि (२०६१), **समालोचनाको बाटोमा** (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।

सत्याल, यज्ञराज (२०१६), **नेपाली साहित्यको भूमिका,** काठमाडौं : प्रकाशन विभाग शिक्षा विकास योजना ।

सुवेदी, धनप्रसाद (२०५६), ‘नेपाली आञ्चलिक उपन्यासको ऐतिहासिक सर्वेक्षण’, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि, ने.के.वि. ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परमपरा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, विष्णुमाया (२०६५) ‘आगत उपन्यासको परिवेशको अध्ययन’, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि, ने.के.वि. ।

ज्ञवाली, सूर्यविक्रम (ई. १९४८), **मुलुक बाहिर परिचय,** दार्जिलिङ ।

## अङ्ग्रेजी पुस्तकहरू

Abram, M. H. **A Glossary of Literary Terms,** (Madras M Mac Millen India Limited 1978, Reprin ted 1993).

Elements of story (2012), Feburary, 26. htt//hrsbstaff. ednet. ns.ea/ enqrmja/ elements. html.

Forest, E.M. **Aspects of the Nevel**, Revised (England M Penguin Books Ltd. 1985).

Hudson, H.W. (1991) **An Antroduction to the study of Literature** (Colcutta. Radha Publishing House, New Impression Rest).